# प्राचीन नेपाल

# ANCIENT NEPAL

संख्या १७२ Number 172

फागुन २०६६ Feb. 2010

सम्पादक मण्डल

प्रधान सम्पादक

विष्णुराज कार्की

सम्पादक

श्यामसुन्दर राजवंशी

**Editorial Board**

Chief Editor

**Bishnu Raj Karki**

Editor

**Shyam Sunder Rajbamshi**

# विषय-सूची
# Contents

## अंग्रेजी खण्ड
## English Section

**Landscape Archaeology in Nepal: A Challenge**
*Dr. Shaphalya Amatya* ........................................ *1-5*

## नेपाली खण्ड
## Nepali Section

तिब्बतसँग सम्भाव्य युद्धमा नयाँ श्रीनाथ पल्टन सन्दर्भ
*डा. भवेश्वर पंगेनी* ........................................ ६-१४

नेपाली कलामा अर्द्धनारीश्वर शिव
*डा. सावित्री मैनाली* ........................................ १५-१९

गोष्ठी
*हरिराम जोशी* ........................................ २०-२२

नेपालमा शक संवतको अनमेलता
*श्यामसुन्दर राजवंशी* ........................................ २३-२८

कुम्भेश्वर परिसरमा रहेको मूर्तिहरु
*राजेन्द्र लाल श्रेष्ठ* ........................................ ३९-४८

Dr. Shaphalya Amatya

The archaeology of gardens and parks is a young topic, still in its pioneering phase even in Europe. The landscape archaeology is also known as total archaeology. The landscape archaeology is applied in the recovery of the story of an area of countryside using all possible techniques-surface scatters, field and other boundaries, standing buildings, as well as excavation. In this, the individual site has significance only as a component of the area in which it lies. The historic landscapes such as historic battle fields and historic parks and gardens, or undesignated zones that preserve important vernacular landscapes such as ancient field systems, woodland or indeed urban landscapes come under its domain. In Nepal no one has yet tried to study archaeology with this angle.

Lumbini, the birth place of Lord Buddha was a ***vana*** or a small forest or a *batika* or a garden. Archaeological excavations conducted at Lumbini and its' periphery since more than a century or since 1897 have not yet discover any traces of this ancient forest or the garden. Buddhist literatures have described Lumbini garden as an earthy paradise. The archaeologists both native and foreign have been taking interest only in finding structural remains and artifacts or material culture. They have neither thought nor tried to find out the remains of the ancient Lumbini garden. As a matter of fact, in Nepal the archaeologists have no knowledge in landscape archaeology.

Similarly at Tilaurakot and other archaeological sites of Lumbini and Kapilavastu the archaeologists have not given any thought to the landscape archaeology. Therefore in future Nepalese archaeologists should also try to study archaeology or conduct excavations keeping landscape archaeology also as one of their objectives.

We know very little about the tradition of garden in Nepalese architecture. Only a few inscriptions of the Lichchavi period have mentioned very little about gardens of those days. The earliest Lichchavi inscription has mentioned the word *Mul Batika Grama* meaning the village belongs to the main garden or the village situated in the main garden is dated Sambat 48 i.e. AD 624. It is placed at the temple of Chhinna Masta Devi near Patan Durbar. The second one is the inscription dated Sambat 137 i.e. AD 713 located at Chaysal tole, Patan in which the word *Puspa Batika Vihar* is mentioned meaning the monastery of Puspa Batika. It is very difficult to believe that the Lichchavi palaces like Managriha, Kailashkuta Bhawan, Bhadradibash, and Daksin Rajkula had no gardens. Numerous Lichchavi inscriptions and the Tang Annals have described the architectural grandeur of the Lichchavi palace Kailashkuta Bhawan but no body knows why they have not mentioned any thing about the gardens of this most beautiful palace. Excavation is the only means to prove any remains of ancient architecture of any civilization. But till today we could not yet trace the ruins of these ancient palaces even after concluding successfully some very important excavations in some parts of the Kathmandu valley.

We can presume that the Lichchavi tradition of garden continued during the medieval period. All the three Malla palaces of the Kathmandu valley have gardens known as Bhandarkhal Bagiacha or gardens. There are inscriptions to prove that the Malla kings of the valley continued the practice of donating lands to the temples for growing flowers and fruits or in other words for the development of gardens. An inscription standing at the temple of Bringareshwar Mahadev temple belonging to King Shiva Sing of Patan dated NS 734 (BS 1671) has mentioned that the king donated lands to cultivate fruits and flowers for Lord Mahadev. King Siddhi Nara Simha Malla's inscription of Patan Bhandarkhal stated that in NS 767 (BS 1704) the king constructed

pond, stone water spout and flower garden and donated them to his family deity. In NS 772 the court poet Kunu Sharma while describing the achievements of King Sri Niwas Malla in his famous work "Kirti Pataka" has described that in the pond of the *Pukhula Baigaicha* or the garden named Pukhula the yellow lotus flowers are blooming. In all sides of the pond different types of colorful flowers are growing. The water of the pond is very clear. Fish and tortoises are swimming. In one side there exists a stone spout. Different types of aquatic birds are playing in the pond like in Kailash Manasarobar.

In all the three Bhandar Khal gardens of the Kathmandu valley there exist ponds and water spouts. King Pratap Malla of Kathmandu had brought many beautiful stone sculptures big or small to decorate the Bhandarkhal garden of Hanuman Dhokha palace, the most noteworthy among them is the stone sculpture of Jalasayana Narayan or Lord Vishnu sleeping on the bed of serpent at a pond. But these ancient gardens are not in good condition. The ancient look or the original landscapes of these gardens have already been either destroyed or de-shaped. If we could revive these gardens in their original beauty or landscapes they will certainly increase the environment and importance of these old places. Their revivals will certainly help in adding the beauty of these ancient palaces.

The landscape archaeology of the Lichchavi and the Malla periods can be studied at Kathmandu Valley in three durbar squares of Kathmandu, Patan and Bhaktapur and some other minor places around the valley such as in Kirtipur, Thimi, Shakhu, Thankot and numerous such places outside the valley such as at Panauti, Nuwakot, Tistung, Palung, and Dolakha and so on. During the mediaeval period all these cities were walled cities with numerous gates. The walls of these fortified cities have vanished already but some gates and traces of them are still visible. With the help of these remains Bhaktapur has revived some gates and Patan city is trying to do so. It is said that Patan city was encircled by more than twenty one gates. Similarly Kantipur or Kathmandu city had also numbers of gates around thirty two in those days.

Outside the Kathmandu Valley there is even greater scope to study landscape archaeology. The Sena Palaces of Palpa and Makawanpur and numerous other large and small palaces of petty kingdoms of western and eastern Nepal, their forts and similar other structures and gardens have to be fully explored and studied archaeologically. For example here we should not forget the Rani Mahal of Palpa, also known as Taj Mahal of Nepal. Besides the dozens of forts in western and eastern Nepal which are unique in their architecture and style among them many have lost their originality could also be covered by landscape archaeology.

In ancient times popular and famous temples like Pasupatinath and Changu Narayan had their own flower gardens. The Bhandarkhal garden near Pasupati area and Bhatta Bari near the Changu village are still belonged to these temples. It seems that during those days apart from flower gardens in palaces and other place there existed two other types of gardens such as vegetable gardens and fruit gardens or orchards. The kings had vegetable gardens near the city or in the outskirts of town known as the Bishnumati Bari, the Bhagwati Bari, the Boudh Bari, and so on. Some of these gardens were growing vegetables till recently for the royalty. Similarly the ruling families also own orchards outside the valley such as at Pharping Bagicha or garden. Trisuli Bagicha, Sera Bagicha and so on. Because of negligence during the Shah Rana period these historical gardens have lost almost all their attractions and grandeur.

After the fall of Malla dynasty numerous palaces were built during the Shah period by the rulers and their courtiers. The Rana Prime Ministers built numerous palaces in the western style with beautiful gardens. But except one or two all these gardens with beautiful landscapes have been vanished today.

The contemporary historian H. Ambrose Oldfield says that Prime Minister Bhimsen Thapa had introduced European architecture in Nepal. His palaces at Chhauni, now housing the National Museum and the Bagh Durbar near Dharahara are now completely looked different. The beautiful gardens of these palaces have been dismantled and destroyed completely. It was a very sorrowful affair that immediately after his tragic death and also after the death of his nephew Prime Minister Mathbar Singh who also lived in Bagh Durbar except the main building the flower-gardens were neglected, the fish ponds were left uncared-for, the fountains were left dried and the whole area was soon turned into bushes. We do not have any information or any accounts about the gardens of the famous Thapathali Durbar of Prime Minister Jung Bahadur. But we can easily guess that if inside this palace there were facilities to see animal fighting and various animal games there should certainly be some

beautiful gardens as well. This palace area is now totally untraceable.

Among the brothers of Jung Bahadur, Bir Shumsher was a great builder. He constructed eight palaces for his sons and brothers. He constructed Narayanhiti Durbar for his brother Ranaudip Singh who later became Prime Minister, and his other palaces were Fohara Durbar, Seto Durbar, Lal Durbar, Char Burja or Bahadur Bhawan, Subarna Bhawan, Toran Bhawan and Ananda Niketan. All these palaces were decorated with beautiful gardens. Among them the gardens of Fohara Durbar, Lal Durbar and Seto Durbar were very famous. After Bir Shumsher his brother and Prime Minister Bhim Shumsher also constructed numerous palaces for himself and his wives. Bisal Nagar Durbar, Satya Bhawan, Tangal Durbar, Sita Bhawan, and Baluwatar Durbar or Subarna Mahal were prominent among them. His Bisal Nagar Durbar was once famous for its gardens, ponds, statues and trees. His palace Satya Bhawan was once famous for its orchids. At present only a part of the gardens of Subarna Mahal, where the central office of the National Bank of Nepal has its office can be seen.

Chandra Shumsher also built numerous palaces for example Sital Niewa, Lakshmi Niwas, Saha Mahal, Kaisher Mahal, Singha Durbar, Babar Mahal, Singha Mahal, Shree mahal, and Harihar Bhawan and so on. Luckily gardens in some of these palaces are still somewhat remained, for example parts of the gardens of Sital Niwas, Lakshmi Niwas, Singha Durbar, and Singha Mahal, are to some extent surviving. Resident offices and hotels are to be credited for it. The last builder among the Rana Prime Ministers was Juddha Shumsher. He constructed numerous palaces for his numerous wives and sons. Some prominent palaces among them are Kalimati Durbar, Ravi Bhawan, Shasi Bhawan, Narayan Bhawan, Min Bhawan, Kiran Bhawan, Surendra Bhawan, Nir Bhawan, Shanta Bhawan, Brikram Bhawan, Man Bhawan, and so on. Except in Kalimati Durbar, the garden of Ravi Bhawan, Min Bhawan, and Kiran Bhawan are not visible in their original state.

Hotel Shankar at Agni Bhawan, Hotel Yak and Yeti at Lal Durbar and foreign missions at Ravi Bhawan and some private owners are helping those Rana gardens to survive. New star hotels in the Kathmandu valley have also introduced new and modern garden culture. Love of garden is not only becoming a fashion but also a prestige issue these days in Nepal. Recently numerous nurseries and flower shops are opened and presenting a gift of flower bouquet is gaining popularity in the society of Kathmandu valley.

Those gardens that have been already wiped out from their original places can not be revived. But some native and expatriate garden lovers have revived the famous garden of Kaisher Mahal or the dream garden with the financial and technical assistance of the Government of Republic of Austria. The Kaisher Mahal dream garden had six seasons represented in flowers, trees and architectures. It was indeed a dream garden. This garden has received a new lease of life very recently. We are very hopeful that the revival of this garden will certainly open our eyes and inspire us to revive other historical gardens of Nepal with the help of the knowledge of landscape archaeology.

**References:**


1. Warwick Bray and David Trump, The Penguin Dictionary of Archaeology, Second Edition, 1982, Middlex, England.
2. Paul Everson and Tom Williamson, eds, The Archaeology of Landscape, Manacherter, 1998.
3. Dilip K. Chakrabarti, The Archaeology of Ancient Indian Cities, Oxford University Press, Delhi, 1995.
4. Dhanvajra Vajracharya, Licchavikalin Abhilekh, Tribhuwan University, Kirtipur, 2030 B.S.
5. Dhanvajra Vajracharya, Madhyakalin Abhilekh, Tribhuwan University, Kirtipur, 2056 B.S.
6. Shaphalya Amatya, Rana Rule in Nepal, Nirala Publications, New Delhi, 2004.
7. Adrian Sever, Nepal Under the Ranas, New Delhi, 1993.
8. Ishwari Prasad, The Life and Time of Maharaja Juddha Shumsher, JBR of Nepal, New Delhi, 1975.
9. Purusottam Shumsher JBR, Shree 3 Haruko Tathya Britanta (Bhag 1 & 2), Kathmandu, 2059 B.S.
10. Percval Landon, Nepal, Vols I & II, (Reprint), Ratna Pustak Bhandar, Kathmandu, 1976.
11. H. Ambrose Oldfield, Sketches from Nepal, (Reprint), Delhi, 1974.
12. N.R. Banerjee, Nepalese Architecture, Delhi, 1980.
13. Percy Brown, Picturesque Nepal (Reprint), New Delhi, 1984.
14. Shamsher Bahadur Thapa, Rananbir Singh Thapa, Jagadamba Prakasan, 2023 B.S.





Basantapur Durbar Square



Royal Garden, Patan Durbar


Bhandarkhal Garden, Hanumandhoka Royal Palace


Landscape of Lumbini

# तिब्बतसँग सम्भाव्य युद्धमा नयाँ श्रीनाथ पल्टन सन्दर्भ

डा. भवेश्वर पंगेनी

## परिचय

आधुनिक नेपालको सैनिक इतिहासका विभिन्न समयावधिमा नयाँ नयाँ पल्टनहरुको गठन गरिएको पाइन्छ। कम्पनी, कम्पु, गण, गुल्म, मिलिसियालगायत विभिन्न नामबाट गठन गरिएका यस्ता पल्टनहरुमध्ये 'नयाँ श्रीनाथ गुल्म' पनि एउटा थियो जुन रणबहादुर शाहको शासनकालमा गठन भएको हो । वि.सं. २०२१ सालदेखि यो नेपाली सेनाको अनाश्रित गुल्मको रुपमा कार्यरत रह्यो ।[१] पछि वि.सं. २०५८ माघ १२ मा नयाँ श्रीनाथलाई 'गण' मा परिणत गरिएको थियो ।[२] प्रस्तुत लेखमा नयाँ श्रीनाथ पल्टनको सामान्य परिचय दिँदै इलाम गौंडामा रहेको यो पल्टनको नामबाट तिब्वतसँग सम्भाव्य युद्धमा मालसामान, असबाबलगायत ढुवानीका लागि आवश्यक जनावरहरु तैनाथ राख्ने विषयमा सरकारलाई लेखिएको पत्रको चर्चा गरिएको छ ।

## नयाँ श्रीनाथ पल्टन गठन

राजा पृथ्वीनारायण शाहले आफ्नो विजयाभियानका क्रममा विदेशी सैन्य शक्तिहरु (गुर्गिन खाँ तथा क्याप्टेन किनलक) लाई पराजित गरेपछि श्रीनाथ लगायत ५ नयाँ सैनिक कम्पनीको गठन गरेको पाइन्छ । यसै सन्दर्भमा भाषावंशावलीमा यसप्रकार लेखिएको छ,[३]

> *"...वनिया राजा भागी हरिहरपुर गया । मकवानपुर गोर्षाको फत्य भयो सात सय चापवाला वन्दुक अरु षरषजाना हात लाग्यो र यसै सालमा श्रीनाथ वर्जवानी सुवुज गोरष कालिवक्स ५ कंपनी जमाई भैरविका स्थान्मा निसान् चढाउनु भयो"*
>
> *"...साना तोप् २ बम् १ वन्दुष ४/५ सय हात लाग्यो हाम्रो गोर्खाको फत्य भयो गुर्विषा (गुर्गिन खाँ ?) भाग्यो ताहिका वन्दुष आया पछि कंपनी जमाउनाको सुर गर्नु भयो"*
>
> *"... निदान्मा गोर्षाको फत्य भयो वंदुक धेरै असवाफ षजाना हात लाग्यो पल्टंको मुषत्यार हाडि साहेवलाई पनि घा लागी भागी गयो इनै वंदुकले सवुज वर्जवानि पुराना गोरष थप गरि वन्यो"*

यी कम्पनीहरुमध्ये श्रीनाथ वि.सं. १८१९ साल आश्विन शुक्ल ५ (यो दिन ई.सं. १७६२ अगस्त २३ परेको देखिन्छ[४]) का दिन नुवाकोटमा गठन गरिएको थियो ।[५] समग्रमा भारतको मुसलमान तथा अङगरेज सेनालाई पराजित गरी एकातिर बाह्य शक्तिलाई पनि पृथ्वीनारायण शाहले चुनौती दिएका थिए भने अर्कोतिर यसै सिलसिलामा आधुनिक ढङ्गका हतियार अर्थात बन्दुकको प्रयोग गर्ने पल्टन खडा गरी नेपाली सैनिक इतिहासमा नयाँ अध्याय शुरू गर्न पनि उनी सफल भएको देखिन्छ ।[६]

मुलुकको आवश्यकतानुसार सैन्यशक्ति बढाउँदै जाने क्रममा पृथ्वीनारायण शाहले नामकरण गरेको 'श्रीनाथ'

---

१ तुलसीराम वैद्य र अरू, *शाही नेपाली सैनिक निशानहरूको संक्षिप्त परिचय*, काठमडौः शाही नेपाली जङ्गी अड्डा, वि.सं. २०४७, पृ. १४० ।

२ तुलसीराम वैद्य र अरू, *नेपालको सैनिक इतिहास (भाग-२)*, काठमाडौंः नेपाली जङ्गी अड्डा, वि.सं. २०६५, पृ. २४३ ।

३ बाबुराम आचार्य, *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी (भाग-४)*, नेपालः श्री ५ महाराजाधिराजका प्रमुख संवाद सचिवालय, वि.सं. २०२६, पृ. ७२८ ।

४ त्रिरत्न मानन्धर (सम्पा), *डेट कन्भर्जन चार्ट विक्रम/क्रिस्चियन यराः १८०८-१९६३/१७५२-१९०६ एडी.*, कीर्तिपुरः सेन्टर फर नेपाल एन्ड एसियन स्टडिज, ई.सं. २००२, पृ. ११ ।

५ सिंहप्रताप शाह, *श्रीनाथ बटालियनको इतिहास (भाग-१)*, काठमाडौंः प्रकाशकको नाम अनुल्लिखित, वि.सं. २०१४, पृ. १ ।

६ धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, *शाहकालका अभिलेख (पहिलो भाग)*, काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०३७, पृ. ७०-७२, १००-१०१ ।

कै नामबाट राजा रणबहादुर शाहको कार्यकाल अन्तर्गत वि.सं. १८४२ साल साउन ७ गते (ई.सं. १७८५ जुलाई) मा 'नयाँ श्रीनाथ' नामबाट अर्को एउटा पल्टनको पनि गठन गरेको देखिन्छ । उल्लेख्य कुरा के पनि छ भने सोही दिन 'कालीदल' नाममा अर्को एउटा पल्टन पनि गठन गरिएको थियो ।[७] बहादुर शाहको नायवीकालसम्ममा मुलुकमा नयाँ श्रीनाथलगायत ४२ कम्पनीहरु भएको पाइन्छ ।[८] नियमित सेनालाई 'कुरुवा फौज' पनि भनिन्थ्यो । उनीहरुले किल्लाको सुरक्षा गर्नुपर्ने भएकाले उनीहरुलाई कुरुवा फौज भनिएको हो ।[९]

**सत्ता संघर्षमा नयाँ श्रीनाथ**

नावालक छोरा गीर्वाणयुद्धविक्रम शाहलाई राजगद्दि सुम्पेर 'निर्वाणानन्द' बनेका रणबहादुर शाहले रानी कान्तीवतीको मृत्युपछि राजकाजमा चासो लिएका थिए । उनको यो चासो काजी दामोदर पाँडेलाई सह्य थिएन । त्यसैले उनले बालक राजालाई लिएर राजधानी काठमाडौंबाट नुवाकोट पुगेका थिए । त्यतिमात्र नभएर त्यहींबाट राजाको नाममा शासन सञ्चालन सम्बन्धी निर्देशन जारी गराउने कार्यसमेत गर्न लागे । यस क्रियाकलापका विरुद्ध रणबहादुर शाहले राजधानीमा रहेका सैनिकलाई दामोदर पाँडेका विरुद्ध आफुलाई सघाउन निर्देशन जारी गरेको पाइन्छ । यसरी काजी दामोदर पाँडे तथा स्वामिमहाराज रणबहादुर शाहबीच भएको सत्तासंघर्षको क्रममा रणबहादुरपट्टि लागेका पाटनका प्रजालाई गीर्वाणयुद्धविक्रमको नाममा आफुलाई सघाउन दामोदर पाँडेले नुवाकोटबाट पत्र पठाएका थिए । खासगरी श्रीनाथलगायत सबुज, सर्वश्रीजङ्ग, गोरख, कालीदत्त कम्पनीका पगरी र सिपाहीलाई पनि 'पोलाहाको कुरा सुनी मलाई गिराउन नपस, धर्मपत्र बन्देजमा रही निमक सम्झी सबै ˆ लेर तुरुन्त नुवाकोट आउ' भनी बोलाईएको देखिन्छ ।[१०] ़र्कातर्फ नुवाकोटमा राजाको रक्षार्थ भनी दामोदर पाँडेको तैनाथीमा पुराना श्रीनाथ रहेको देखिन्छ । यो फौजलाई राजाको रक्षार्थ त्यहाँ लगिएको हुनुपर्दछ। राजा तथा राजपरिवारको निकटतम मानिने नुवाकोटमा तैनाथ यसका ज्मादारलगायत सम्पूर्ण सिपाहीको नाममा रणबहादुर शाहले वि.सं. १८५७ साल वैशाख वदि ११ रोज ७ (ई.सं. १८००) का दिन एउटा पत्र लेखेका थिए। पत्रमा दामोदर पाँडेलगायत पापी भारदारहरुले आफ्नो स्वार्थ पुरा गर्नका लागि श्री ५ महाराज (नावालक छोरा राजा गीर्वाणयुद्धविक्रम शाह) लाई जेजस्तो व्यवहार पनि गर्न सक्नेतर्फ सङ्केत गर्दै राजाको ढोकामा नै बसेर त्यसता क्रियाकलापका विरुद्ध प्रतिवाद गर्नका लागि निर्देशन दिइएको थियो । यहाँसम्म कि दामोदर पाँडेले कतै पठाए तापनि राजाको सुरक्षा गर्ने कार्य छाडेर कतै पनि नजानका लागि पत्र मार्फत निर्देशन दिइएको देखिन्छ ।[११]

हुनत जागिरदार, ढाक्रे, सिपाही अर्थात समस्त कर्मचारी र जनतालाई ढाल, तरवार, बन्दुकलगायतका हातहतियार लिएर सिपाही बाहेक ब्राह्मण, प्रजा, योगी, सन्यासी चार वर्ण छत्तीसै जातले कोदाला बञ्चरा लिएर वैशाखका १९ दिन जाँदा सहर पाटनमा पुग्न निर्देशन दिइएको थियो । सो दिन सो स्थानमा नपुगेमा अप्सरिया हुने कुरा पनि वि.सं. १८५७ साल वैशाख सुदि १ रोज ५ (ई.सं. १८००) का दिन लेखिएको पत्रमा उल्लेख गरिएको थियो ।[१२]

अर्कातिर नुवाकोटमा रहेका काजी दामोदर पाँडेले नावालक राजा गीर्वाणयुद्धविक्रम शाहका नाममा विभिन्न सैनिक कम्पनीहरुलाई यथाशक्य छिटो नुवाकोटमा पुग्नका लागि पत्रहरु जारी गरिएको पनि पाइन्छ । वि.सं. १८५७ साल वैशाख वदि १३ रोज २ (ई.सं. १८००) मा राजाको नामबाट नयाँ श्रीनाथ कम्पनीलगायतका नाममा रुक्का जारी गरिएको थियो । खासगरी कम्पनीका हुद्दा, सिपाहीलगायतलाई सम्बोधन गरिएका यस्ता रुक्कामा कुनै पोलाहाले भए नभएको कुरा लगाएर आफ्नो विरुद्ध कुरा लगाएको प्रसङ्ग उल्लेख गर्दै अर्काका कुरामा नलागि नूनको सोझो गर्दै यथाशक्य छिटो नुवाकोट पुग्नका लागि निर्देशन दिइएको देखिन्छ ।[१३]

यस सन्दर्भबाट सो घटनाका बखत राजदरबारसँग सम्बन्धित नयाँ तथा पुरानो गरी दुई वटा 'श्रीनाथ' कम्पनी रहेको देखिन्छ । रणबहादुर शाहले राजकाज तथा राजदरबार छाडी सन्यास ग्रहण गरेपछि उनको सुरक्षाका लागि 'नयाँ

७ वैद्य र अरू, *पाद टिप्पणी नं. १*, पृ. ३३७ ।
८ बि.आर. वज्राचार्य, *बहादुर शाहः द रिजेण्ट अफ नेपाल (१७८५-१७९४ ई.सं.)*, न्युदिल्लीः अनमोल पब्लिकेसन्स, ई.सं. १९९२, पृ. १६० ।
९ *ऐजन*, पृ. १६१ ।
१० ज्ञानमणि नेपाल, *नेपालको महाभारत (भण्डारखाल आदि पर्वसंग्रह)*, प्रकाशन स्थान अनुल्लिखित, साझा प्रकाशन, वि.सं. २०५०, पृ. ५०-५१ ।
११ योगी नरहरिनाथ, *इतिहासप्रकाशमा सन्धिपत्रसंग्रह (भाग-१*, दाङ्ः आध्यात्मिक सम्मेलन, वि.सं. २०२२, पृ. ३१ ।
१२ *ऐजन ।*
१३ चित्तरञ्जन नेपाली, *श्री ५ रणबहादुर शाह (व्यक्तित्व र शासनकाल)*, काठमाडौः श्रीमती मेरी राजभण्डारी, वि.सं. २०२०, पृ. ४४-४५ ।

श्रीनाथ' तथा नावालक राजाको सुरक्षाका लागि राजदरबारमा 'पुरानो श्रीनाथ' तैनाथ रहेको हुनु पर्दछ। त्यसैकारण दामोदर पाँडेले राजालाई राजदरबारबाट नुवाकोट लैजाँदा उनको सुरक्षामा तैनाथ पुरानो श्रीनाथ पनि सँगै नुवाकोट गएको हुनुपर्दछ । त्यस्तै रणबहादुर शाहका साथमा रहेका नयाँ श्रीनाथको नाममा नुवाकोट आउनका लागि त्यहीँबाट दामोदर पाँडेले पत्र लेखेको देखिन्छ ।

राजदरबारको प्रत्यक्ष सुरक्षामा संलग्न दुवै श्रीनाथहरुलाई दामोदर पाँडे तथा रणबहादुर शाहबीचको सत्ता संघर्षमा तान्ने प्रयास पनि भएको देखिन्छ । यस्तो अस्थिर राजनीतिक परिवेशमा पनि श्रीनाथ कम्पनीहरुले धैर्यताका साथ काम गर्नु मुलुकका निम्ति उदाहरणीय मानिन्छ। हुनतः यस्तो अप्ठेरो परिस्थिती धेरै दिनसम्म रहेन । आखिर वि.सं. १८५७ जेष्ठ वदि १ रोज १ (ई.सं. १८००) का दिन रणबहादुर शाह काशीतर्फ हिँडेकाले सम्भाव्य राजनीतिक सङ्कट तत्कालका लागि सकियो ।[१४]

**सरूवा प्रसङ्ग**

राणाकालको आरम्भमा नयाँ श्रीनाथ कम्पनी काला ढुङ्गामा तैनाथ भएको देखिन्छ। यसलाई वि.सं. १९०३ कार्तिक वदि १४ रोज १ को रुक्काद्वारा 'जोरायल गढी' मा सरुवा गरिएको थियो । जोरायल गढीमा रहेको रणसादल पल्टनलाई सम्भवतः राजधानीमा झिकाइएको थियो । त्यतिमात्र नभएर श्रीनाथ कम्पनी बसेको कालाढुङ्गामा श्रीरणभीम पल्टनको जम्मादारसमेत ३ पट्टीलाई खटाउने कुरासमेत रुक्कामा उल्लेख गरिएको छ । काजी जयबहादुर कुवर मार्फत भई नयाँ श्रीनाथ कम्पनीलाई खटाइएको सम्बन्धी रुक्कामा यसप्रकारको प्रसङ्ग उल्लेख छ,[१५]

> *"...श्रीनाथ १ श्रीरणसादल् .२ श्रीरणभीम् ३ आगे. नत्रां ...१...कंपनिका पगरि गैह्रप्रति...२... कंपनि ऊांहा झिकाईवक्साको छ ...२... कंपनि वस्याको जोरायल गढिमा तिमिहरु गै वस्नु. तिमिहरु वस्याको काला ढुंगामा ...३...पल्टंको ज्मादार स्मेत्को पट्टि ३ आउन्या छ. अघिदेषि चलि आयावमोजिम. गौडा गल्फाको उर्दि दि. ताहा रह्याको जगेरा षर्षजाना असवाप जोछ. त्यो सवै ...३...पल्टंका पट्टिलाई बुझाई. तिन्को रसिद लि. जोरायल गढिमा ग (गै?) वस. जोरायल गढिमा रह्याको जगेरा. असवाप षर्षजाना गैह्र जो छ. त्यो पनि वुझि लि वु. झ्या वमोजिमको रसिद दिन्या काम गर. इति सम्वत् १९०३ साल मिति. कार्तिक वदि १४ रोज १ ..."*

यसैगरी सम्भवतः काठमाडौंमा झिकाइएको पल्टन श्रीरणसादल (रणसार्दुल ?) तथा कालाढुङ्गामा जाने श्रीरणभीम पल्टनहरुलाई पनि आ-आफ्ना जिम्मामा रहेका जगेग. खर्खजाना, असवाप जेजति छन् सबै सम्बन्धितलाई बुझाएर तोकिएको स्थानमा जानका लागि रुक्कामार्फत निर्देशन दिइएको थियो ।[१६] यसको १८ वर्षपछि वि.सं. १९२१ जेठ महिनामा नयाँ श्रीनाथ कम्पनी काला ढुङ्गामा नै तथा नयाँ श्रीनाथ पल्टन इलाममा रहेको देखिन्छ। पाल्पाका कमाण्डिङ जनरल वद्रीनरसिंह कुवर राणाको नाममा लेखिएको तथा प्युठानमा रहेको तारादलदेखि बुटवलमा रहेको श्री भैरवदल कम्पनीसमेत जम्मा १७ ठाउँमा रहेका पल्टनको नाममा लेखिएको एउटा पत्रबाट सो स्पष्ट हुन्छ।[१७] त्यतिमात्र नभएर यो पल्टन वि.सं १९७४ मा इलाम गौंडामा रहेको देखिन्छ । त्यहाँ कार्यरत रहँदा यसले 'श्री नत्रा श्रीनाथ, इलाम गौंडा, १९७४' उल्लेख गरी एउटा छापसमेत बनाई प्रयोग गरेको पाइन्छ ।

**भोटसँग सम्भाव्य युद्धको तयारी**

भोटमा नेपाली व्यापारीका रुपमा रहेका ग्याल्बु शेर्पालाई नेपालकै व्यापारीहरुले वि.सं. १९८४ मा भोटको रैती भन्ने दावी गरी भोट सरकार समक्ष उजुर गरेका थिए। यसै उजुरीका आधारमा भोट सरकारले ग्याल्बुलाई आफ्नो रैती भएको घोषणा गरेको थियो । यसका विरुद्ध नेपाली वकिलले ग्याल्बुलाई नेपालको रैती भएको दावी गरे ।[१८]

---

[१४] ऐजन, पृ. ५५

[१५] नयाँ श्रीनाथ कम्पनीका पगरिलगायतलाई जोरायल गढीमा बस्न जाने बारेको काजी जयबहादुर कुवर मार्फत रहेको वि.सं. १९०३ कार्तिक वदि १४ रोज १ मा लेखिएको जैसिकोठा पोका नं. २७ मा रहेको रूक्का ।

[१६] रणभीम पल्टन तथा रणसादल पल्टनका पगरिलगायतलाई काजी जयबहादुर कुवर मार्फत वि.सं. १९०३ कार्तिक वदि १४ रोज १ मा लेखिएको जैसिकोठा पोका नं. २७ मा रहेको रूक्काहरू ।

[१७] पाल्पाका कमाण्डिङ जनरल वद्रीनरसिंह कुवर राणाको नाम तथा अन्य १४ स्थानमा रहेका पल्टनहरूलाई बोधार्थका रूपमा वि.सं. १९२१ ज्येष्ठ वदि ८ रोज १ का दिन लेखिएको जैसिकोठा पोका नं. २२ मा रहेको पत्र ।

[१८] तीर्थप्रसाद मिश्र, *नेपाल-भोट सम्बन्धमा ग्यालबु काण्ड (वि.सं. १९८४-८६)*, काठमाडौः वाँश मिश प्रकाशन, वि.सं. २०५३, पृ. ४३ ।

ग्याल्बुलाई दुवै देशहरुले आ-आफ्नो रैती भएको दावी गरेकाले यसले दुवैबीच असहज परिस्थिति सिर्जना गऱ्यो । यस घटनाका कारण दुवै देशबीच लगातार तीन वर्षसम्म पत्राचारहरु भए भने यसले विक्रमको बीसौं शताब्दीमा भोट तथा नेपालबीच पहिलो गम्भीर सङ्कट ल्याइ दियो ।[१९] भोटका सेनाले नेपाली वकिल अड्डामा पसी ग्याल्बु शेर्पालाई बलजफ्ति गिरफ्तार गरेको घटनाले नेपाल र नेपालीमा ठूलो उत्तेजना ल्यायो ।[२०] अन्तर्राष्ट्रिय नियमका विरुद्ध भोटेले नेपाली वकिल अड्डा (वर्तमानको राजदूतावास) भित्र प्रवेश गरी ग्याल्बुलाई गिरफ्तार गर्नु नेपाललाई युद्धको प्रत्यक्ष चुनौती भएको कुरा स्वभावैले नेपालले बुझेको थियो । यो समेतको घटनाबाट भोटेसँग युद्ध अवश्यम्भावी बन्न पुगेको थियो । त्यसैकारण यसका लागि प्रधानमन्त्री चन्द्रशमशेर आवश्यक तयारीमा जुटेका थिए । उनले युद्धको खर्चका लागि मुलुकीखानाबाट रु. २,५०,०००/- निकासा गराएका थिए ।[२१] त्यतिमात्र नभएर चौवीस पल्टनमा नयाँ भर्ना खोलियो । तिब्बत जाने नाका नाकामा ठुला तोप लैजान हुने पक्की सडक बनाउन कर्णेल डिल्लीजङ्ग थापा, कप्तान सूर्यजङ्ग थापा, मेजर कप्तान नृपजङ्ग राणालगायतका इन्जिनियरहरुलाई खटाइएको थियो । केरूङ्को बाटो मर्मत गर्न २,००० सिपाही खटिएको भनिन्छ । रसदको व्यवस्थापन तथा भण्डारणका लागि ठाउँ ठाउँमा धर्मभकारी र राजभकारी राख्ने काम भयो ।[२२] यसरी युद्धको तयारीमा लागेको सरकारले गौंडाहरुमा पनि आवश्यक तयारीका लागि निर्देशन दिएको देखिन्छ । यसै सन्दर्भमा भोट प्रवेश गर्ने नेपालको पूर्वी नाकाका रुपमा रहेको इलाम गौंडामा पनि यस सम्बन्धमा पत्राचार गरेको देखिन्छ । त्यहाँ सम्भवतः युद्धका लागि आवश्यक पर्ने खाद्यान्नलगायत सरसामान ढुवानी गर्न जनावरहरु जुटाउनका लागि समेत निर्देशन दिइएको थियो । यसैको तयारीपछि यस गौंडाले केन्द्रमा एउटा रिपोर्ट पठाएको देखिन्छ । उक्त रिपोर्टमा युद्धका सम्बन्धमा यसप्रकारको प्रसङ्ग परेको पाइन्छ,[२३]

> *"... उप्रांत भोट. सर्कारले अघीदेषी चली आयाका रीती थीती अहद लिन वरषीलाप गरी कांकारवाई गरेको हुदा नेपाल सरकार ले भोट. सर्कारसीत लडाई खोलनु पर्ने आवस्येक प्रर्ने आयाको हुनाले सो लडाईको माल असवाफ रसदस्मेत वोकने काम् लाई ट्रान्सपोर्ट चाहीने भयाको र ७७ सालको सेंसनमा लेषीयाको चौपायामध्ये ट्रासपोर्टको काम् दीने तेस जील्लाका ७७ सालका सेंसस वाट देषीयाको चौपाया जनवर सङ्ग जुन छछैन वुझीसो मध्ये वुडा वचा रोगी अर्थात जंको कां दीन नसकने वा हेक कां दीन सकने ककसका जिंमा तालुक भीत्र ककसको कती कती रहेछ सो हाजीरी लगत ली १ प्रती लगत् षडा गरी राषी र सो लगत भयाका चौपाया जनवार हरु सर्कारको काम् परी आयामा उर्दी भयाका वषत् उर्दी भयेको ठाउँमा हाजीर गराई ली अडामा नसाधी मोगलाना लाने छैनौं लगे जंगी अैन वमोजिंको सजाये सहुला भन्या मुचुलका लेषाई लीने..."*

• माथिको रिपोर्टबाट सरकारले युद्धको पूर्ण तयारी गरेको स्पष्ट हुन्छ । यसका अतिरिक्त खासगरी यातायातका लागि आवश्यक पर्ने घोडा, चौँरी तथा मासुका लागि चाहिने भेडा, बाखासमेतको तत्कालीन बजार अनुसारको मूल्य समेत उल्लेख भएको उक्त रिपोर्टमा देहायका उल्लेख्य सन्दर्भ परेका छन्,[२४]

- भोट सरकारले अघिदेखि चलिआएको अहद (सन्धि, सम्झौता, मिलाप)[२५] रिती स्थिती तथा सन्धीसम्झौता उल्लंघन गरी काम कारवाही गरेको हुनाले नेपाल सरकारले भोट सरकारसँग लडाई खोल्नु पर्ने आवश्यक पर्न आएको देखिन्छ ।
- त्यस सम्भाव्य लडाईंका क्रममा मालसामान, असबाब -मालमत्ता, सरसामान, खाद्यसामग्री, हतियार)[२६], खाद्यान्नलगायत बोक्नका लागि यातायातका साधनहरु आवश्यक हुने भयो ।
- सम्भवतः वि.सं. १९७७ सालमा सो क्षेत्र (इलाम गौंडा) मा सरकारले चौपायाको गणना गरी सो को लगत राखेको थियो । यो निर्देशनले उक्त रेकर्डअनुसारको

[१९] प्रेम आर. उप्रेती, *नेपाल-तिब्बत रिलेसन्स (१८५०-१९३०)*, काठमाडौंः पुगा नारा, ई.सं. १९८०, पृ. १४१ ।
[२०] मिश्र, *पाद टिप्पणी नं. १८, पृ. ५०* ।
[२१] *ऐजन*, पृ. ५७ ।
[२२] भीमबहादुर पाँडे, *त्यस बखतको नेपाल-राणाकालीन आखिरी तीन दशक (पहिलो भाग)*, काठमाडौंः लेखक स्वयम्, वि.सं. २०४४, पृ. २२३ ।
[२३] 'श्री नञा श्रीनाथ इलाम गौडा १९७४' उल्लेख भएको कालो छापा (स्याहा मोहर) पत्रको टाउकोमा लागेको सम्वत् १९८६ साल माघ २ गते ४ मा केन्द्रका लागि 'ईलाम् गौडाबाट चढायाको रीपोट' लेखिएको लेखकको संग्रहमा रहेको पत्र । बिस्तृत जानकारीका लागि यो पत्र परिशिष्टमा दिइएको छ ।
[२४] *ऐजन* ।
[२५] कृष्णप्रसाद पराजुली (सम्पा.), *नेपाली बृहत शब्दकोश*, काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०४०, पृ. ९७ ।
[२६] *ऐजन*, पृ. ९३

चौपायामध्ये यातायातको कार्यमा प्रयोग हुन सक्ने छन्-छैनन् सो को जानकारी सरकारलाई दिनु पर्ने देखिन्छ। त्यतिमात्र नभएर झण्डै एक दशक अगाडि गरिएको गणनामध्यका चौपायाहरुमा कतिपय बुढा, रोगी तथा भर्खर जन्मेका समेतले काम दिन नसक्ने हुन सक्दछ। त्यसैले पहिलेको गणना बमोजिम लडाईंका बखत काम दिन सक्ने मात्र जनावरको गणना गर्न भनिएको थियो। यस्ता सक्षम जनावरहरु जिल्लाका क-कसका तालुक - कसैको मातहतमा रहेको क्षेत्र वा इलाका, तैनाथ, कुनै जवाफदेही रहेका कुराको वास्ता, सरोकार)[२७] मा के कति संख्यामा रहेका छन् सो समेतको गणना गरी एक प्रति लगत राख्नु पर्ने भयो। यसका अतिरिक्त यस्ता चौपायाहरु सरकारको कामलाई आवश्यक परेका खण्डमा उर्दी भएको समयमा निर्दिष्ट स्थानमा पुऱ्याउनु पर्ने भयो। यी जनावरहरु जुनसुकै बखत पनि आवश्यक पर्न सक्ने भएकाले सरकारको सम्बन्धित अड्डा/तालुकदारसँग पूर्व स्वीकृति नलिई मोगलाना अर्थात भारतमा लैजान नपाइने कुरा पनि सरकारले जानकारी गराएको देखिन्छ। यसलाई बेवास्ता गरी कसैले भारतमा लगेका खण्डमा जङ्गी ऐन बमोजिम सजा हुने कुराको सूचना दिई सम्बन्धित व्यक्तिलाई सो व्यहोराको मुचुल्का लेखाइ लिनु पर्ने भयो।

- उपरोक्त लगतमा दर्ता भएका जनावरहरू खरिद गर्नु परेमा कुनलाई कति मूल्य पर्न जाने तथा आवश्यक परेमा आफ्ना ईलाकामा कतिसम्म खरिद गर्न सकिन्छ सो को जानकारी पनि तालुकदारहरुसँग राज्यले माग गरेको थियो।
- लगतमा उल्लेख गरिएका जनावरलाई भारी बोकाउनका लागि आवश्यक पर्ने काठी, साज (सवारीका निम्ति घोडा आदि सजाउने सामान-काठी, लगाम आदि)[२८] जनावर मालिकहरूसँग भए नभएको बुझ्ने, भएमा तिनबाट काम चल्न सक्ने-नसक्ने जाँची काम दिने भएमा आवश्यक परेका बखत हर्जा नहुने गरी सुरक्षित रूपमा राख्न लगाउने। यदि नभएमा वा बिग्रेका रहेछन् भने मरमत गरी हिफायजातसँग राख्न लगाउने। नयाँ बनाउनु पर्ने भएका खण्डमा कुन जनावरलाई कस्ता साजको आवश्यकता पर्दछ सोही माफिकका काठका साजहरु बनाउन समेत निर्देशन दिइएको थियो। यसरी नयाँ साजको निर्माण गर्नु पर्ने भएमा स्थानीय तहमा निर्माण सामग्रीको उपलब्धता, कारीगढको उपलब्धता तथा सोका लागि आवश्यक पर्ने रकमसमेतको विवरण खुलाएर जङ्गी अड्डा मार्फत सरकारमा जाहेर गर्नका लागि निर्देशन दिइएको देखिन्छ।
- माथि उल्लेख भए बमोजिम काम नगरी घटीवढी पारे/पारेको ठहरेका खण्डमा जङ्गी ऐन अनुसार जात अनुसारको सजाय हुने कुरा वि.सं. १९८६ साल कार्तिक ११ गते का दिन एउटा सनदद्वारा जानकारी दिइएको भन्ने पाइन्छ। त्यसैले इलाम जिल्लाका सबै सुव्वा, थरी, मुखिया, कर्ता, कारवारीलगायतलाई जम्मा गरी उल्लिखित बडापत्रको दफा दफामा लेखिएका कुराहरूका बारेमा जानकारी दिने काम गरिएको देखिन्छ। उक्त जानकारीबाट वि.सं. १९७७ सालमा जनावरको लगतअनुसारका कतिपय जनावरको मृत्यु भएको, कतिपय लुला-लंगडा-बुढा भई काम दिन नसक्ने भएकाले तिनलाई बाहेक राख्दा पहिलेको लगतमा फरक पर्न जाने कुरा बताइएको पाइन्छ। त्यसैले पुरानो लगतसमेतलाई आधार बनाई पुनः इलाम जिल्लाका विभिन्न इलाकाका जनावरहरूको यथार्थ विवरण लिइएको थियो। सो विवरणमा समावेश गरिएका आ-आफ्ना जिम्मामा भएका चौपाया जनावरहरु आवश्यक परेका बखत सरकारको उर्दी अनुसार निर्धारित स्थानमा सामेल गराउनका लागि त्यहाँका सुव्वा, थरी, कारोवारी, मुखिया, कर्तालगायतले मञ्जुरी दिएका थिए। यसै क्रममा उनीहरुले लगतमा चढाएका चौपाया सरकारको सम्बन्धित निकायको अनुमति बाहेक भोट वा मुगलान (भारत) मा नलैजाने वचनवद्धता पनि प्रकट गरेका थिए।
- इलाम गौँडामा भारी बोक्न सक्ने च्याँग्रा, भेडा तथा बाखा नपाइने कुरा समेत उक्त उपस्थितीमा सुब्बालगायतले स्थानीय प्रशासकलाई जानकारी गराएको देखिन्छ। त्यतिमात्र नभएर यस क्षेत्रमा केवल भारी बोक्नका लागि घोडा र चौरीमात्र पाइने तथा खसी, बोका, भेंडा र च्याँग्रा भने मासुका लागि मात्र भएको कुरा स्पष्ट पारिएको थियो। खसी, बोकालगायत जनावरको मासु धार्नी १ को कम्पनी रुपैयाँ १ पर्ने पनि स्पष्ट पारिएको थियो। त्यस्तै भारी बोक्ने चौपायालाई दाना घाँस तथा उसको रेखदेख-हेरचाह गर्ने सयेससमेत जनावर धनीले उपलब्ध गराउनु पर्ने देखिन्छ। यस क्षेत्रमा साहा-बेसाहा महंगो पर्ने तथा उक्त जनावर र सयससमेतलाई

प्रति दिन कम्पनी रुपैयाँ २ का दरले दिइने गाउँघरमा चलन चल्तिमा रहेको कुरा पनि उनीहरुले सरकारलाई जानकारी गराएका थिए । अर्थात भारी बोक्नका लागि जनताले सरकारलाई आफ्ना घोडा, चौंरी उपलब्ध गराउन सक्ने तथा सो बापत प्रति जनावर दैनिक कम्पनी रु. २ सरकारले दिनु पर्ने कुरा उनीहरुले बताएका थिए ।

- साज वाजका हकमा भने जसको जिम्मामा जति घोडासमेत भारी बोक्ने जनावर छन् त्यति नै काठी, साज वाज तयार गर्ने प्रतिबद्धता सुब्बालगायतको थियो । त्यतिमात्र नभएर सरकारले मागेका बखत आवश्यक साज वाज उपलब्ध गराउन नसके नियमानुसार दण्ड सजाय भोग्न तयार रहेको कुरा समेत उनीहरुको थियो ।
- यो अवसरमा सुब्बालगायतले भारी बोक्ने जनावरको मोलसमेतको सन्दर्भ उठाएका थिए । खासगरी उनीहरुले आफुसँग भएका भारी बोक्ने घोडा तथा चौंरीको मूल्य उल्लेख गरेको देखिन्छ । सो अनुसार तिनको मूल्य यसप्रकार देखिन्छ,

| | | |
|---|---|---|
| भोटे घोडा | १ के | कं. रु. १०० देषी ३०० सम्म |
| भारी बोकने टट्टु घोडा | १ के | कं. रु. ८० देषी १०० सम्म |
| ऐ घोडा | १ के | कं. रु. ६० देषी ८० सम्म |
| षचड् घोडा | १ के | कं. रु. ८० |
| चौरी गोटा | १ के | कं. रु. ५० |
| भेडा, बाख्रा, खसी, बोका-मासु धार्नि | १ के. | कं. रु. १ |

- यसरी आफ्ना तैनाथीमा रहेका भारी बोक्ने तथा मासु खाने जनावरहरुको ज्याला तथा मासुको मूल्यसमेत निर्धारण गरिसकेपछि सुब्बाहरुले निर्धारित मुल्य लिएर लगतअनुसारका जनावरहरु उपलब्ध गराउनका लागि सरकार समक्ष लिखत रुपमा कबुल गरेका थिए अर्थात मुचुल्का लेखि दिएको देखिन्छ । उक्त मुचुल्कामा अन्य कुराका अतिरिक्त आफ्नो मातहतका उक्त जनावरहरु सरकारको अनुमति बिना भारत एवम् तिब्बत नपठाउने भएका थिए । कथंकदाचित लुकी-छली कसैले मुलुक बाहिर निकासा गरे तथा सम्बन्धित भन्सारले दृष्टि नपुऱ्याएको कुरा इलाम गौंडाबाट चेक हुँदा देखिन आएका खण्डमा सम्बन्धितलाई जात अनुसारको सजाय गरिने कुरासमेत उक्त मुचुल्कामा उल्लेख गरिएको भन्ने पाइन्छ ।
- यही व्यहोराको कडा उर्दीको पूर्जी फालेलु मयांषोला भन्सार अड्डाका नाउँमा पठाइएको पाइन्छ । उपरोक्त तालुकदारहरुले लेखाएको चौपाया-जनावरहरुको संख्या तथा मूल्य यस प्रकार देखिन्छ,

**तपसील**

| असामी | जनावर चौपायाहरु | जनावर चौपायाको मोल् |
|---|---|---|
| घोडा ज्मा | २३७ | २०१६० |
| घोडी | ४३५ | ३३९६० |
| 'षचड् घोडा | २ | १६० |
| ऐ घोडी | - | - |
| चौरी गाई | ८ | ४०० |
| ऐ ऐ गोरु | - | - |
| भेडा थुमा | ८५० | ४९६० |
| ऐ भेडी | ३८२५ | २२३१४ |
| वाष्राको षसी वोका | २५०५ | १३७९२ |
| ऐ वाष्रा | ९१३१ | ४००९४ |
| च्यांग्रा | - | - |
| गदाहा | - | - |

लुलु (हिमाली भेगमा हुने सान्है सानो डालको चौरी गाई)[२९]

यहाँनेर उल्लेख्य कुरा के देखिन्छ भने माथिको विवरण तथा मुचुल्का इलाम गौंडाका ताल्लुकदार सबै सुब्बा, थरी मुखिया, कर्ता, कारवारीलगायतले दिएको आँकडा तथा जानकारीका आधारमा तयार गरिएको देखिन्छ । उक्त जानकारीलाई सम्भवतः गौंडाका तैनाथवाला कप्तान (?) योगविक्रम तथा निजको मातहतका कर्मचारी डिट्ठा इन्द्रनारायण तथा विचारी केदारसिं कार्की क्षेत्रीहरुले आफ्ना

२७ ऐजन, पृ. ९३ ।
२८ ऐजन, पृ. १३३० ।
२९ ऐजन, पृ. १३३० ।

तर्फबाट केन्द्रमा सिफारिस गरेको जस्तो देखिन्छ । उनीहरुले सम्भवत: सरकारको केन्द्रीय निकायका लागि आफ्नो राय दिने क्रममा भारी बोक्ने तथा मासुका लागि प्रयोग गरिने जनावरका सम्बन्धमा लेखेको देखिन्छ । त्यस्तै भारी बोक्ने काठी, साज-वाजका सम्बन्धमा पनि उनीहरुको भनाई रहेको पाइन्छ । उक्त भनाईहरु यसप्रकार देखिन्छ,[३०]

> *"... माथी लेषीया वमोजीमको चौपाया जनावारहरु तालुकदारको भनाईवाट षडै देषी पोता पनी सो जानवार चौपायहरु मध्ये कुनै मरी नपुग हुने संम्भव हुनाले लेषीयाका जानवार चौपाया लेषीयाकै परीवंदवाट केही घटी भया मात्र नभया लेषीयाको सवै षरीद गर्न सकछौं...*
>
> *...भारी वोकने काठी साज वाज भनेको याकल्का हकमा उस्तो ठुलो मीहनत् र ठूलो दाम प्रर्ने कुरा केही नवुझीयाको २/४ गोटा साना तीना काठ्फल्याक ज्मां भया तयार हुने बुझीयाको मा यती भारी वोकने जानवार अनुसार ठुलो सानु मीलाई वनाये मात्र भारी वोकने काम् चल्ने मंन्को अडलकल् ले साज वनाउदा ठुलो सानु हुन गै नमील्ने र सो चौरी घोडाको जानवारका धनीहरुले आफैले बनाउन कवोल् गरी माथी लेषीया वमोजीम कागत् लेषी दीयाको स्व जानवारहरु लाई भारी वोकानी ज्याला येज जील्लामा रोज १ को कं. रु. २ का दरले चलेको बुझींछ ..."*

**उपसंहार**

समग्रमा विभिन्न गौंडामा तैनाथ सैनिक पल्टनहरू आफ्नो नामबाट स्याहा मोहर नै प्रयोग गर्ने गरेको कु माथिको सामग्रीले पुष्टि गरेको छ । यस्ता सामग्रीमा गौंड प्रशासनको मोहर लगाइनु पर्ने जस्तो देखिए तापनि नय श्रीनाथको यो नौलो प्रसङ्ग जस्तो देखिन्छ । त्यस्तै भारतसंग जोडिएको गौंडाका रुपमा रहेको इलामको बजारमा भारतीय रुपैयाँ प्रयोग हुने कुरा पनि अर्को नौलो देखिन्छ। यसै सन्दर्भमा इलाम भनेको सामान्यतया पहाडी प्रदेश नै हो । त्यस्तै भोटसँग सम्भाव्य युद्धका बखत जनताबाट लिइने यातायातका साधन अर्थात घोडा, चौंरीहरु लिए बापत त्यसको मजदुरी तिर्नु पर्ने अर्को उल्लेख्य विषय देखिन्छ । मुलुकलाई सङ्कट परेका बखत जनताले बिना मूल्य सघाउनु पर्ने दायित्व भए तापनि सम्भवत: जनतालाई राहत दिने उद्देश्यले प्रधानमन्त्री चन्द्रशमशेरले उनीहरुलाई आर्थिक सहयोग दिने गरेको जस्तो देखिन्छ । ग्याल्बो घटनाले ल्याएको भोटसँगको सम्भाव्य युद्ध भने नयाँ प्रधानमन्त्री भीमशमशेरको कार्यकालको आरम्भ अर्थात वि.सं. १९८६ को हिउँदमा नै सम्झौताबाट समाप्त भयो ।[३१]


---

[३०] 'श्री नञा श्रीनाथ इलाम गौडा १९७४' उल्लेख भएको कालो छापा (स्याहा मोहर) पत्रको टाउकोमा लागेको सम्वत् १९८६ साल माघ २ गते ४ मा केन्द्रक लागि 'इलाम् गौडाबाट चढायाको रीपोट' लेखिएको लेखकको संग्रहमा रहेको पत्र ।


[३१] ग्याल्बो सङ्कटका कारण भोटसँग युद्धको तयारीमा जुटेका चन्द्रशमशेरको वि.सं. १९८६ मार्गमा मृत्यु भयो भने् उनीपछि भीमशमशेर मुलुकको प्रधानमन्त्री बनेका थिए ।

## परिशिष्ट


'श्री नत्रा श्रीनाथ इलाम गौडा १९७४' उल्लेख भएको कालो छापा (स्याहा मोहर) टाउकोमा लागेको सम्बत १९८६ साल माघ २ गते ४ मा केन्द्रका लागि 'ईलाम् गौडाबाट चढायाको रीपोट' लेखिएको पत्र




१ (क)



१ (ख)



१ (ग)



१ (घ)

# नेपाली कलामा अर्द्धनारीश्वर शिव

✍ डा. सावित्री मैनाली

अर्धनारीश्वरको शाब्दिक अर्थ आधा नारी स्वरुप सहितको इश्वर हुन्छ । अर्को वाक्यमा भन्नु पर्दा आधा नारी र आधा पुरुषरुपी एउटा सिङ्गो रुपनै अर्धनारीश्वर हो । वसन्तकुमार शर्मा 'नेपाल' द्वारा सम्पादित नेपाली शब्द सागरमा अर्धनारीश्वरको अर्थ उमामहेश्वर वा शिवशक्तिको संयुक्त रुप वा दायाँ शिव र वायाँ पार्वतीको युग्मरुप बताइएको छ ।[1] ऋग्वेदमा विराट विश्वका पिताको रुपमा द्यौ र माताको रुपमा पृथ्वीलाई कल्पना गरेर हामीलाई सुख सम्पत्ति अन्नादीले भरिपूर्ण गरिदेउ भनी प्रार्थना गरिएका श्लोकहरु पाइएका छन् ।[2] ऋग्वेदमै प्रत्येक स्त्री तथा पुरुष आधा अंग स्त्री र आधा अंग पुरुष हुन् भनिएको छ ।[3] यस अर्थमा ऋग्वैदिककालमा कल्पना गरिएका द्यावा र पृथ्वी (पुरुष र प्रकृति) वास्तवमा ब्रह्माण्ड सृजना गर्ने मूल तत्वहरु हुन् । यिनीहरु नै ब्रह्माण्ड सर्जक हुन् वा हिरण्यमय अण्डका २ भाग हुन् भन्ने मान्यता ऋग्वैदिक आर्यहरुमा रह्यो । त्यसै पृष्ठभूमिमा पछिल्लो समयका साहित्यकारहरुले पुरुष र प्रकृतिलाई अर्धनारीश्वरको रुपमा स्वीकारी उनीहरुलाई मूर्त रुपमा देखाउने काम गरे ।

प्रकृति र पुरुषको आधा-आधा शरीरको कल्पना गरी चित्रण गर्ने प्रचलन कहिले देखि शुरु भयो, यसको प्रमाण प्राप्त गर्नको लागि पौराणिक कालसम्म पुग्नु पर्ने हुन्छ । पुराणहरु मध्येको मार्कण्डेय पुराणमा शिव (रुद्र) र विष्णुलाई अर्धनारीश्वर रुपमा वर्णन गरिएको छ, जसमा प्रकृतिरुपी विष्णु र पुरुषरुपी शिवको एकीकृत रुप नै अर्धनारीश्वर रुप हो । यी दुई अभेद्य शक्ति हुन्[4] भनिएको छ । विष्णुपुराणमा पनि ब्रह्माले रुद्रलाई विभाजित भएर देखाउन अनुरोध गर्दा रुद्र आधा नारी र आधा पुरुषको रुपमा देखा परेको प्रसंग पाइन्छ । आर्य परम्परामा पनि ब्रह्म वा शिवलाई परम वीजतत्व (पुरुष) र उमालाई रजतत्व (प्रकृति) मानी, यी दुईको मिलनबाट नै ब्रह्माण्डको श्रृष्टि भएको मानिएको छ । अथर्व वेदमा त्वं स्त्रीं, त्वं पुनामसी, त्वं कुमार उत वा कुमारी भनिएको पाइन्छ ।[5] शिव र शक्तिको वीजतत्व र रजतत्वको मिलनबाट मात्रै सृष्टि संभव छ, तसर्थ यी दुई अभेद्य शक्ति हुन् भन्ने मान्यता अनुरुप नै अर्धनारीश्वरको कल्पना गरिएको हुनु पर्दछ । शंकराचार्यको सौन्दर्यलहरीमा जवसम्म शिव शक्तिसंग समाहित हुँदैनन् तवसम्म सृष्टिको त के कुरा हलचल गर्न समेत सक्तैनन् भनिएको छ ।

अर्धनारीश्वर शिवको रुप बारे शिव पुराणमा विभिन्न कथाहरु पाईन्छन् । कथामा ब्रह्मा आफुले प्रजापतिहरु सृष्टि गरी उनीहरुलाई अन्य विभिन्न प्राणीहरु सृष्टि गर्ने आदेश दिए । तर प्रजापति आफैबाट सृष्टिको काम नभएपछि उनले महेश्वरको आराधना गरे, सोही अनुरुप आधा नारी र आधा पुरुषरुपी अर्धनारीश्वर प्रकट भएको देखि नारी स्वरुपको महत्व थाहा पाएर ब्रम्हाले पुनः शक्ति (नारी) को आराधना गरेपछि मात्र सृष्टिको क्रम शुरु भएको प्रसंग आउँछ ।[6] अर्धनारीश्वर शिव बारे त्यस्तै अर्को आख्यान पाईन्छ जस अनुसार एक पटक शिव पार्वती कैलाश पर्वतमा बसिरहेको ठाउँमा देवता तथा ऋषिहरु पुगेर शिव-पार्वतीको परिक्रमा गरी उनीहरु प्रति आ-आफ्नो भक्तिभाव दर्शाए । तर तिनीहरुमध्येको भृङ्गी ऋषि भने शिवप्रति मात्र भक्तिभाव दर्शाउने प्रकृतिका थिए । सोही अनुरुप उनले शिवको मात्र

---

[1] *नेपाली शब्दसागर, सं. बसन्तकुमार शर्मा नेपाल, चावहिल, काठमाडौः भाभा पुस्तक भण्डार, २५८, पृ. ९१.*

[2] *६. ७०. ६ ऋग्वेद वेदानुरागी आचार्य गोपाल प्रसाद कौशिक - संपादक, मथुराः गगावुक डिपो, १९६९, पृ. ४०८-४०९*

[3] *१. ६४.१६ - ऋग्वेद*

[4] *टि.ए. गोपीनाथ राव, एलिमेण्टस् अफ् हिन्दु आइकोनोग्राफी, भो. २, दिल्लीः लो प्राइस पब्लिकेशनस्, १९९९, पृ. ५८-५९*

[5] *१०.८.२७ - अथर्ववेद*

[6] *राव, पूर्ववत्, पाद टिप्पणी नं. ४, पृ. ३२१-२२.*

परिक्रमा गरे । पार्वतीलाई भृङ्गी ऋषिले आफूप्रति गरेको अपहेलना सहन सकीनन् । तसर्थ रीसले भृङ्गी ऋषिलाई हेरिन् । क्रोधित मुद्रामा पार्वतीले भृङ्गीलाई हेर्दा भृङ्गीको शरीरको सम्पूर्ण मासु गलेर झर्‍यो, जसले गर्दा भृङ्गी उभिनै नसक्ने अवस्थामा पुगे । यस्तो स्थिति देखेपछि शिवले हत्तपत्त आफ्नो भक्तलाई तेश्रो खुट्टा प्रदान गरे । आफूप्रतिको शिवको मायाले गर्दा तेश्रो खुट्टा प्राप्त गरे पछि भृङ्गी खुशीले नाँच्न थाल्यो । शिवभक्त भृङ्गी प्रतिको आफ्नो सोचाईको प्रायश्चितको लागि पार्वतीले तपस्या गरिन् जसबाट शिवजी खुसी भएर अर्ध नारीश्वरको रुपमा शिव पार्वती देखा परे । आधा पुरुष र आधा नारीरुपी अर्धनारीश्वरलाई आफ्नो अगाडि पाउँदा पनि भृङ्गी आफू किराको रुप लिई शिवभागको मात्र प्रदक्षिणा गर्न थालेपछि शिवप्रतिको भृङ्गीको अगाध भक्तिभाव देखेर पार्वतीले उनलाई माफ गरिन् ।[७]

शिवपुराण बाहेक अंशुभेदागम, कामीकागम, सुप्रभेदागम, शिल्परत्न, कारणागम आदि प्रतिमाविज्ञान सम्बन्धी ग्रन्थमा पनि अर्धनारीश्वरको स्वरुप बारे उल्लेख गरिएको पाइन्छ, जसमा लेखिए अनुसार आधा नारी र आधा पुरुषको एक सग्लो तथा मिश्रित रुप अर्धनारीश्वर हो । त्यसको दायाँ तर्फको आधा भाग पुरुष शिव र बायाँ तर्फको आधा भाग स्त्री पार्वतीका रुपमा देखाइनु पर्दछ । आधा पुरुषतर्फको भागमा टाउकोमा जटामुकुट, अर्धचन्द्र रहनु पर्दछ । सोही भागको कानमा सर्पकुण्डल वा चक्र कुण्डल वा सामान्य कुण्डल हुनु पर्दछ साथै निधारमा तेश्रो आँखा बनाइनु पर्दछ । अर्धनारीश्वर दुई वा चार हातयुक्त हुनुपर्दछ । चार हात भएको अवस्थामा दायाँ तर्फका दुई हातमा एउटामा परशु र अर्को वरद मुद्रामा हुनुपर्दछ । दुई हात मात्र छन् भने दायाँ तर्फको हात वरद मुद्रामा हुनुपर्दछ । वस्त्रको हकमा शिवभागमा बाघको छाला जो घुँडामाथिको भागसम्म मात्र हुनु पर्दछ, साथै खरानी घसेको शरीरमा नागयज्ञोपवीत समेत हुनु पर्दछ । चार हातयुक्त अर्धनारीश्वर मूर्ति भएको अवस्थामा बायाँ तर्फका दुई हातमध्ये एक हात नन्दीको टाउकोमा र अर्को हात कटकहस्त मुद्रामा निलोत्पल लिएको देखाईनु पर्दछ वा तल झुण्डाईएको हुनु पर्दछ वा ऐना वा सुगा समातेको देखाइनु पर्दछ । गहनाहरुमा हार, केयूर वाला आदि हुनु पर्दछ । पार्वतीको वस्त्र गोलीगाँठासम्म पुग्ने रेशमको हुनु पर्दछ । यस प्रकार विभिन्न श्रोतहरुले अर्धनारीश्वर शिव रुपको महत्व, उनको स्वरुप आदि बारे चर्चा गरिएको पाइन्छ ।

भारतीय समाजमा अर्धनारीश्वर रुपी शिव पार्वतीका प्रशस्त मूर्तिहरु ढुङ्गा, धातु आदि विभिन्न माध्यममा निर्माण भएका उदाहरणहरु रावले आफ्नो पुस्तकमा प्रस्तुत गरेका छन् । तर नेपालमा यस्ता अर्धनारीश्वर शिवका मूर्तिहरु कहिले देखि निमार्ण हुन थाले, कुन समय देखिका प्राप्त भएका छन् र कहाँ कहाँबाट प्राप्त भएका छन्, यी सबैको विवरण एउटा छोटो लेखमा संभव नहुने भएकोले केही उल्लेख्य उदाहरणहरु मात्र यस लेखमा समावेश गरिने छन् जो निम्नानुसार छन् ।

**१. अर्धनारीश्वर शिव, राष्ट्रिय संग्रहालय, छाउनी**

नेपालमा पाइएका अर्धनारीश्वर शिवका थुप्रै मूर्तिहरुमध्ये मुखाकृति, मूर्ति निर्माणशैली, भेषभूषा आदि विभिन्न विशेषताहरुलाई नियालेर हेर्दा तुलनात्मक रुपमा प्राचीन मान्न सकिने एउटा ढुङ्गाको मूर्ति राष्ट्रिय संग्रहालय छाउनीमा रहेको छ । यो मूर्ति भोटाहिटी सब-वे निर्माणको क्रममा जमिन खन्दा फेला परेको भनी मोहनप्रसाद खनालले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् ।[८] मूर्तिमा अर्धनारीश्वर शिवका दुई हात मात्र देखिन्छन् । दुई हात मात्र रहेको मूर्तिमा दायाँ तर्फको शिव भागको हात केही कोप्रो परेको वरदमुद्रामा देखिन्छ । कोप्रो परेको वरदमुद्रा लिच्छविकालभन्दा अगाडिका मानिएका नेपाली मूर्तिकलामा पाइने विशेषताहरुमध्येको एक विशेषता हो ।[९] इशाको आरम्भिक तीन - चार शताब्दीभित्रका मान्न सकिने मूर्तिहरुमा यस्तै कोप्रो परेको वरदमुद्रा देखाइएको पाइन्छ । उदाहरणको रुपमा राष्ट्रिय नाचघर परिसरमा रहेको चतुर्व्यूहमूर्तिमध्येको ब्रह्माको मूर्तिमा देखाइएको कोप्रो परेको वरदमुद्रा, हाँडीगाउँ सत्यनारायण स्थानको चतुर्व्यूहविष्णुको मूर्तिमा देखाईएको कोप्रो परेको वरदमुद्रा सौगलटोल पाटनको हरिहरको मूर्तिमा देखाइएको वरदमुद्रा आदि थुप्रै प्राचीन मूर्तिहरुमा यस्तो कोप्रो परेको वरदमुद्रा देख्न सकिन्छ, जसलाई वाङ्देलले नेपाली कलाशैलीको मौलिक विशेषता भनेका छन् । यो विशेषता मल्लकालीन मूर्तिकलामा पाईदैंन ।[१०]

---

७ *राव, उही, पृ. ३२१-३२३*

८ *मोहन प्रसाद खनाल, नेपाली कला, ललितपुरः साझा प्रकासन, २०५२, पृ. २२०*

९ *लैनसिंह वाङ्देल, प्राचीन नेपाली मूर्तिकलाको इतिहास, काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३९, पृ. १३७*

१० *उही, पृ. १३८*

कोप्रो परेको वरदमुद्रा बाहेक यस मूर्तिमा देखिएको मुद्रा शरीर, छड्के श्रृङ्गारिक परिधान (वाङ्गदेलको शब्दमा नटुका) मोटा वाला तथा कल्लीको प्रयोग आदि लिच्छविकाल युगका मूर्तिकलामा पाइने विशेषताहरुसंग मेल खाने विशेषताहरु नै यस मूर्तिमा पनि देखिएका कारण यस मूर्तिलाई ईशाको तेश्रो-चौंथो शताब्दीको मूर्तिको श्रेणीमा नै राख्नु पर्ने हुन आउँछ। यस मूर्तिको वायाँतर्फको हातमा पनि राष्ट्रिय नाचघर नर्गिसरको चतुर्व्यूहमूर्ति मध्येको नारी (पार्वती) मूर्तिको हातमा लिएको ऐनासंग दुरुस्त मिल्ने कारिगरीपूर्ण ह्याण्डल सहितको ऐना समातेको देखिन्छ। यस अर्थमा, यस मूर्तिलाई नेपालमा आजसम्म प्राप्त अर्धनारीश्वरका मूर्तिहरुमा सर्व प्राचीन मान्नु पर्ने हुन्छ। मोहनप्रसाद खनालले भने यस मूर्तिलाई इशाको छैटौं शताब्दीको बताएका छन् ।[११]

## २. अर्धनारीश्वर शिव*, ब्रह्मा मन्दिर, पशुपति प्राङ्गण

पशुपतिनाथ मन्दिरको पश्चिम-उत्तर कुनामा रहेको ढुङ्गै ढुङ्गामा निर्मित शिखर शैलीको ब्रह्मा मन्दिरको नामले चिनिएको मन्दिरको बाहिरीभागमा चारैतर्फ ढुङ्गैमा विभिन्न देवी देवता (अग्नि, शिव, पार्वती) अर्धनारीश्वर शिव आदिका मूर्तिहरु कुँदिएका छन् । ब्रह्मा मन्दिर नामले परिचित यस मन्दिरको मूल गर्भगृहमा ब्रह्माको मूर्ति नभएर शिवको मूर्ति देखिन्छ । तर गर्भगृहमा जुन देवता वा देवीले स्थान प्राप्त गरेको हुन्छ सोही देवत्वको प्रतिमूर्ति तोरणमा कुदिंनु पर्ने परम्परागत मान्यता अनुरुप यस मन्दिरको पूर्वतर्फ रहेको प्रवेशद्वार माथिको तोरण भागमा भने ढुङ्गामा नै तीन टाउका तथा चार हात युक्त ब्रह्मा कुँदिएका छन् । संभवतः कुनै कारणवश गर्भगृहको मूल मूर्ति सो ठाउँमा नरहेपछि शिवलिङ्गले यस मन्दिरभित्र स्थान पायो होला । ढोकाको चौकोशकै रुपमा रहेको माथिल्लो पेटीको चौकोशको बीचभागमा (मन्दिर प्रवेशद्वारको ठिक माथि) कुदिंएको ब्रह्माको आकृतियुक्त चौकोशलाई त्यहाँबाट हटाउन नमिल्ने भएका कारण यस मन्दिरले ब्रह्मा मन्दिर नामक सम्बोधन आज सम्म पनि पाएको हुनुपर्दछ ।

यस मन्दिरको उत्तरतर्फको वाहिरी भित्तामा ढुङ्गाकै एउटा आकर्षक अर्धनारीश्वर शिवको मूर्ति रहेको छ। फूलवुट्टा युक्त पीठिका माथि समभङ्ग मुद्रामा उभिएको अर्धनारीश्वर शिवका चार हात प्रष्ट रुपमा देख्न सकिन्छ । दायाँतर्फका शिवका दुई हातमध्ये माथिल्लो हातमा अक्षमाला र तल्लोहात वरदमुद्रामा देखिन्छन् । मूर्तिको दायाँतर्फ अलग्गै चट्टाने पीठिकामाथि नन्दीलाई स्थान दिएको छ भने मूर्तिको वायांतर्फ वायां हातमा दण्ड लिएका कुमार पनि मयुरासनमा देखिन्छन् । मूल मूर्तिको वायाँ तर्फको नारी आकृतिको मुख पूर्ण रुपमा भग्न छ तर वायाँ तर्फको दुई हातमध्येको माथिल्लो हातले ऐना समातेको प्रष्ट संग देख्न सकिन्छ । तल्लो हात भग्न भएकाले प्रष्टसंग खुट्याउन सकिन्न । अर्धनारीश्वर मूर्तिको वायाँतर्फ अलग्गै पीठिकामाथि सिंहलाई स्थान दिएको छ जो भग्न छ। त्यसभन्दा केही माथि दुवै घुँडा मारेर बसेको नारी आकृति पनि त्यहाँ उत्कीर्ण गरिएको छ जो पार्वतीकी सेविका भएको अड्कल काट्न सकिन्छ। फलकको माथिल्लो भागमा दुवैतर्फ उडीरहेका बिद्याधरका आकृतिहरू पनि कुदिंएका छन् ।

मूल मूर्तिको दायाँभाग अर्थात् शिवभागमा गहनाको रुपमा दानेदार कुण्डल, केयूर तथा वाला देखिन्छन् भने पार्वतीतर्फको भागमा भने पुष्पकुण्डल, फूलवुटायुक्त केयूर र वाला देखिन्छ। वस्त्रको हकमा शिवभागतर्फ घुँडामाथिसम्मको व्याघ्रचर्म देखिन्छ। वायाँतर्फ गोलीगाँठासम्म पुगेको धोतीको प्रयोग गरिएको छ । अन्य अर्धनारीश्वरका मूर्तिको तुलनामा यस मूर्तिमा विद्याधर समेत उत्कीर्ण गरी पुष्पवृष्टि गराईरहेको देखाइएको छ, जसलाई यस मूर्तिकलाको मौलिक विशेषताको रुपमा लिन सकिन्छ । मूर्ति निर्माणमा देखिएका शैलीगत विशेषताहरुलाई ध्यान दिंदा ईशाको नवौं-दशौं शताब्दी ताकाको मूर्तिको श्रेणीमा यस मूर्तिलाई राख्न सकिन्छ। कृष्णदेवले यस मूर्तिको समय एघारौं शताब्दी तोकेका छन् ।[१२] साथै उनले यस मूर्तिलाई नेपालमा प्राप्त अर्धनारीश्वरमूर्तिमा पहिलो समेत भनेका छन् । तर राष्ट्रिय संग्रहालयस्थित अर्धनारीश्वर मूर्तिले कृष्णदेवको भनाइलाई खण्डन गरिसकेको छ ।

## ३. अर्धनारीश्वर शिव मूर्ति*, पशुपती प्राङ्गण

पशुपतिनाथ मन्दिर परिसरभित्रै पूर्व-उत्तर कुनामा ब्रह्माको मन्दिरबाट पूर्व भएर वासुकी मन्दिरतर्फ उक्लने सिंढीको (भऱ्याङ) दक्षिणीभागमा एक सानो देवलको उत्तरतर्फको बाहिरी भागमा ढुङ्गैमा अर्धनारीश्वर शिवको मूर्ति कुंदिएको छ। दोहोरो पद्मपीठमाथि समभङ्ग मुद्रामा उभिएको यस अर्धनारीश्वर मूर्तिको दायाँतर्फको दुई हातमध्ये माथिल्लोमा

---

* *पशुपति प्रागणभित्रको भएकाले फोटो यहाँ राख्न सम्भव भएन ।*

[११] *मोहन प्रसाद खनाल, पूर्वबत्, पाद टिप्पणी नं. ८, पृ. २२०*

[१२] *कृष्णदेव, इमेजेज् अफ नेपाल, न्यू दिल्ली: आर्कियोलोजिकल सर्भे अफ इण्डिया, १९८४, पृ. ११.*

वञ्चरोसहितको लामो डण्डीयुक्त त्रिशुल देखिन्छ भने तल्लो हात अक्षमाला सहित वरदमुद्रामा देखाइएकोछ । वायाँतर्फको माथिल्लो हातले ह्याण्डल सहितको लाम्चो आकारको ऐना समातेको छ भने तल्लो हातले तुम्बी लिएको देखिन्छ । मूर्तिमा देखिने गहनाहरुमा दायाँभागमा शीरमा जटामुकुट देखिन्छ । वायाँतर्फ निकै मेहेनत गरी बनाइएको कारिगरीपूर्ण केशसज्जा देखिन्छ । दायाँभागमा देखिएका गहनाहरुमा सर्पकुण्डल, केयूर र वालाले शिवलाई सजाएको छ भने वायाँतर्फ पुष्पकुण्डल, केयूर तथा वालाले उमा सजिएकी छिन् । मूर्तिमा जनैको प्रयोग समेत देखिन्छ जो उमा तर्फको कांधबाट झुण्डिएर शिवभागको तिघ्रासम्म छड्के पारी लगाएको छ । मूर्तिमा देवत्वको प्रतीक प्रभावली बनाउन पनि कलाकारले निकै मेहनत गरेको देखिन्छ । मूर्तिको दायाँ भागमा दुई भक्तले पनि स्थान पाएका छन् जो अलग्गै आसनमा बसेका छन् । दायाँ तर्फको भक्त दुवैखुट्टा भुँईमा टेकी टुक्रुक्क बसेको अवस्थामा अञ्जली मुद्रामा छन् भने वायाँ तर्फको भक्त भग्न अवस्थामा रहेको कारण उनको कृयाकलाप बारे स्पष्ट हुन सकिदैनन् । तर उनी घुँडा मारेर बसेको अवस्था भने खुट्याउन सकिन्छ । मूर्ति फलकको दायाँ वायाँ कारिगरीपूर्ण खम्बाहरु बनाई फलकलाई अझ आकर्षक बनाइएको छ । मूर्तिमा देखिने मुखाकृति, छिनेको कम्मर, अनुपातविहीन शरीर, आलंकारिक पहिरन आदि विशेषतातर्फ ध्यान दिंदा मल्लकालीन विशेषता बोकेको यो मूर्ति बाह्रौं-तेह्रौं शताब्दीताकाको हुनु पर्ने देखिन्छ ।

### ४. अर्धनारीश्वर शिव, सरस्वतीकुण्ड, लेले

पाटन जिल्लाको लेले गाउँ नजिकैको कुण्डमा अभिलेख सहितको एक अर्धनारीश्वरको मूर्ति रहेको छ । सो मूर्तिको पादपीठमा उल्लेख भए अनुसारको मिति AD 1611 को हो । AD 1611 ईशा अर्थात् सत्रौं शताब्दीको पूर्वार्द्धताकाको ढुङ्गामा निर्मित यस अर्धनारीश्वरको मूर्ति तलतिर कमलका पत्रदल फक्रिएको एकोहोरो पद्मपीठमाथि समभङ्ग मुद्रामा उभिएको छ । चार हात युक्त अर्धनारीश्वरको यस मूर्तिको दायाँतर्फको माथिल्लो हातले त्रिशुल समातेको छ भने तल्लो हात कलात्मक डाँठ सहितको पूर्ण रुपमा फक्रिएको कमलको फूलमा अड्याई वरदमुद्रा प्रदर्शन गरिएको अवस्थामा छ । वायाँतर्फको पार्वतीको माथिल्लो हातले ऐना समातेको छ । तल्लो हातमा डाँठ सहितको निलोत्पल लिएको देखिन्छ । दुवै तर्फका तल्ला हातहरु कलात्मक कमलको डाँठ सहितको पूर्णरुपमा फक्रिएको कमलपुष्प माथि अड्याइएका छन् । शरीरको माथिल्लो भागमा वस्त्रको प्रयोग देखिदैन । तल्लो भागमा वुट्टायुक्त धोतीको प्रयोग गरिएको छ । दायाँ तर्फको शिवभागको धोतीको लम्बाई घुँडामाथि सम्मको छ नत पिडौंलामा (गोलीगाँठा भन्दा केही माथिको भागमा भैरवको टाउकाको आकृतियुक्त नुपुरको प्रयोग गरिएको छ । वायाँतर्फको पार्वतीको धोती झण्डै गोलीगाँठासम्मै लामो छ तापनि यस भागमा शिवको भन्दा फरक डिजाईनको नुपुरको प्रयोग गरिएको छ । यस मूर्तिमा धोतीको वुट्टा तथा कम्मरवन्ध बनाउन कलाकारले निकै समय खर्चेको प्रष्ट रुपमा देख्न सकिन्छ । यस मूर्तिमा प्रयुक्त गहनाहरुमा दायाँ कानमा सूर्यकुण्डल देखिन्छ भने वायाँ तर्फको कानमा गोलो तथा नाङ्लो आकारको चलनचल्तीको भाषामा च्याप्टे सुन (जो हिजो आज पनि पूर्वी नेपालमा राई लिम्बु जातीले प्रयोग गर्ने गरेको पाईन्छ) । घाँटीमा तीन तहको दानेदार माला फूलवुट्टे केयूर लगायत शीरमा कलात्मक मुकुट पहिरीएको देखिन्छ । यति मात्र नभै निधारमा तेश्रो आँखा लगायत शिव भागमा लाम्चो अर्धउन्मिलन आँखा, चुच्चे नाक केही मंगोलपन मिसिएको मुखाकृति, जनैको प्रयोग, अनावश्यक रुपमा छिनेको कम्मर आदि विशेषतायुक्त यो मूर्तिलाई उत्तरमल्लकालीन मूर्तिकलाको ज्वलन्त उदाहरणको रुपमा लिन सकिन्छ । अझ यस मूर्ति फलकमा देखिने फलक तथा प्रभावलीको वरीपरी देखिएको दोहोरो पत्रयुक्त किनारा तथा वस्त्रको ढाँचाले उत्तरमल्लकालीन मूर्तिकलामा देखा परेको नौलो किसिमको श्रृङ्गारिकतालाई उजागर गरेको मान्नुपर्दछ । यति हुँदा-हुँदै पनि कलाकारले मूर्तिलाई अशोभनीय हुनबाट पूर्णरुपमा जोगाएका छन् जसलाई यस मूर्तिको मौलिक विशेषताको रुपमा लिन सकिन्छ ।

माथि उल्लेखित अर्धनारीश्वर शिव मूर्तिका उदाहरणहरुले नेपालका सम्पूर्ण अर्धनारीश्वर मूर्तिको प्रतिनिधित्व निश्चित रुपमा गर्दैनन् । तर पनि तत्-तत् समयका मूर्तिकलाको विशेषतालाई थोर-धोर मात्रामा उजागर गर्न उपरोक्त उदाहरणहरु सहायक सिद्ध हुने कुरामा विश्वास गर्नु अत्युक्ति हुने छैन ।


अर्धनारीश्वर शिव, राष्ट्रिय संग्रहालय, छाउनी *(फोटो सौजन्य, राष्ट्रिय*


अर्धनारीश्वर शिव, सरस्वती कुण्ड, लेले *(फोटो सौजन्य, पुरातत्त्व विभाग)*

# गोष्ठी

✍ हरिराम जोशी

प्राचीनकालमा लौकिक जीवनसित सम्बन्धित विभिन्न सामाजिक, साँस्कृतिक, शैक्षिक, आर्थिक, राजनैतिक एवं धार्मिक आदि विषयहरुको उन्नति एवं राम्रो सम्वर्द्धनद्वारा देशको सर्वाङ्गिण विकासको लागि वर्तमानयुगमा स्थापना गरिएका भिन्न-भिन्न विषयसित सम्वन्ध राख्ने संघ, संस्थाहरुको अनुरुप तत्समय गोष्ठीहरु स्थापना गरिएका थिए । मनोरञ्जन र विचार विमर्श आदिको लागि जसै मानिसहरु एक ठाउँमा सम्मिलित हुन्छन् त्यसलाई गोष्ठीको संज्ञा प्रदत्त छ । डा. वासुदेव शरण अग्रवालका अनुसार गोष्ठीहरु प्राचीन युगमा अर्वाचीन क्लबकै अनुरुप थिए । यी गोष्ठीहरुद्वारा मानिसहरु अनेक प्रकारले मनोविनोद गर्दथे । गोष्ठीहरुमा विदग्ध अर्थात् बुद्धिचतुर एवं बातचितमा निपुण व्यक्तिहरुको जमघत ज्यादै हुन्थ्यो । विद्या, धन, शील, बुद्धि औ आयुमा मिल्दोजुल्दो व्यक्तिहरुको कुराकानी साथ एक ठाउँमा जम्मा हुनुलाई नै गोष्ठी भन्ने गरिएको छ ।

"समानविद्याचित्तशीलबुद्धिवयसामानुरुपैशलापै-रेकत्रासनबन्धो गोष्ठी ।" वात्स्यायनका अनुसार असल र खराव गरी दुई प्रकारका गोष्ठीहरु हुन्थे - एक मनमा असल खराव जस्तो आयो त्यस्तै गर्ने व्यक्तिहरुको जसमा जुआ, हिंसाका काम आदि पनि शामिल थिए (लोकविद्विष्टा परहिंसात्मिका गोष्ठी) औ दोश्रो असल व्यक्तिहरुको (लोकचित्तानुवर्त्तिनी) जसमा खेल र विद्याका मनोरञ्जन प्रधान थिए (क्रीडामात्रैककार्या) । (हेर्नूस् - वात्स्यायन कृत कामसूत्रम् कृष्णदास अकादमी, वाराणसी, १९९७ ई.सन्, पृ. १९५) गुप्तयुग तथा त्यस पछिका गोष्ठीहरुको तुलना मौर्य सम्राट अशोककालीन समाजसित गर्न सकिन्छ । अशोकले खराब समाजहरुको निराकरण गरी असल नीतिप्रधान समाजलाई प्रोत्साहन दिएका थिए ।

गोष्ठीहरु अनेकौं प्रकारका थिए, यथा पदगोष्ठी, काव्यगोष्ठी, जल्पगोष्ठी, गीतगोष्ठी आदि । नृत्य, गीत, वाद्य, चित्र आदि कलाहरु, काव्य र कहानीहरु यी गोष्ठीहरुका विषय थिए । महाकवि वाणले विद्या गोष्ठीको विशेष उल्लेख गरेको छ । 'निरवद्या विद्यागोष्ठीः भावयन् ।' तिनीहरुमध्ये पदगोष्ठी, काव्यगोष्ठी, औ जल्पगोष्ठी विद्यागोष्ठीकै भेद रहेको देखिन्छ । हर्षका मनोविनोदहरुको वर्णन गर्दै वाणले वीर गोष्ठीको उल्लेख गरेको छ। 'वीरगोष्ठीषु अनुरागसन्देशमिव रणश्रियःश्रृण्वन्तम् (७१) ।'

## विभिन्न गोष्ठीहरुको वारे यहाँ निम्नलिखित रुपले वर्णन गरिन्छ :

### १. राजनैतिक गोष्ठीहरू:

राजनैतिक गोष्ठीहरुको उद्देश्य कुनै राजनैतिक समस्यामाथि विचार गर्नु हुन्थ्यो । वेनको मृत्यूपछि सरस्वतीको तटमा मुनिहरुद्वारा अराजकताको समस्यामाथि विचार गरेका थिए । चोर तथा डाकुहरुको उपद्रवलाई देखेर तिनीहरुले अराजकतालाई दूरगर्ने उपायस्वरुप वेनको शरीर मन्थन गर्ने निश्चय गरे (हेर्नुस् - श्रीमद्भागवतमहापुराण, ४।१४।३६-३८) । यस्तै पृथु वृत्तान्तको अन्तर्गत राजा एवं प्रजाका गोष्ठीको संकेत प्राप्त हुन्छ ।) अकालको संकट आइपर्दा प्रजाले गई महाराज पृथुसित निवेदन गरेको कुरा श्रीमद्भागवतपुराण ४.१७ मा वर्णित छ । यस्तै राजा कुनै संकटमा पर्दा मन्त्री एवं सर्वसाधारणसित विचार-विमर्श गर्दथे । नेपाल मण्डल कान्तिपुरका राजा जयप्रकाश मल्ल भक्तपुर नरेश रणजित मल्ल कहाँ शरणलिन जाँदा उनले जनतासित सल्लाहगरी शरण दिएका थिए ।

### २. मनोविनोद गोष्ठीहरू:

मनोरञ्जनको लागि पनि अनेक प्रकारका गोष्ठीहरु हुन्थे । मनोरञ्जनको उद्देश्यले गठन गरिएका गोष्ठीहरुको वारे उल्लेखहरु पाइएका छन्, तिनीहरुमध्ये केही यी हुन् :

**क) अक्षगोष्ठी** – द्यूत क्रीडा मनोरञ्जनको लोकप्रिय साधन थियो । यसर्थ द्यूतक्रीडाको लागि अक्षगोष्ठीहरु हुने गर्दथ्यो ।

श्री कृष्णद्वारापनि अक्षगोष्ठीमा द्यूतक्रीडा गरेको कुरा श्रीमदभागवतपुराण १०.६६.३६ मा वर्णित छ। रुक्मिणीका भाईको वध पनि बलरामद्वारा अक्षगोष्ठीमै गरिएको थियो।

ख) **मल्लयुद्वगोष्ठी –** कुश्ती पनि पहिले-पहिले आमोदप्रमोदको प्रमुख साधन थियो। मनोरञ्जनार्थ अनेकौं अवसरहरुमा मल्लयुद्धगोष्ठीहरुको आयोजना गरिन्थ्यो । यस्ता गोष्ठीहरुमा स्त्री पुरुष सबै एकत्रित हुन्थे। कंशले धनुष यज्ञको अवसरमा कृष्णलाई मार्ने इच्छाले मल्लयुद्धको आयोजना गरे (भा.पु. १०.४२.३२-३८) उत्तरप्राचीनकालीन संवत् ५२६ को लेलेको अभिलेखमा मल्लयुद्धगोष्ठीको उल्लेख आएकोलाई यहाँ उपर्युक्त यथार्थताकै सन्दर्भ लिन सकिन्छ।

ग) **वादित्र गोष्ठी –** अनेक प्रकारका वाद्य-वादनद्वारा मनोरञ्जनको लागि आयोजित गोष्ठी वादित्र गोष्ठी भनिन्थ्यो। गोष्ठीहरुको अन्तर्गत भागवतपुराण ११.११.३६ मा वादित्र गोष्ठीको पनि उल्लेख प्राप्त हुन्छ। उपर्युक्त लेलेको अभिलेखमा पनि प्रस्तुत वादित्र गोष्ठीबारे उल्लेख भएको छ।

घ) **गीत गोष्ठी –** गोष्ठीहरुको अन्तर्गत गीत गोष्ठीको पनि गणना गरिएको छ। (भा.पु. ११.११.३६) यस प्रकारका गोष्ठीहरुमा गायन श्रवणको लागि मानिसहरु एकत्रित हुन्थे। कीर्तन आदिमा सामूहिक गायन पनि हुन्थ्यो। मल्ल कालका अभिलेखहरुमा बुद्धगीत गोष्ठीको उल्लेख धेरै ठाउँमा उल्लेख आउँछ।

ङ) **नात्थ्य गोष्ठी –** नात्य, गीत, वाद्य औ अभिनय आदिको उन्नतिकोलागि प्रस्तुत गोष्ठीको माध्यमद्वारा प्रयास गरिएको पाइन्छ। उपर्युक्त लेलेको अभिलेखमा नाट्य गोष्ठीको उल्लेख पाइएबाट यो कुरोको यथार्थता स्पष्टिन्छ। भागवत पुराणमा नृत्य गोष्ठीको लागि ताण्डव गोष्ठी शब्दको प्रयोग गरिएको छ। मन्दिरहरुमा पनि नृत्य गोष्ठीहरुको आयोजन गरिन्थ्यो। अनेकौं प्रसंगहरुमा वेश्याहरुको पनि उल्लेख प्राप्त हुन्छ। यी वेश्याहरु पनि नृत्यगोष्ठीहरुमा भाग लिने कुरा भागवतपुराण ९.२३.९ मा वर्णित छ। अर्को देवदासी प्रथाको प्रारुप ख्रिष्टाव्द पूर्वदेखिनै भइसकेको औ देवदासीहरु देवस्थलहरुमा गीत, नृत्यबाट श्रद्धालु भक्तजनहरुलाई सानन्द प्रदान गर्ने अभिप्रायले देवदासी प्रथाको अभ्युदय भएको थियो। ११ औ शताब्दी ई मा कल्हण रचित राजतरङ्गिणी, चतुर्थस्तरङ्ग, श्लोक २६९-२७० को अध्ययन उक्त कुरोको पुष्टिकालागि सहायक स्वरुप छ।

"तमूचतुष्टे नर्तक्यावावां देवगृहाश्रिते।
यः शूरवर्धमानोऽयं ग्रामस्तत्रावयोगृहम् ॥ २६९॥
इहत्यजीवनभुजां मातृणामुपदेशत।
अस्मत्कुलेन नियतं नृत्तमत्र विधीयते ॥२७०॥"
- राजतरङ्गिणी, चतुर्थस्तरङ्ग

### ३. सामाजिक एवं सार्वजनीन गोष्ठीहरू

प्राचीन कालमा मानिसहरुको सामाजिक एवं सार्वजनीन जनजीवनको समुन्नतिको लागि अनेक गोष्ठीहरुको निर्माण गरिएको देखिन्छ। देशको चतुर्दिक उन्नतिको लागि यातायातको विकास अनिवार्य भएकोले त्यसको उन्नतिको लागि प्रवहण गोष्ठीको स्थापना गरिएको थियो। उपर्युक्त लेलेको अभिलेखले यस यथार्थतातिर पनि स्पष्टरुपले इङ्गित गरेको छ। अर्को, उत्तर प्राचीनकालीन वैश्रवण अभिलेख अंकित एक प्रकारको मुद्रामा बाछालाई दुध चुसाइराखेकी गाई शिलामा काठको पुलमाथि उभिराखेको देखाइएको छ। यस आकृतिको उत्कीर्णनले उत्तर प्राचीनकालमा यातायातको सुविधाकोलागि पुलहरु निर्माण गर्ने परम्परा प्रचलित रहेको विदित हुन्छ। अनुमानित आठौं शताब्दी ई को पशुपति अभिलेख अंकित एक प्रकारको मुद्रामा पनि शिला या काठको फल्याकमाथि उभिरहेको साँढिको आकृति देखिएबाट उपर्युक्त तर्कको पुष्टि हुन्छ।

तिर्खाले अत्तालिएका मानिसहरुलाई पानी ख्वाउने व्यवस्था मिलाउनको लागि पानीय गोष्ठीहरु प्राचीनकालमा बनाइएको कुरा उपर्युक्त लेलेको अभिलेखको स्पष्टतः इङ्गित गरेको छ। अहिले सम्म पनि ठूला-ठूला जात्राहरुमा पानी बोकेर ल्याई तृष्णाले आकुल भइराखेका मानिसहरुलाई पानी ख्वाउने दृश्यहरु देख्न सकिन्छ। अर्को, दुनियाँलाई स्थाई रुपले पानी ख्वाउने व्यवस्था गर्न ठाउँ-ठाउँमा ढुङ्गेधारा, जलधेनु आदि पनि निर्मित थियो। यसको लागि उक्त समय प्रणाली गोष्ठीको स्थापना गरिएको कुरा माथिको लेलेको अभिलेखमैं वर्णित छ। आभिलेखिक साक्ष्य अनुसार उत्तर प्राचीनकालीन ढुङ्गेधाराहरुमध्ये काठमाडौं भोटाहिटी छेऊ टुण्डिखेलको न्हयधाहिटी सर्वप्राचीन भएको देखिन्छ। प्रस्तुत न्हयधाहिटी उत्तरप्राचीनकालीन सातौं शताब्दी ई. को रहेको कुरा उक्त धाराको ढुङ्गेडूंडमा उत्कीर्ण अभिलेखले पुष्टि गरेको छ। त्यस्तै जलधेनुहरुमध्ये सर्वप्राचीन जलधेनु ललितपुर मङ्गलबजार स्थित ढुङ्गे धाराको जलद्रोणी रहेको कुरा उक्त जलधेनुमा उत्कीर्ण ॐ संवत् माता अर्थात् नेपाल संवत १० उत्कीर्ण

अभिलेखले इङ्गित गरेको छ । जलधेनुहरुको सञ्चालन कार्य तत्तत् स्थानका निवासीहरुको गोष्ठी भनौं या गुठीले गर्ने गरिआएको पाइन्छ । ललितपुर न्हागल (टंगल) टोलको जलधेनुको व्यवस्था सोही स्थानमा जोशीहरुको गोष्ठीले गर्दै आइरहेको छ । ललितपुर टंगलटोल स्थित अनुमानतः आठौं शताब्दीई को ढुङ्गेधाराको जीर्णोद्धार कार्य मेरा बाजे श्रीबाबुराम जोशीले गरेको कुरा सोही धाराको ढुङ्गे डूड मुनि प्रतिष्ठापित अभिलेखबाट स्पष्ट हुन्छ ।

### ४. धार्मिक गोष्ठीहरू

धार्मिक कार्यको राम्रो सुव्यवस्थाको लागि प्राचीनकालमा अनेकन गोष्ठीहरु स्थापना गरेको पाइन्छ । उपर्युक्त लेलेको अभिलेखमा अर्च्चा गोष्ठी, प्रदीप गोष्ठी, धूप गोष्ठी, तैत्तिरीय शाखा गोष्ठी, इन्द्रगोष्ठी, भगवद्वासुदेव व्राह्मणगोष्ठी, अर्च्चनीयगोष्ठीहरुको उल्लेखले उपर्युक्त यथार्थतातिर स्पष्ट रुपले इङ्गित गरेको छ ।

अर्च्चा गोष्ठीको अर्च्चा शब्दले विभिन्न अर्थलाई बुझाएको छ । कहिं यो शब्द पूजाको अर्थमा प्रयोग भएको छ भने कहिं मूर्तिको अर्थमा पतञ्जली महाभाष्य अनुसार अर्चा शब्दले पूजायोग्य मूर्तिलाई बुझाएको छ ।

**"मौर्त्यैर्हरण्यार्थिभिरर्चाः प्रकल्पिताः ।"**

**महाभाष्य**

यसरी अर्चा गोष्ठीको उल्लेखले उत्तरप्राचीनकालीन नेपालमा उच्च कोटीका मूर्ति निर्माणकार्यको विकासको लागि त्यस विषयका कलाकारहरुको संघस्वरुप गोष्ठी कायम भएको देखिन्छ । तत्समयका उच्चकोटीका मूर्तिहरुको प्राप्तिले पनि यसको पुष्टि गरेका छन् । सामाजिक, राजनीतिक कार्यहरुको अतिरिक्त धार्मिक कार्यको लागि पनि अत्यावश्यक ध्वजा, बत्ती एवं धूपको राम्रो व्यवस्थाको लागि ध्वजगोष्ठी, प्रदीप गोष्ठी र धूपगोष्ठी आदि बनेका थिए । देवता विशेषको पूजा गर्ने उद्देश्यले इन्द्रगोष्ठी, भगवद्वासुदेव व्राह्मण गोष्ठी, ब्राह्मण गोष्ठी आदि बनाइएको देखिन्छ । कतिपय धर्मशास्त्रहरुले ब्राम्हणलाई देववत् उल्लेखगरेको पाइएकोलाई यहाँ आधारका रुपमा लिइएकोछ ।

तैत्तिरीय शाखा गोष्ठीको उल्लेखले उतर प्राचीनकालीन नेपालमा कृष्ण यजुर्वेदको अध्ययन सम्बन्धि गोष्ठी कायमरहेको यथार्थताको स्पष्ट जानकारी मिल्छ । यजुर्वेदका दुई शाखा छन् - कृष्णयजुर्वेद र शुक्लयजुर्वेद । कृष्णयजुर्वेदको प्रणेता महर्षि वैशम्पायन रहेको छ भने शुक्लयजुर्वेदका याज्ञवल्क्य । भारतमा पाँचौं शताब्दीईशा देखि अहिले पनि विशेषतः कृष्णयजुर्वेदको वढ्ता प्रचार रहेको छ, जबकि नेपालमा शुक्लयजुर्वेदीहरुको आधिक्य पाइन्छ । तर, उत्तर प्राचीनकालमा यहाँ पनि कृष्णयजुर्वेदीहरुकै बाहुल्य रहेको देखिन्छ । उत्तरप्राचीनकालीन संवत् ४५२ को ललितपुर खपिंछेंको अभिलेखमा महर्षि वैशम्पायनप्रति श्रद्धान्वित हुनुको साथै तिनलाई भगवान् भनी मानेर तिनको कारण पूजा तथा मालाको लागि भनेर भूमि प्रदान गरेको उल्लेखले उपर्युक्त यथार्थताको स्पष्टतातिर स्पष्टरुपले इङ्गित हुन्छ । अनुमानित सातौं, आठौं शताब्दीईशाको नक्साल नारायण चौरको अभिलेखमा तैत्तिरीशाखा गोष्ठी भनी उल्लेख गरिएबाट पनि उक्त कुरोलाई पुष्टि मिल्छ । तैत्तिरी शाखा कृष्णयजुर्वेदीको एक शाखा रहेको छ । याज्ञवल्क्यले आफ्ना गुरु वैशम्पायन संग झोकिएर तिनीबाट प्राप्त विद्या जम्मै ओकल्दा ब्राम्हणहरुले तित्रा बनेर आई त्यसलाई ग्रहण गरेको हुँदा कृष्णयजुर्वेदको तैत्तिरी शाखा भनेर त्यसको नामाकरण गरिएको थियो ।

उत्तर प्राचीनकालदेखि प्रचलनमा आएको गुठी व्यवस्था अद्यापि नेपालमा प्रचलित छ । नेपालमा देवी देवताहरुको राम्रो व्यवस्थाको लागि तत्तत. देवताहरुका गोष्ठी भनौं या गुठीहरु बनाइएका थिए, उदाहरणतः भगवान् पशुपतिनाथ गुठी, ललितपुर स्थित मत्स्येन्द्र गुठी, चाङ्गु नारायण गुठी आदि आदि ।

उपर्युक्त विभिन्न आधारहरुबाट नेपालमा गोष्ठी भनौं या गुठीहरुको स्थापना उत्तर प्राचीनकालदेखिनै भएको स्पष्ट रुपले देखिन्छ । नेपाल संवत् २९२ को ललितपुर वलटोलको अभिलेखमा जयचन्द्र भन्ने व्यक्तिले सफा पानी आउने जलधेनु र पाटी बनाएको कुरा वर्णन गर्नुको साथै मार्गोन्मार्जनगोष्ठी अर्थात् बाटो बढार्ने गोष्ठीको लागि जग्गा प्रदान गरेको कुरा उल्लेख गरिएको छ ।

अहिले नेपालको नेवारसमाजमा गुठीहरुको व्यापक प्रचार प्रसार छ । ती सवै गुठीहरुमध्ये सीगुठी (मर्दापर्दाको गुठी) प्रमुखरुपले अहिले पनि नेवार समाजमा प्रचलित छ । यसको अतिरिक्त अरु पनि अनकौं गुठीहरु छन्, चथा, संल्हु गुठी, साखःती गुठी, सती जानेको गुठी आदि-आदि । ती गोष्ठीहरुको विकासकोलागि साधारण दुनियाँको अतिरिक्त पहिले-पहिले यहाँका शासकहरु पनि ज्यादै लालायित रहन्थे । विभिन्न गोष्ठी (गुठी) हरुको लागि आम्दानीको स्रोत स्वरुप भूमि भनौं खेत प्रदान गरिएको धेरै उदाहरणहरु पाइएबाट उक्त कुराको स्पष्ट जानकारी मिल्छ ।

# नेपालमा शक संवतको अनमेलता

✍ श्यामसुन्दर राजवंशी

इतिहास हरहमेसा तिथिमिति सालसंवतको बाटो सँगै नारिएर हिंडेको हुन्छ। तिथिमिति सालसंवत भन्नासाथ केवल एउटै मात्र भै दिएको भए पनि समस्या नै थिएन तर अनेक थरिका संवतहरु पाइने हुनाले एउटा संवतको बाटो मात्र पहिल्याएर पनि नपुग्ने भएबाट त्यहाँ एक संवतबाट अर्को संवतको समानान्तरको दरकार पर्न आउने भयो। नेपालमा पनि विभिन्न साल संवत मध्ये एउटै मात्र रोजेर बस्न चाहँदैमा पनि हुने होइन। त्यसमाथि इतिहासको घटना घटनावलीहरुको सम्बन्धमा जुनसुकै वेला अध्ययन अनुसन्धान गर्दा त्यहाँ नेपालसंवत मात्र होइन विक्रमसंवत, ईश्वीसंवत शक संवत कलिगत संवत आदि इत्यादि संवतहरुमा समानान्तरता हेरिन्छ र खोजिन्छ। तर जब शक संवत संग अरु संवतको समानान्तरताको व्यवहार गरिन्छ त्यहाँ हरेक पटक गुजुल्टोहरु आइनै रहने कुरा इतिहासकारहरुले हेक्का राखेको छ। परन्तु केवल प्रभावशाली व्यक्तिले मानेको मान्यतालाई नै शिरोपर गर्ने चलनले गर्दा नेपालको इतिहास प्राचीन काल देखि हाल सम्म पनि ती गुजुल्टोहरुबाट पार पाउन नसक्ने भएको हो। यस सम्बन्धी छलफल तथा त्यसका तथ्य प्रमाणहरु माथि विवेचना गरी एउटा निष्कर्षमा पुग्न अत्यावश्यक छ होइन भने नेपालको इतिहासलाई जहिले पनि वाङ्गातिङ्गा बाटो मै अलमलाई राख्नुपर्ने हुन्छ।

पहिले नेपालसंवतको आरम्भ शक सवत ८०१ कार्तिक शुक्ल प्रतिपदामा भएको हो कि होइन यसमा स्पष्ट हुनु अत्यावश्यक छ।

सर्वप्रथम हो भन्ने सम्बन्धमा छलफल अघि बढाऔं। हो भन्नासाथ नेपाल संवत १ कार्तिक शुक्ल प्रतिपदाको समानान्तर शक संवत ८०१ कार्तिक शुक्ल प्रतिपदा भएको कुरामा कुनै विवाद नै रहने भएन। तव नेपाल संवत र शक सवतवीचको अन्तर ८०० मात्र रहेछ भनेर बुझ्नु पर्ने भयो। नेपाल संवत कार्तिकमा फेरिने संवत हो र शक संवत चाही चैत्रमा फेरिने संवत हो। यो कुरा सर्व मान्य नै छ। तर हाम्रा ऐतिहासिक श्रोत सामग्री अभिलेख ग्रन्थ आदिमा केलाएर हेऱ्यौं भने यस्तो पाइन्छ।

१) नेपाल संवत ४९५ मा लेखिएको सुमतितन्त्र नामक ग्रन्थमा पाइने वाक्य यस्तो छ "ॐ नमः सूर्यायः। नेपालवत्सरे नयनाभ्रनागा ८०२ संयोज्य शक कालम्भवति" यसको अर्थ नेपाल संवतमा ८०२ जोडे शक संवत हुन्छ भनेको हो।

२) पाटन वुवहालको अभिलेखमा नेपाल संवत ५११ दिइएको छ। साथै त्यस संवत प्रकरणमा शक राजवर्ष १३१३, तिथि प्रथमाषाढ शुक्ल दशमी सोमबार भनेर पनि दिइएको छ। यहाँ नेपाल संवत र शक संवत वीचको अन्तर ८०० नभइकन ८०२ देखिएको प्रष्ट छ।

३) पाटन सुन्धाराको अभिलेखमा नेपाल संवत ५२४ दिइएको छ। साथै त्यस संवत प्रकरणमा शक राज वर्ष १३२६ तिथि चैत्र कृष्ण अष्टमी वृहस्पतिवार दिइएको छ। यहाँपनि नेपाल संवत र शक संवत वीचको अन्तर ८०० नभईकन ८०२ देखिएको प्रष्ट छ।

४) भक्तपुर सैनिक व्यारेक पाटीको अभिलेखमा नेपाल संवत ७५० दिइएको छ। साथै शाके १५५२ तिथि वैशाख कृष्ण द्वादशी वृहस्पतिवार दिइएको छ। यहाँ पनि नेपाल संवत र शाके संवत वीचको अन्तर ८०० होइन ८०२ देखिएको प्रष्ट छ।

५) कान्तिपुर मखन टोल महादेव मन्दिरको अभिलेखमा नेपाल संवत ७६१ दिइएको छ। साथै श्री शाके १५६३ तिथि आषाढ शुदि ७ आइतवार दिइएको छ। यहाँ पनि नेपाल संवत र शाके वीचको अन्तर ८०० होइन ८०२ देखिएको प्रष्ट छ।

६) भक्तपुर कुमारी चोकको अभिलेखमा नेपाल संवत ७९८ दिइएको छ। साथै शक १५९९ तिथि भाद्र शुदि

द्वितिया दिइएको छ । यहाँ पनि नेपाल संवत र शक संवत वीचको अन्तर ८०० होइन ८०२ देखिएको प्रष्ट छ ।

७) भक्तपुर टुँडिखेलको सत्तलमा रहेको अभिलेखमा नेपाल संवत ७९८ दिइएको छ । साथै श्री शाके १६०० तिथि माघ शुक्ल पञ्चमी गुरुवार दिइएको छ । यहाँ पनि नेपाल संवत र शाके संवत वीचको अन्तर ८०० होइन ८०२ देखिएको प्रष्ट छ ।

८) भक्तपुर दरवार ढुङ्गेधाराको अभिलेखमा नेपाल संवत ८०८ दिइएको छ । साथै श्री शक १६१० तिथि श्रावण शुक्ल पूर्णिमा वुधवार दिइएको छ । यहाँ पनि नेपाल संवत र शक संवत वीचको अन्तर ८०० होइन ८०२ देखिएको प्रष्ट छ ।

९) भक्तपुर मालती चोकको अभिलेखमा नेपाल संवत ८१८ दिइएको छ । साथै श्री शक १६२० तिथि फाल्गुण शुक्ल नवमी बुधवार दिइएको छ । यहाँ पनि नेपाल संवत र शक संवत वीचको अन्तर ८०० होइन ८०२ देखिएको प्रष्ट छ ।

१०) भक्तपुर तलेजु मन्दिरको अभिलेखमा नेपाल संवत ८२६ दिइएको छ । साथै शकाब्द भनेर १६२८ तिथि ज्येष्ठ कृष्ण पंचमी बुधवार दिइएको छ । यहाँ पनि नेपाल संवत र शकाब्द वीचको अन्तर ८०० होइन ८०२ देखिएको प्रष्ट छ ।

११) भक्तपुर दरवार मूलचोकको अभिलेखमा नेपाल संवत ८४२ दिइएको छ । साथै शकराज वर्ष १६४४ तिथि श्रावण कृष्ण अष्टमी बुधवार दिइएको छ । यहाँ पनि नेपाल संवत र शकराजवर्ष वीचको अन्तर ८०० होइन ८०२ देखाइएको प्रष्ट छ ।

१२) भक्तपुर नगदेशको अभिलेखमा नेपाल संवत ८८९ दिइएको छ । साथै श्री शाके १६९१ तिथि मार्ग शुदि ४ दिइएको छ । यहाँ पनि नेपाल संवत र शाके संवत वीचको अन्तर ८०० होइन ८०२ देखिएको प्रष्ट छ ।

१३) राष्ट्रिय अभिलेखालयमा रहको भद्रकल्पावदानम् नामक वौद्ध ग्रन्थको पुष्पिका वाक्यमा नेपाल संवत १०१४ दिइएको छ । साथै शाके १८१६ तिथि कार्तिक शुदि ५ दिइएको छ । यहाँ पनि नेपाल संवत र शाके संवत वीचको अन्तर ८०० होइन ८०२ नै देखिएको प्रष्ट छ । यस्तै थुप्रै थुप्रै अभिलेख ग्रन्थ एवं नवाङ्ग पात्रोहरु राष्ट्रिय अभिलेखालयमा संग्रहित छन् ती सवैमा ८०० होइन ८०२ अन्तर देखाइएका प्रमाणहरु भेटिन्छन् ।

यी प्रमाणहरुको आधारमा नेपालसंवतको आरम्भ शक संवत ८०१ कार्तिक शुक्ल प्रतिप्रदामा भएको होइन भन्नु पर्ने देखियो ।

दोश्रो कुरो अव शक संवत ८०१ मा नेपाल संवत आरम्भ भएको होइन भन्ने सम्बन्धमा छलफल अघि वढाइ हेरौं । होइन भन्नासाथ नेपाल संवत र शक संवत वीचको अन्तर ८०२ आउने गरी हेर्नु पर्‍यो । त्यसको लागि नेपाल संवतमा ८०२ जोडेर शक संवत ल्याएर हेर्नु पर्‍यो । तव नेपाल संवतको आरम्भ विक्रमसंवत ९३६ को कार्तिक शुक्ल प्रतिपदा हो भनेर मान्न पनि मिलेन र इश्वी संवत ८७९ अक्टोवर २० तारिखमा नेपाल संवत आरम्भ भयो भनी मान्न पनि मिलेन भन्नु पर्ने खण्ड आयो ।

त्यसो भएपछि शक संवतमा १३५ जोडे विक्रमसंवत आउछ र विक्रमसंवतबाट १३५ घटाए शक संवत आउछ भन्ने मान्यता छोड्नु पर्ने हुन्छ ।

अर्को कुरो शक संवतमा ७८ जोडे इश्वी संवत आउछ र इश्वीसंवतबाट ७८ घटाए शक संवत आउँछ भन्ने मान्यता पनि छोड्नु पर्ने हुन्छ ।

किनकि वि.सं. ९३६ बाट १३५ घटाए शक ८०१ नै आउछ र इश्वी ८७९ बाट ७८ घटाए पनि शक ८०१ नै आउँछ ।

तसर्थ विभिन्न स्वदेशी एवं विदेशी इतिहासकारहरुले मत जाहेर गर्नुभएकोमा भारतीय इतिहासकार रमेश चन्द्र मजुमदारको भनाइ अनुसार

नेपालसंवत र शक संवत वीचको ८०० अन्तर देखिएकोलाई मात्र शक संवत मानेकोछ । उनको विचार अनुसार ८०० अंक अशुभ भएकोले ८०० लाई छोडी ८०१ को सट्टा १ गरेर नेपाल संवत शुरु गरेको भन्ने रहेको छ ।

त्यस्तै गरि अर्को विदेशी विद्वान लुसियानो पेतेकको भनाइमा नेपालसंवत र शक संवत वीचको ८०० अन्तर देखिएकोलाइ मात्र शक संवत मानेको छ । इश्वी संवत ८७९ शक संवत ८०१ मा नेपालसंवतको प्रारम्भ भएको मान्नु भएको छ ।

इतिहासकार एवं राजनीतिज्ञ स्व. डा. डिल्ली रमण रेग्मीको भनाइ अनुसार ।

नेपाल संवतको प्रारम्भ शक ८०१ ईश्वी ८७९ अक्टोवर २० लाई मानेको हुँदा उहाँका मत अनुसार पनि

नेपाल संवत र शक संवत बीचको ८०० अन्तर जुन देखियो त्यही शक संवत हो भन्ने मत जाहेर भै रहेको छ ।

डा. जगदीश चन्द्र रेग्मीका अनुसार नेपाल संवतको प्रारम्भ शक ८०१ ईश्वी ८७९ अक्टोबर २० लाई मानेको हुँदा उहाँको मत अनुसार पनि नेपाल संवत र शक संवत बीचको ८०० अन्तर जुन देखियो त्यही शक संवत हो भन्ने मत जाहेर भै रहेको छ ।

तर उहाँहरु एकातिर शक ८०१ मा नेपाल संवतको प्रारम्भ भएको मानी रहनु हुन्छ भने अर्कोतिर लिच्छविकालमा व्यवहारमा रहेका संवतलाई पनि शक संवत नै भनी चिच्याउँदै आउनु भएको छ । यो विलकूल मिल्दैन । नेपाल संवत बीच ८०२ वर्षको अन्तर देखिएको संवतलाई पनि शक संवत र नेपाल संवत र शक बीच ८०० मात्र अन्तर देखिएको संवतलाई पनि शक संवत भन्ने खालका विल्कूल दोठचाङ पर्ने मत जाहेर गरेर इतिहासका पाठकहरुलाई अल्मलाइरहेको छ यो कुरामा सबैको ध्यानजानु आवश्यक छ ।

त्यस्तै गरी अर्का थरि इतिहासकार एवं इतिहास संशोधकहरु शक ८०१ मा नेपाल संवत प्रारम्भ भएको भन्ने पक्षमा देखिदैन । जस्तो **लिच्छविसंवतको निर्णय**मा इतिहास संशोधक स्व. पं. नयराज पन्तद्वारा आफ्नो मत यसरी जाहेर गरेको पाइन्छ ।

**"विक्रमसंवतको प्रारम्भ वैशाखमा हुने र नेपाल संवतको प्रारम्भ कार्तिकमा हुने भएकोले वास्तवमा वि.सं. ९३७ कार्तिकमा नेपाल संवतको प्रारम्भ भएको हो । यस कारण वि.सं. ९३७ को वैशाखमा नेपाल संवत ० हुन्छ । यहाँ गणित गर्न सजिलोको लागि सर्वत्र वि.सं. ९३७ मा नेपाल संवतको प्रारम्भ भएको हो भनी लेखिएको छ" (हेर्नुहोस पृष्ठ १३६) ।**

उहाँको यस भनाईबाट वि.सं. ९३७ को वैशाख सम्म पनि नेपाल संवत शुरु भएको थिएन । ९३७ को कार्तिक भए पछि मात्र नेपालसंवत शुरु भएको भन्ने उहाँको भनाइ देखियो । यता वि.सं. ९३६ को कार्तिकमा नेपाल संवत शुरु भएको, शक ८०१ मा शुरुभएको इश्वी ८७९ मा शुरु भएको भन्ने जति सबै गलत भन्नु पर्ने देखियो । यसको मतलव उहाँले नेपाल संवत र शकसंवत बीच ८०२ को अन्तर देखिएको तर्फ ध्यान दिनु भएको बुझियो ।

त्यसै गरी अर्का इतिहासकार स्व. धनवज्र वज्राचार्यले आफ्नो पुस्तक **गोपाल राजवंशावलीको ऐतिहासिक विवेचना**मा आफ्नो मत यसरी जाहेर गरेको पाइन्छ । **नेपाल संवत प्रचलित भए देखि अर्थात वि.सं. ९३७ देखि नेपालको इतिहासमा मध्यकाल शुरु भएको भन्ने छ ।** यसको मतलव उहाँले पनि नेपाल संवत र शक संवत बीचको अन्तर ८०२ हुनुपर्ने तर्फ ध्यान दिनु भएको बुझियो ।

अर्का इतिहासकार ज्ञानमणि नेपालद्वारा आफ्नो पुस्तक **नेपालको पूर्वमध्यकालको इतिहास**मा यसरी मत जाहेर गरेको पाइन्छ ।

**शक संवत ८०२ कार्तिक शुक्ल प्रतिपदा देखि नेपाल संवतको प्रारम्भ भएको हो विक्रम संवत संग नेपाल संवतको अन्तर ९३६-९३७ को छ ।** यसबाट उहाँको भनाइले त झनै इतिहासमा ठ्याङ नमिल्ने गराई दिएको छ । कित नेपालमा पाइएका अनगिन्ती अभिलेखहरु जम्मै मिथ्या श्रोत भन्नु पर्‍यो र स्वदेशी एवं विदेशी विद्वानहरुले शक ८०१ मा नेपाल संवतको प्रारम्भ भएको र ई ८७९ अक्टोबर २० मा नेपाल संवत प्रारम्भ भएको भन्ने जति सबै खंडन गरी आफ्नै भनाइ मात्र सत्य हो भन्न खोजेको उहाँको भनाइले देखिन्छ ।

यी सम्पूर्ण भनाइहरुलाई केलाएर ऐतिहासिक तथ्य एवं श्रोत प्रमाणहरुलाई मध्यनजर गर्दा नेपालसंवत संग ८०० वर्ष अन्तर भएको संवतलाई पनि शक संवत नै भन्नुपर्ने अनि नेपालसंवतसँग ८०२ वर्ष अन्तर भएको संवतलाई पनि शक संवत नै हो भनी जवरजस्ती मान्नु पर्ने हुन आएको छ । फेरि भारतमा चलेको संवत शक संवत र नेपालमा शाके नाम दिइआएको पनि देखिन्छ तर शक र शाके पनि एउटै हुन् भनेर जवरजस्ती रुपले मान्नै पर्ने बाध्यता पनि आईरहेको छ । कित ८०० वर्षको अन्तर देखिएको लाई शक संवत र ८०२ अन्तर देखिएकोलाई शाके सम्वत भनी परिभाषित गरिदिएको भए पनि हुन्थ्यो । इतिहासकार एवं इतिहास संशोधकहरुले नेपाल संवत संग ८०० वर्षको अन्तर भएको एकथरि शक संवत र नेपाल संवत संग ८०२ वर्षको अन्तर भएको अर्को थरि शक संवत जुन दृष्टान्त रुपले देखिदै आयो । **खास यी दुवै एउटै हुन् भन्न मिल्ने कुरा होइन ।**

भारतीय विद्वान रमेशचन्द्र मजुमदारले लिच्छवि कालमा संवत २९ देखि देखिएको संवत शक संवतको संक्षिप्त रुप हो भनी शक ५२९ को संक्षिप्त रुप मान्न पुगे । त्यसैगरी नेपाल संवत पनि शक ८०१ को संक्षिप्त रुप १ हो भनी आफ्नो मत प्रतिपादन गरिंदा नेपालका इतिहास संशोधकहरुले त्यो गणना मिल्दैन भनेर सिद्ध गर्न खोजे । फेरी अर्को तिर लिच्छविकालमा व्यवहृत संवत शक संवत नै हो भनी मत जाहेर पनि गर्दै आइरहेका छन् । यी कुराले गर्दा शक संवतको

मान्यता नेपाली इतिहासमा दोधारमा परिरहेका प्रष्ट रुपले देखिन आउँछ ।

शक संवतको विषयमा भारतीय इतिहासकारहरुको भनाइ के पाइन्छ त्यता तिर पनि एक दृष्टि दिएर हेर्नु उपयुक्त हुने देखिन्छ ।

**भारतीय इतिहास कोश** नामक पुस्तकमा शक संवतको प्रारम्भ इश्वी ७८ मा भएको र यो संवत चलाउने श्रेय राजा कनिष्क प्रथमलाई दिइएको व्यहोरा उल्लेख छ । भारत मै केही विद्वानहरुले शक संवत सातवाहन राजाले चलाएको पनि भन्छन् भने कतिपयले कनिष्क प्रथम नै हो भनी ठोकुवा दिन्छन् । भारतीय गणतन्त्रले यहि शक संवतलाई राष्ट्रिय संवत घोषणा गरेको व्यहोरा पनि यो पुस्तकमा उल्लेख पाइन्छ ।

**ऐतिहासिक भारतीय अभिलेख** भन्ने पुस्तकमा शक संवत भारतीय उपनिवेशहरुमा अत्यधिक प्रचलित रहेको भनी वताइएको छ । साथै सो पुस्तकमा उल्लेख भए अनुसार शक संवतका उत्पतिका विषयमा अनेकमत भिन्नताहरु पाइन्छ र अधिकाँश विद्वानहरुले शक संवतको प्रवर्तक कनिष्क प्रथमलाई नै इगित गरेको पाइन्छ । शुरुमा यो संवत राज्यसंवत्सर भनेर १ देखि ९८ सम्म चल्यो भने चालुक्यहरुले आएर सर्वप्रथम यसलाई शक नाम दिएर चलाए । फलस्वरुप शकवर्ष र शक नृपराज्य अभिषेक संवत्सर सम्म पनि भन्न थालियो भन्ने कुरा उल्लेख गरेका छन् । शक संवतलाई कुषाणहरुले, चालुक्यहरुले र जैनहरुले प्रयोग गरेको हुँदा यसको लोकप्रीयता वढ्यो भन्ने अर्थमा भन्दा विशेषगरी ज्योतिषहरुले गणनासँग सम्वन्धित ग्रन्थहरु प्रतिपादन गर्दा शक संवत नै सहारा लिएको र वराहमिहिर जस्ता प्रसिद्ध प्राचीन ज्योतिर्विद समेतले पनि शक संवत नै प्रयोग गरेका थिए भन्ने कुरा उल्लेखित पुस्तकमा वर्णित छ । त्यस पुस्तकमा शक संवतमा ७८-७९ जोडे पछि इश्वीसंवत हुन्छ भन्ने उल्लेख पाइन्छ ।

**भारतीय प्राचीन लिपिमाला**का प्रसिद्ध विद्वान गौरीशंकर हिराचन्द ओझाले आफ्नो पुस्तकमा पैठनकाराजा शालीवाहन (सातवाहन) ले शक संवत चलाएका थिए । तर कुन उपलक्ष्यमा चलाए भन्ने कुरा स्पष्ट छैन भन्ने कुरा लेख्नु भएको छ । साथै अलवेरुनीको भनाइ पनि उल्लेख गर्नु भएको छ । अलवेरुनीको भनाई अनुसार यो संवतमा शक नाम संस्कृत साहित्यमा आएर मात्र उल्लेख गरिएको हो । त्यो भन्दा अघि संवत ३१० सम्म पनि केवल संवत्सर मात्र उल्लेख भइ प्रचलनमा रहेको थियो । प्रायः जसो यो संवत ५०० देखि १२६२ सम्मका शिलालेखहरुमा शक काल, शकवर्ष, शक संवत्सर भनी उल्लेख भएको देखिन्छ र १४ औं शताब्दीमा आएर मात्र शक संवतको साथमा नृप शालीवाहन शक, शालीवाहन, शक, शालवाहन, शक वर्ष एवं शालीवाहन शकाव्द भन्ने प्रकरणहरु प्रचलित हुन थाल्यो भन्ने कुरा उहाँको पुस्तकमा बताइएको छ ।

निश्चित रुपमा भन्नुपर्दा शक संवत कसले चलाए भन्ने कुरा अहिले सम्म पनि ज्ञात हुन सकेको छैन । हिसाव गणना गर्दा गत शकमा ३१७९ जोडे कलियुग संवत हुने, गत शकमा १३५ जोडे चैत्रादि विक्रम संवत हुने र गत शक मा ७८ (पौष, माघ, फागुन यी तीन महिनाका भए ७९) अन्यत्र ७८ जोडे इश्वी संवत हुन्छ भन्ने सम्म ओझाले आफ्नो पुस्तकमा वर्णन गरेका छन् । साथै दक्षिण भारतको तिन्नेवली र मलवार भन्ने ठाउँमा वाहेक अन्यठाउँमा यो शक संवत चल्यो । उत्तरी भारतमा विक्रमसंवतको साथ साथै शक संवत पनि उल्लेख गर्ने गरे भन्ने व्यहोराका साथ साथै शक संवतको प्रारम्भ चैत्र शुक्ल प्रतिपदाबाट हुन्छ । यसमा महिना चाहीं उत्तरी भारतमा पूर्णिमान्त र दक्षिणी भारतमा अमान्तमान मान्ने गरेको देखिएको छ । दक्षिण भारतमा जहाँ जहाँ सौरमान मान्ने चलन छ त्यहाँ त्यहाँ शक संवतको प्रारम्भ मेष सक्रान्तिबाट हुन्थ्यो भन्ने पनि विस्तृत व्याख्या गरिएको छ । तर कुनैपनि ग्रन्थमा शक संवत कार्तिक शुक्ल प्रतिपदा वाट पनि शुरु हुन्थ्यो भन्ने कुरा फेला परेको प्रमाण भेटिन सकेको छैन ।

***लिच्छविकालमा चलेका नेपालका संवत***

प्राप्त लिच्छविकालका अभिलेखहरु केलाएर हेर्दा एउटा शतस्थानी अंक भएको संवत र अर्को दशस्थानी अंक भएको संवत देख्न पाइन्छ । हाल सम्म प्राप्त भएका अभिलेखहरु मध्ये सर्व प्राचीन अभिलेख राजा जयवर्माको सालिकमा भएको अभिलेख हो । त्यस अभिलेखमा संवत १०७ भनी दिइएको छ तर शक संवत भनिएको छैन । तापनि यसको समानान्तर इश्वी संवत वताउने क्रममा यसलाई शक संवत मानेर त्यसमा ७८ जोडेर AD 185 भनी लेख्दै आएको छ । वास्तवमा जयवर्माको अभिलेखमा भएको संवत १०७ शक संवत कै अंक हो भन्ने किटानी आधार कहाँबाट पाईयो त्यो भने अनुत्तरित नै छ ।

त्यसपछिको संवत अंकित अभिलेख पशुपति प्राँगणमा भेटिएको संवत ३८१ को अभिलेख हो । यसमा पनि शक संवत भनेर जनाइएको छैन । तैपनि यसलाई शक संवत मानेर ७८ जोडी AD 459 वनाइ आएको पाइन्छ ।

त्यसैगरी नेपालको इतिहासमा अत्यन्त महत्वपूर्ण मानिआएको संवत ३८६ को चाँगुनारायणको अभिलेख छ। यसमा पनि शक संवत भनी जनाइएको छैन तापनि यो शक संवत मानेर त्यसमा ७८ जोडेर इश्वी AD 464 बताउँदै आएको छ। यो अभिलेखमा प्रयुक्त संवत प्रकरणलाई लिएर यो शक संवत हो होइन निक्यौल गर्ने आधारहरु प्रशस्त होला। तर त्यता तिर कसैको ध्यान गएको देखिदैन।

स्वयं इतिहास संशोधक पं नयराज पन्तले आफ्नो पुस्तक लिच्छवि संवतको निर्णयमा वराहमिहिरको सिद्धान्त अनुसार संवत ३८६ को समानान्तर शक संवत ३८५ जेष्ठ शुक्ल प्रतिपदा भनेर दिनु भएको छ। यसबाट लिच्छवि अभिलेखमा भएको संवत ३८६ शक संवत अनुसार भन्नुपर्दा ३८५ हुँदो रहेछ भन्ने प्रष्ट बुझियो। तर संवत ३८६ लाई पनि शक संवत नै भनेर मान्नु पर्ने कुरा इतिहासको धर्मले भन्नु पर्दा यो ज्यादति नै भयो भन्नुपर्दछ।

भारतीय इतिहासकार रमेश चन्द्र मजुमदारले संवत ३८६ को पहिलो क्रमको संवतलाई शक संवत मानेका छन् भने दोश्रो संवतलाई वेग्लै संवत नमानी शक संवत ५२९ कै संक्षिप्त रुप ५०० तष्ट गरिएको छोटो शक संवत भनेर आफ्नो मत जाहेर गरेका थिए। यिनको मत अनुसार भक्तपुर इनाय्चोको अभिलेखमा संवत ३१ द्वितीय पौष शुक्लाष्टम्याम् भनी दिइएवाट शक ५३१ मा अधिमास परेको देखिनु पर्ने भयो। तर शक ५३१ मा अधिमास नपरेबाट मजुमदारले सकारेको मत अनुसार अधिमास मिलेन भनेका थिए। त्यही संवतलाई रमेश चन्द्र मजुमदारले शक संवत हो भन्दा मिल्दैन भन्न सक्ने ती इतिहास संशोधकहरुले आफूले शक संवत हो भन्दा मिल्यो भन्ने जस्ता अत्यन्त भद्दा र नसुहाउने कुरा भइरहेको छ। यो कुरा कसैबाटपनि ख्याल गरिएको, देखिदैन।

**निष्कर्षः**

यी तमामकुरालाई ध्यानमा राखी कसले के भन्यो ? कसले के मत जाहेर गऱ्यो भन्ने तिर लाग्नु भन्दा नेपाल संवतमा जुन ८०० अन्तर देखा परेको एउटा शक संवत र अर्को ८०२ अन्तर देखा पर्ने कथित शक र शाके संवत तिर ध्यान दिनु श्रेयस्कर हुनेछ। आखिरमा चाहे ८०० अन्तर देखियोस बा ८०२ अन्तर देखियोस् ती दुवै शक संवतै हुन् भन्न पाउने कुरा त हुँदै भएन। अतः ती दुइ मध्ये एउटालाई शक संवत भनी स्वीकार गर्ने हो भने अर्कोलाई अर्कै संवत हो भन्न करै लाग्यो।

जुन वेला नेपाल संवतको प्रारम्भ भयो त्यो वेला भारतीय शक संवत अनुसार शक ८०१ कार्तिक शुक्ल प्रतिपदा भएको रहेछ भन्नु पऱ्यो। यही शक ८०१ मा १३५ जोड्यो भने विक्रमसंवत ९३६ कार्तिक शुक्ल प्रतिपदा सिद्ध हुन्छ अनि यही शक ८०१ मा ७८ जोडीयो भने इश्वी संवत ८७९ अक्टोवर भन्ने पनि सिद्ध हुन आउने भयो। त्यस्तै शक ८०१ मा नेपाल संवत शुरु हुँदा कार्तिकमा ८०१ कार्तिक हुने भयो भने नेपाल संवत १ को अन्त तिर शक ८०२ आश्विन/कार्तिक सिद्ध हुन आउने भयो। अतः नेपाल संवत १ भनेको शक ८०१ को कार्तिकवाट शक ८०२ को आश्विन सम्म रहन्छ भन्न सहजै सकिने भयो।

जुन नेपाल संवतमा ८०२ जोडेर शक संवत हुन्छ भनेर आयो त्यो वास्तवमा शक संवत नभएर लिच्छविकालमा नेपालमा प्रचलित प्राचीन नेपाल संवत थियो। प्राचीन नेपाल संवत पनि कार्तिक शुक्ल प्रतिपदा कै दिनमा फेरिन्छ भने नेपाल संवत पनि कार्तिक शुक्ल प्रतिपदा कै दिन फेर्दै आएको छ। यी दुवै कार्तिकादि संवत नै भएकोले कुनैमा ८०२ कुनैमा ८०१ गरिदैन। जहिले जुनसुकै महिनामा पनि नेपाल संवतमा ८०२ जोडयो भने लिच्छविकालमा चलेको संवत आउने गर्छ। यसरी लिच्छविकालमा चलेको संवत भएकाले मात्र यो संवतलाई प्रायः विद्वानहरुद्वारा लिच्छवि संवतका नाम दिइएका हुन। यी यथार्थ वाहेक अरु कुरा हुँदा पनि होइन।

जेहोस्, नेपाल संवतमा ८०२ जोड्ने संवतलाई शक संवत भन्न पाइदैनथ्यो तर भन्दै आइयो। यसो भन्दैमा मिल्ने भइदिएको भए रमेश चन्द्र मजुमदारको मत उहिल्यै मिल्यो भन्न सक्नु पर्दथ्यो, भन्न सकिएन। यसबाट पनि नेपाल संवतमा ८०२ जोडनु पर्ने वाला संवतलाई शक संवत भन्न पाईदैन भनेर बुझ्न पऱ्यो। शक संवत चैत्रादि संवत थियो भने ८०२ जोड्ने वाला संवत कार्तिकादि संवत हो।

अन्तमा निचोडको रुपमा भन्नुपर्दा नेपाल संवत संग ८०२ को अन्तर देखिएको संवत शक संवत नभएर शकपूर्व २ को कार्तिकादि संवत हो। शकपूर्व २ मा पनि संवत चलेको छ र ? भनी के मा लेखिएको छ भनी कुतर्क गर्नु भन्दा साक्षात रुपमा लिच्छविकालका तमाम अभिलेखलाई अगाडि राखेर हेर्न सकिने कुरा हो। शकपूर्व २ मा स्थापना

भएको लिच्छवि संवत राजा जयवर्माको पालामा आउँदा संवत १०७ पुग्यो, मानदेव प्रथमको पालामा आएर ३८६ पुग्यो । यो संवतलाई शक संवत नै हो भनेर प्रभाव पार्न अधिमास सवै शक संवत तर्फबाट अपनाए बाट भ्रमहरु विस्तार विस्तारै फैलियो । महासामन्त अंशुवर्माको पालामा आएर यही शकपूर्व २ को संवत ५२६ सम्म देखिन्छ र त्यसपछि ५२९ मा आएर यसलाई ५२९ नभनी २९ मात्र लिइयो । यो २९ को क्रम १ बाट शुरु भएर आएको थिएन । अतः यो कुनै वाध्यात्मक पनि थिएन भनेर बुझ्न सकिन्छ । यदि १ बाट आरम्भ भएर आएको भए निश्चय पनि वाध्यात्मक भन्न सकिन्थ्यो । त्यही भएर महासामन्त अंशुवर्मा कै कार्यकालमा शकपूर्व २ को संवत ५३५ र ५३६ को अभिलेखहरु पनि भेटिएको प्रमाण साक्षीको रुपमा छन् । यसरी ५०० लाई छोट्याइएको संवत २९ को क्रम चल्दै गएर ३०१ सम्म गयो । त्यो संवत ३०१ भनेको शक पूर्व २ को क्रमबाट आएका ८०१ हो । संवत ३०१ उप्रान्तको ३०२ को अभिलेख पाइएको छैन र जव यो संवत ३०३ अथवा शकपूर्व २ को संवत ८०३ भयो सो ८०३ र ३०३ को सट्टा नेपालसंवतको रुपमा १ शुभारम्भ भयो । नेपाल संवत पनि १४८ को अंकमा पुगे पछिमात्र नेपालवत्सरे भन्ने उल्लेख आए पछि भन्न सकिएको हो । नेपाल संवत १४८ भन्दा अघिका जम्मै श्रोतहरुमा लिच्छविकालमा जस्तै संवत मात्र कहलिदै आएको देखिन्छ । वास्तवमा संवत ३०३ र ८०३ लाई विस्थापित गरेर नयाँ संवतको प्रारम्भ भयो । त्यसलाई कालान्तरमा नेपाल संवत भनीयो र मानियो । यो नेपाल संवतलाई वर्तमान समयमा आएर राष्ट्रिय संवतको मान्यता पनि दिइयो । यसरी नेपाल संवत १ भन्दा अघि ८०२ वर्ष सम्म चलेको संवतलाई के भनेर सम्बोधन गर्ने भन्ने सम्बन्धमा लिच्छविकालमा व्यवहार भएकोले लिच्छवि संवत भन्नुपनि कुनै नाजायज होइन । नेपाल संवतजस्तै कार्तिकादि संवत भएकोले प्राचीन नेपाल संवत भनेपनि नाजायज होइन । यथार्थ पनि यही हो कि नेपालसंवतमा ८०२ जोडदा, शक संवत होइन लिच्छविकालमा व्यवहृत संवत आउने अवश्य हो । यस किसिमले शक संवत कुन हो भनी चिन्न नसकेको हुँदा अनमेलता हावी हुँदै आएको हो । मुख्यतः नेपाल संवतमा ८०० जोडेर हेर्ने कि ८०२ जोडेर हेर्ने त्यसमा भर पर्दछ । निष्कर्षमा भन्नु पर्दा ऐतिहासिक व्यक्ति एवं व्यक्तित्वहरुमा शक संवतको राम्रो पहिचान नहुनुले नै नेपालमा संवत विवादको कारण बन्दै आएको हो भनी छर्लङ्गिएको छ ।

### सहायक ग्रन्थसूची


१. ऐतिहासिक भारतीय अभिलेख - प्रो. कृष्णदत्त वाजपेयी, डा. कन्हैयालाल अग्रवाल, डा. सन्तोष वाजपेयी - पब्लिकेशन स्कीम, जयपुर भारत 1992 AD

२. भारतीय इतिहास कोश - सच्चिदानन्द भट्टाचार्य - राजर्षि पुरुषोत्तमदास टण्डन हिन्दीभवन लखनउ 1989 AD

३. भारतीय प्राचीन लिपिमाला - रायवहादुर पंडित - गौरीशंकर हीराचन्द्र ओझा - मुन्सीराम मनोहरलाल पब्लीशर्स प्रा. लि. न्यूदिल्ली 1993 AD

४. लिच्छवि संवतको निर्णय - नयराज पन्त - नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान काठमाडौं २०४३

५. गोपालराज वंशावलीको ऐतिहासिक विवेचना - धनवज्र वजाचार्य - नेपाल र एशियाली अनुसन्धान केन्द्र कीर्तिपुर २०६४

६. नेपालको पूर्व मध्यकालको इतिहास - ज्ञानमणि नेपाल - नेपाल र एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर २०५४

७. पुरालेखन र अभिलेख - डा. दिनेश चन्द्र रेग्मी - हिमालय बूक स्टल, डिल्लीबजार, काठमाडौं २०६०

८. Medieval Nepal Vol 1 – D.R. Regmi – Rupa Co. New Delhi 2007 AD

९. Notes on the Nepal Eras – Dr. Jagadish Chandra Regmi – Sandarva Journal 2035 B.S. Vol 2.

१०. नेपालमा संवतहरु - श्यामसुन्दर राजवंशी - प्राचीन नेपाल, पुरातत्व विभागको मुखपत्र अंक १६९ माघ २०६५

# कुम्भेश्वर परिसरमा रहेको मूर्तिहरु

✍ राजेन्द्र लाल श्रेष्ठ

प्राचीनकालमा ललितारण्य भन्ने ठूलो जङ्गलको बीचमा विशाल दह थियो । यसै ठाउँको गौरी तीर्थमा कुम्भ नामक ऋषिले तपस्या गरी महादेवलाई प्रसन्न बनाई दर्शन पाएका थिए । इतिहासको कालखण्डमा धेरै यस्ता स्थल हराएका छन्, केही पुनः फेला परेका छन् । उदाहरणको निम्ति- लुम्बिनी लामो समय पश्चात् पत्ता लाग्यो । यस्तै गुहेश्वरी प्रताप मल्लले फेला पारेका हुन् । हुन सक्छ कुम्भेश्वर पनि लामो समय अन्धकारमा रहेर राजा जयस्थिति मल्लकै पालामा फेला पऱ्यो । चौधौं शताब्दी अगाडिसम्म **कुम्भेश्वर महादेव**को मन्दिर केवल छाप्राले मात्र बनाई राखेको एक साधारण देवल थियो । राजा मानदेव, उनका रानीहरु एवं छोरीहरुले स्थापना गर्न लगाएको कुनै पनि शिवलिंगमा मुखाकृति छैन, कुम्भेश्वरको शिवलिङ्ग पनि मुखलिंग नभई निराकार रुपको छ । प्रारम्भिक लिच्छविकाल वा सो भन्दा अगाडिको शिवलिंग अधिकांश उत्तरतर्फ ढल्केको पाइन्छ । **कुम्भेश्वर महादेव**को शिवलिंग पनि उत्तरतर्फ ढल्केको पाईनाले यो अति नै प्राचीन मान्न सकिन्छ ।

काठमाडौं उपत्यका भित्र पाटन शहरको क्वन्ती टोलमा अवस्थित कुम्भेश्वर महादेव मन्दिरले सम्पूर्ण शैव र महायानी बौद्ध सम्प्रदायको समेत धार्मिक महत्वको प्रतिनिधित्व गरिरहेको छ । नेपाल मण्डलका किराती जातिहरुका कूल देवता शिव नै थिए । यी किरात जातिहरुले नै पाटनको चार स्थानमा शिवलिंग स्थापना गरेका थिए । त्यस मध्ये कुलिंबुं महादेव, सर्वेश्वर (कुम्भेश्वर) महादेवको किरातकालीन नाम हो र यी महादेवलाई किरातीहरुले कुल देवताको रुपमा मानेका थिए । किरातकालीन समयमा श्रावण शुक्ल पूर्णिमा (जनै पूर्णिमा) को दिन कुम्भेश्वर पोखरीमा नुहाउने मेला शुरु गरेका थिए । झाक्रीहरु कुम्भेश्वर महादेवलाई झाक्री विद्याका अधिष्ठाताका रुपमा पुज्दछन् । त्यसैले यहा झाक्रीहरु जनै पूर्णिमाको दिन आफनो विद्या सिद्ध गर्न महादेवको भक्ति गरी स्नान गर्दछन् ।[१]

यो मन्दिर झण्डै ७५ फिट जति अग्लो छ । यसको पेटि ३.५ फिट उचाईको छ । तर पुरा मन्दिरको क्षेत्रफल भने ३८×३६.४ वर्ग फिटमा छ । मन्दिरको बाटोको उचाईलाई ४.२५ फिट उचाईले टेवा पुऱ्याएको छ । मच्छिन्द्रनाथ मन्दिर ललितपुरको उच्च स्थानमा अवस्थित मन्दिर हो । यसको टुप्पो र कुम्भेश्वर मन्दिरको उचाई बराबर मानिएको छ । जसले गर्दा यस मन्दिरलाई ललितपुरको घरघरबाट देख्न सकिन्छ ।[२]

मन्दिरकै परिसर भित्र एउटा ठूलो आयताकार पाटी छ भने मुख्य मन्दिरको ठिक दक्षिणमा एउटा आयताकार मन्दिर छ । यसलाई कुम्भेश्वर मन्दिरको सहायक मन्दिरको रुपमा लिन सकिन्छ । यो मन्दिरको देवताका रुपमा शक्ति बगलामुखी र उन्मत्त भैरव छन् । यसको अलावा यी मन्दिर परिसरमा नारायणका दुई तल्ले दुई वटा मन्दिर, एक तल्ले एउटा देवल, दुई वटा शिवलिङ्गको देवल, एउटा गणेशको देवल, एउटा हारतीको एक तल्ले छत्र मन्दिर रहेका छन् । मन्दिरको वायव्य दिशामा गौरी कुण्ड रहेको छ । यसलाई पनि मन्दिरकै रुप दिइएको छ । यसको उत्तरमा हिटी सहितको ठूलो पोखरी रहेको छ । यस परिसरमा उमामहेश्वरको मात्रै पाँच वटा मूर्तिहरु रहेका छन् जुन विभिन्न कालखण्डमा निर्माण भएका थिए ।

यो मन्दिर क्षेत्र स्वयंमा विशाल कलाको भण्डारको रुपमा रहेको छ । मन्दिरमा शक्तिसहितको भैरव ४८, शक्ति रहित भैरव ४० र शरभेष २० गरी कुल १ सय ८ वटा भैरवको काठको टुँडालहरु रहेको छ । दलीनहरुमा अष्टमंगलको चिन्ह एवं सूर्य र चन्द्रको काष्ठ प्रतिमा साथै मन्दिरको चारै दिशाको भित्तामा खोपा बनाई अष्ट शिवको काठकै मूर्ति कुँदिएको छ । चारै दिशाको ढोकासँगै अष्ट मातृका, अष्ट भैरव, र अष्ट शिवका शक्तिहरु छन् । पञ्च तत्व प्रतीकको रुपमा पाँच रंगको पशुपंक्षी अनुहारको उत्कृष्ट ढंगले धलीं ख्वापा बनाइएका छन् । मन्दिर परिसरमै धार्मिक र संस्कृतिका

महत्वपूर्ण पक्ष स्वरुप आकाश दीप, घण्ट, र वृक्ष समेत रहेका छन् ।

नेवारी भाषामा 'क्व' को अर्थ तल र 'ती' को अर्थ तिर भन्ने हुन्छ यसर्थ क्वन्ती भन्नाले तलतिर भन्ने बुझिन्छ । ललितपुर नगरमा कुम्भेश्वर सबैभन्दा होचो जग्गामा परेको हुनाले अर्थात तलतिर परेको हुनाले यो ठाउँको नाउलाई क्वन्ती भनिएको हो । प्रत्येक ९० वर्षमा भूकम्प गइरहने नेपालमा कुम्भेश्वर मन्दिरको हालको संरचना पुरानै हो भन्ने कुरामा डिल्लीरमण रेग्मी शंका व्यक्त गर्दछन् । मन्दिरभित्र भएको शिवलिंगलाई हेर्दा हालको संरचना पुरानै हो भन्ने कुरामा शंका गर्ने ठाउँ रहेको छ ।

## मन्दिर परिसरमा रहेका मूर्तिहरू

### वासुकी नाग



नवनागमध्येका एक नाग वासुकी पनि हुन् । विशेषगरी जलवृष्टि हुनु पर्ने समयतिरै अनावृष्टि भई लोकजीवन हाहाकार हुन पुग्ने कष्टकर बखतमा जलवृष्टिको नितान्त अपेक्षा गर्दै नाग साधन गरी पूजा अर्चना गर्ने चलन अहिले पनि छ । त्यस्तो बेलामा लोकले पुज्दै आएका एक जल नियन्त्रक नाग देवता कुम्भेश्वरका यिनै वासुकी नाग पनि हुन् । जल र पातालसित सम्बद्ध मानिने नागले सम्भवत प्रागऐतिहासिक कालदेखि नै देवतासरह सम्मान पाइसकेको मात्र नभएर परवर्तीकालमा आइपुग्दा अनेक धर्म सम्प्रदायका देवदेवीका शरीरमा गहनाकै रुपमा पनि समान रुपले शोभा पाउँदै आएको दृष्टिगत हुन्छ । कानमा गहनाको रुपमा लाइराखेका डरलाग्दा सर्पहरुको फुत्कारको हावाले जटा छयान्नब्यान्न भएको पार्वतीले डराई डराईकन हेरिएको महादेवको रुपको वर्णन साँगाको अंशुवर्माको अभिलेखमा परेको छ ।[३] यताबाट उपर्युक्त कुराको पुष्टि मिल्छ । शिवको जनै वासुकी नागले वेष्टित गरेको हुनुपर्दछ । वासुकी नागले तीन लोकको क्रोध शमन गर्छ भन्ने विश्वास पाइन्छ ।

बगलामुखी मन्दिरको पूर्वपट्टिको पाटोमा वासुकी नागराजको ४१×२० इन्च लम्बाइ चौडाइ भएको ढुंगे मूर्ति छ । वाङ्गदेलका अनुसार यो मूर्ति चौथो शताब्दीको हो । एघारवटा नाग गुजुल्टीएको शरीरलाई आसन बनाएर नागराज ललितासनमा बसेका छन् । कम्मरभन्दा माथिको भाग नाङ्गो र तल्लो भागमा धोती लगाएको छ । वासुकी नागराजको कानमा ठूलो आकारको कुण्डल, गलामा चेप्टो हार नाडीमा बाला छ । बायाँ हातमा पूर्ण फक्रेको कमलको फूल छ, दायाँ हात वरद मुद्रामा छन् ।

### शिवपार्वतीको आलिङ्गन मूर्ति



मन्दिर प्राङ्गणभित्र एउटा शिवपार्वतीको आलिङ्गन मूर्ति थियो । यो मूर्ति हाल चोरी भइसकेको छ । तर यस मूर्तिको विवरण यसको चित्रसहित लैनसिं वाङ्गदेलले आफ्नो पुस्तक 'स्टोलेन इमेजेज अफ नेपाल' मा प्रकाशन गरेका छन् । स्थानीय बासिन्दा यस मूर्तिलाई शितलाको मूर्ति भन्ने गर्थे । वाङ्गदेलका अनुसार यो मूर्ति खैरो चुन ढुङ्गाबाट बनेको, झन्डै अढाई फिट अग्लो तथा ईस्वीको चौधौं शताब्दीतिर निर्माण गरिएको मूर्ति हो ।[४] यो मूर्तिको निर्माण निक्कै आकर्षक शैलीमा भएको छ । फलकको माथिल्लो भागमा आकाशको स्वरुप मूर्तिकारले देखाउन खोजेका छन् । फलकको मध्यभागमा एउटा शिवलिङ्ग उत्कीर्ण गरिएको छ जसको दायाँ-बायाँ गोलाकार थालको रुपमा सूर्य र चन्द्रमाको आकृति बनाइएको छ ।

यसैदेखि अलिकति मुन्तिर शिवको दाहिनेपट्टि चार हाते गंगा अञ्जुलिले शिवमाथि पानीद्वारा अभिषेक गर्दै गरेको अवस्थामा र शिवको देब्रेपट्टिको शीर्ष भागमा एउटा अर्की महिला शिव-पार्वतीलाई फूल चढाउँदै गरेको अवस्थामा उत्कीर्ण गरिएको छ । फलकको मध्य भागमा चतुर्मुखी शिव र पार्वतीको मूर्ति बनाइएको छ । शिव बायाँ खुट्टा पलेटी मारेर दायाँ खुट्टा तल झारी बसेका छन् । उनलाई बाघको छालामाथि बसेको देखाइएको छ । पार्वती आनन्दले शिवको तिघ्रामाथि आफ्नो दाहिने खुट्टा तल रहेकी सेविकाको हातमा पाउ अडाएर बसेकी छिन ।

शिवको बायाँ हातले पार्वतीको देब्रे स्तनलाई समाते र आलिङ्गन गरेको देखाइएको छ । शिवका माथिल्ला दुई हातमध्ये देब्रे हातले त्रिशूल र दायाँ हातले अक्षमाला लिएको छ । तल्लो दायाँ हात भने अभय मुद्रामा रहेको देखिन्छ । शरीरको तल्लो भागमा धोती देखाइएको छ । कम्मरमा तीन डोरे पटुका टमक्क बाँधिएको छ, जसको गाँठो देब्रेपट्टि प्रष्टसंग देख्न सकिन्छ । शिवले हातमा बाला, पाखुरामा पनि बाला, घाँटीमा पत्ता आकारको श्रृङ्गार भएको दानेदार माला लगाइएको देखाइएको छ । कानमा मुन्द्रीयुक्त पुष्प कुण्डल देखिन्छ । शिरमा मुकुट छ जसको मध्य भाग तीनकुने चोसो आकारको छ ।

मुकुटको तल्लो छेउ वरिपरि बिन्दुशैलीका बुट्टाहरु तीन लहरमा देखाइएको छ । शिरको पृष्ठ भागमा प्रभामण्डल बनाइएको छ जुन मास्तिरपट्टि चोसो परेको छ । प्रभामण्डलको माथिल्लो भागभन्दा तल्लो भाग केही सानो देखिन्छ । यसको मध्य भागमा बिन्दू शैलीको घेरा छ भने यसदेखि बाहिरको भाग पातआकारमा कुंदिएकोछ । शिवको देब्रे काँधमा झुन्डिएको यज्ञोपवीत उनको देब्रे खुट्टाको पैताला रहेको आसनसम्म पुगेको देखिन्छ । मूर्तिकारले शिवको शारीरिक संरचना हृष्टपुष्ट र बलिष्ठ देखाएको छ । उनको अनुहार लाम्चो, अर्धउन्मिलित आँखा, उन्नत ललाट, ललाटको मध्यमा तेश्रो आँखा, सानो चिउँडो र पातलो ओठ बनाउन मूर्तिकार सफल देखिन्छन् । यसैगरी पार्वतीको शरीर पनि हृष्टपुष्ट रुपमा प्रस्तुत गरेको छ । उनको कम्मरमा बिन्दुशैलीमा धोतीको फेरो बेरिएको छ । धोतीको एउटा फुर्को दुई तिघ्राको बीच हुदैं खुट्टासम्म झरेको देखाइएको छ । पार्वतीका नाडीमा बाला र गलाको हार शिवको समान नै छ ।

उनको पाखुरामा कुनै गहना देखिदैन । उनले लगाएको मुकुट र शिवले लगाएको मुकुट एकै प्रकारको छ । पार्वतीका दुवै स्तन पुष्ट देखाउन कलाकार सफल भएका छन् । शिवको दाहिने तर्फको उनको उठेको र अक्षमाला लिएको हातको समानान्तरमा र देब्रेपट्टि पनि फलकको यसै भागमा दुईटा चतुर्भुजी उभिएका मूर्तिहरु देखिन्छन् जसलाई वाङ्गदेलले द्वारपाल वा अनुचरका मूर्तिहरु हुन भनी लेख्नु भएको छ । तर यी मूर्तिहरुले हातमा अक्षमाला, त्रिशूल लिएको, शिरमा मुकुट लगाएको, शिवको जस्तै नै गलामा नेक्लेस, तल्लो भागमा धोती र जनै लगाएको देखिएको हुनाले र यी मूर्तिहरुको एउटा दाहिने हात अभय मुद्रामा उठेको हुनाले यिनीहरुलाई द्वारपालको मूर्ति भन्न युक्तसंगत देखिदैन ।

शिवकै रुपमा मूर्तिकारले यी मूर्तिहरुलाई फलकमा उत्कीर्ण गरेको देखिन्छ । यी मूर्तिहरुदेखि मुन्तिर शिवको मूल मूर्तिको दाहिने घुँडा छेउ, घुँडा मारेर बसेको साँढे वा नन्दीको मूर्ति बनाइएको छ । जसको जुरा निकै उच्च र प्रष्ट रुपमा प्रस्तुत गरेको छ । नन्दीको छेउमा कार्तिकेय बसेको मूर्ति छ जसको हातमा मुसल छ । पार्वतीको बायाँतर्फ खुट्टा छेउमा सुसारेको मूर्ति छ जसको हातमा पार्वतीको दाहिने खुट्टा राखिएको देखिन्छ । फलकको सबैभन्दा तल्लो भागमा नृत्य मुद्रामा रहेका पाँच मूर्तिहरु देखिन्छन् । बीचमा नृत्य गरिरहेको गणेशको मूर्ति छ । गणेशको दाहिनेपट्टि तीनमुखे गणको मूर्ति र देब्रेपट्टि कङ्काल शरीरको भृङ्गीयुक्त मूर्ति रहेको छ । सबैभन्दा देब्रेपट्टि छेउ र दाहिनेपट्टि छेउमा पशु मुखाकृति भएका गणहरु देखिन्छन् ।

**शङ्करनारायण (हरिहर)**



हरिहर प्रतिमाको सम्बन्धमा शास्त्रीय विधानका अनुसार बायाँ भाग विष्णुको र दायाँ भाग शिवको देखाउनु पर्दछ । विष्णु भागमा मणि जडित किरीट प्रदर्शन हुनु पर्दछ र हातमा विष्णुको आयुध हुनु पर्दछ । शिव भागमा जट्टा भाग, यज्ञोपवीत तथा मृग चर्म प्रदर्शित गर्नु पर्दछ । यस प्रतिमाको सन्दर्भमा **विष्णुधर्मोत्तर पुराण**[४] मा बताईएको छ कि यसको दायाँ भागमा शिव तथा बायाँ भागमा ऋषिकेशलाई प्रदर्शित गर्नु पर्दछ । शिव भागको हातमा त्रिशुल तथा डमरु र विष्णु भागको हातमा चक्र तथा कमल हुन्छ । प्रतिमाको दायाँ भागमा वृषभ तथा बायाँ भागमा गरुड देखाउनु पर्दछ । शिल्परत्नका[५] अनुसार देवताहरुका साथ उनीहरुका अर्धाङ्गिनीलाई पनि प्रदर्शित गर्नु पर्दछ ।

३४×२४ इन्च अग्लाई र चौडाइ भएको यो मूर्तिको सबैभन्दा तल्लो भाग पद्मपीठ बनाइएको छ । वाङदेलका अनुसार यो मूर्ति १८औं शताब्दीको हो । दायाँ भागमा शिवको शरीर एवं बायाँ भागमा विष्णुको शरीर छ । शिवपट्टिका दुई

हात मध्ये माथिल्लो हातले त्रिशुल र तल्लो हातले विभूतिको डल्लो समातेको छ। विष्णुपट्टिको माथिल्लो हातमा चक्र तथा तल्लो हातमा शंख छ । यो मूर्ति ज्यादै सौम्य, भव्य र आकर्षक छ। शिवको दायाँतर्फ पार्वती एवं विष्णुको बायाँतर्फ लक्ष्मीको लघु आकारको मूर्ति उत्कीर्ण गरिएका छन्। उनीहरु त्रिभङ्गासनमा उभिएका छन् । लक्ष्मीका दुई हात मध्ये एक हातले कमल र अर्को हातले फल लिएको छ। पार्वतीका भने दुई हात मध्ये एक हातले रुखको सानो हाँगो र अर्को हातले फल लिएको छ । लक्ष्मी र पार्वतीका कानका आभूषणहरु अनौठा प्रकारका छन् ।

दुबैको देब्रेतर्फको कानको गहना लम्बाकार छ । दाहिने तर्फको भने बाटुलो किसिमको छ । शिरमा करण्डक अर्थात् केश देखिने मुकुट लगाएको छ। केशको श्रृङ्गार सुन्दर ढंगमा आधा कपालमाथि लगेर दायाँ र बायाँ चुल्ठो बाटेर आधा तल झरेको छ । यिनीहरुको आसनमा भने पार्वती पर्वतीय कैलासमा बस्ने हुनाले पर्वतकै रुप दिइएको छ । लक्ष्मी समुद्रमा बस्ने भएकीले पानीमा हुने कमल दिइएको छ। मूर्तिको पछाडी तल देखि माथि सम्म कलात्मक ज्वालावली अत्यन्त आकर्षक छ । बीचको शंकर नारायणको मूर्तिमा दायाँ तर्फको आधा भागमा महादेव र बायाँ पट्टिको आधा भागमा विष्णुको प्रतिनिधित्व ग[illegible]री मूर्तिको लक्षण दिइएको छ। त्यसैको आधारमा शिरको मुकुट मध्ये शिवको भाग पट्टि जट्टा तथा विष्णुले किरीट मुकुट लगाएको देखाइएको छ । काँधबाट सव्य भएर जनै लट्किरहेको छ। कम्मरमा पटुका बाँधेको छ, जसको दुई तर्फको फेर कम्मरको दायाँबायाँ फुर्का बनेको छ ।

तल्लो शरीरमा पारदर्शक धोती लगाएको देखाइएको छ। धोतीको किनारा बुट्टेदार छ। उनका तल्ला दुई हातहरुलाई कमलमाथि अडेस लगाई चित्रण गरिएकोले कलाकारीको उत्कर्षित रुप देखिन्छ । शंकर र नारायणको संयुक्त रुप यस मूर्तिले नेपालमा वैष्णव र शैव धर्म बीचको सम्बन्धलाई सुदृढ पारेको देखिन्छ । यसबाट नेपालमा वैष्णव र शैव धर्म बीच कुनै भेद्भाव नभएको देखिन्छ । किनभने यस्ता मूर्ति कुँदिनुको आशय त्यही धार्मिक सदभाव प्रस्फुटित भएको देखिन्छ । अर्को शब्दमा भन्ने हो भने भगवान विष्णु र शिव एकै अंग जस्ता हुन् तिनीहरु बीच कुनै किसिमको भेदभाव छैन भन्ने देखाउनको निमित्त यस किसिमको मूर्ति निर्माण भएको हुनु पर्छ ।

कुम्भेश्वर मन्दिर परिसरभित्र दुईवटा र परिसर बाहिर ढुङ्गेधारामा एक एक गरी जम्मा तीनवटा हरिहरका मूर्ति रहेका छन्। ढुङ्गेधारामा रहेको हरिहरको मूर्ति ज्यादै खिइएको अवस्थामा छ। यद्यपि यसको बनौट र आकार भने दर्शनीय छ। यसको नापो २७×३२ इन्च रहेको छ ।

**अष्ट मातृका** ब्राह्मी माहेश्वरी वैष्णवी बाराही इन्द्रायणी कौमारी चामुण्डा महालक्ष्मी (काष्ठ मूर्तिहरु) अष्टमातृका देवीहरु प्रायश प्रतिकात्मक रुपमा पुजिन्छन्। काठमाडौं उपत्यकामा बाटोको छेउछाउमा निराकार प्रकृति पीठ समूहमा भेटिन्छन्। यस्तो ढुङ्गालाई शक्तिपीठ, स्त्रीशक्तिको प्रतिकात्मक स्वरुप अष्ट मातृका देवीहरुसित सम्बन्धित छ । यस्तो शक्तिपीठहरु काठमाडौंमा प्रशस्त भेटिन्छन् जहाँ पशुपंक्षीलाई बली दिएर शक्तिको पूजा आराधना गरिन्छ। हाम्रो सांस्कृतिक परम्परामा अष्टमातृका तथा अष्ट भैरवलाई मात्र आफ्नो शरीर, घर, मन्दिर, गाउँ, शहर र राष्ट्रकै सुरक्षा गर्ने अभिभारा सुम्पने गरेको हुन्छ ।

हाम्रो प्रचलित धारणा अनुसार अष्टमातृका ब्राह्मी (ब्रह्मायणी) माहेश्वरी (रुद्रायणी), कौमारी (कुमारी), वैष्णवी (नारायणी), वाराही, ऐन्द्री (इन्द्रायणी), चामुण्डा (काली) र महालक्ष्मी पर्दछन्। यी मातृकाहरु मध्ये अधिकाशको उत्पतिका सम्बन्धमा रोचक विवरणहरु देवी महात्म्य, देवी भागवत, वामन पुराण आदिमा उपलब्ध छन् । शुम्भ र निशुम्भ दैत्यसंग भएको युद्धमा ब्रह्मा, शिव, कुमार, कार्तिकेय, विष्णु, वराह, नृसिंह र इन्द्रले देवीको सहयोगार्थ शक्तिहरु सिर्जना गरेको, आयुध आदिको दृष्टिबाट शक्ति देवीहरु आ-आफ्ना पुरुषदेव सदृश भएको र ती सात मातृ शक्तिहरुका अतिरिक्त काली, चामुण्डा, देवीकै शक्ति शिवदूती तथा देवी आफै समेत भई युद्धमा दैत्यहरु संहार गरेको चर्चा देवी महात्म्यमा पाइन्छ ।[७]

१८ औं शताब्दीको एक थ्यासफू मा भने देवीहरुको निर्धारित स्थानहरु निम्न बमोजिम निर्दिष्ट गरिएका छन् : ब्राह्मी-पूर्व, माहेश्वरी-उत्तर, कौमारी-आग्नेय, वैष्णवी-नैऋत्य वाराही-दक्षिण, ऐन्द्रि-पश्चिम, चामुण्डा-वायब्य र महालक्ष्मी-इशान । उल्लेखित दिशा एवं उपदिशाहरुमा रहने स्थिनिमा अष्टमातृकाहरुका प्रथम, द्धितीय र तृतीय आवरण पीठहरुको परिकल्पना गरिएको भेटिन्छ जस अनुसार सब भन्दा भित्र मध्य भाग र वाह्य भागको पीठ क्रमशः चित्त, वाक र काय चक्रमा रहेका आवरण पीठहरुको नामले बज्रयानी बौद्ध समाजमा ख्याति प्राप्त छन् ।[८]

**ब्राह्मी**



ब्रह्माद्वारा पठाइएको शक्तिको नाम ब्राह्मी हो । अतः यसको रुप पनि ब्रह्माको समान नै छ । विष्णुधर्मोत्तर पुराणमा बताइएको छ कि यस देवीको छः भुजाहरु तथा चार मुख हुनु पर्दछ, उनको दाँया हातमा स्त्रुव, सूत्र र बाँया हातमा पुस्तक तथा कुण्डी हुनुपर्दछ, उनको रंग पहेंलो हुन्छ, उनी समस्त आभूषणहरुबाट सुसज्जित तथा मृग चर्मलाई उत्तरीय धारण गरी हाँसमाथि आरुढ रहन्छिन् ।[९] हाँस ब्रह्माको वाहन हो तथा ब्रह्मा पनि स्त्रुवलाई धारण गर्दछ । ब्रह्माको चार मुखको पनि वर्णन गरिएको छ ।[१०] यस प्रकार ब्रह्माको शक्ति ब्राह्मीलाई पनि ब्रह्माको समान निर्माण गर्ने विधान निश्चित गरिएको छ । रुपमण्डनमा[११] पनि बताइएको छ कि ब्राह्मीलाई हाँसमा आसीन देखाउनु पर्दछ, उनको चारै हातमा अक्षसूत्र, कमण्डलु, स्त्रुव र पुस्तक हुनुपर्दछ । देवता मूर्ति प्रकरणमा चतुर्भुजी ब्राह्मीलाई पुस्तक, माला तथा पद्म धारण गरिएको बताइएको छ । उनको एक हात वरद मुद्रामा रहन्छ ।[१२]

कुम्भेश्वर मन्दिरको उत्तर पूर्व दिशामा पूर्वतर्फ फर्केको काष्ठको ब्राह्मीको मूर्ति कुँदिएको छ । यसमा तीनवटा शिर र छ हात सहित दुई हाँसमा आसीन छन् । बायाँ हातमा माथिबाट एकमा पुस्तक, अर्कोमा कमण्डलु र अर्को अभय मुद्रामा रहेका छन् । दायाँ हातहरु नासिएका कारण त्यति प्रष्ट छैन । तर एक हात वरद मुद्रामा प्रष्टसित देखिन्छ । यहाँ भएका प्रत्येक अष्ट मातृकाको नापो १६×१२ इन्चको रहेको छ ।

**माहेश्वरी**

शिवद्वारा उद्भूत शक्तिको नाम माहेश्वरी हो । विष्णुधर्मोत्तर पुराणमा बताइएको छ कि श्वेतवर्णी, जटा-जूटधारी माहेश्वरीको पाँच मुख र तीन नेत्र हुनु पर्दछ, उनी वृषभासीन हुन्छिन्, उनको छः भुजाहरु हुन्छन्, दायाँतर्फ तीन भुजाहरु मध्येको दुईमा क्रमशः सूत्र र डमरु हुन्छन् र एक वरद मुद्रामा रहन्छ । बायाँ दुई हातमा शूल र घण्टा,एक हात अभय मुद्रामा रहन्छ ।[१३]



श्री तत्वनिधिमा विष्णुधर्मोत्तर पुराणको विवरणलाई नै उधृत गरिएको छ, तर भुजाहरुको संख्यामा वृद्धि भएको छ । यसका अनुसार पाँच मुख र तीन नेत्र भएकी माहेश्वरी वृषभमा आसीन हुन्छिन्, उनको वर्ण श्वेत हुन्छ, भुजाहरु दश हुन्छन् र ललाट चन्द्र रेखाबाट अलंकृत हुन्छ । उनको दश हात मध्ये आठ हातमा खड्ग, बज्र, त्रिशूल, परशु, पाश, घण्टा, नाग र अंकुश हुन्छन् तथा शेष दुई हातमध्ये एक हात अभय मुद्रामा तथा दोश्रो वरद मुद्रामा हुन्छ ।[१४] रुपमण्डनका[१५] अनुसार माहेश्वरी वृषभमा आरुढ हुनु पर्दछ, उनको चार हात हुनु पर्दछ, जसमध्ये तीन हातमा कपाल, शूल र खट्वाङ्ग होस् र एक हात वरद मुद्रामा हुनुपर्छ । अंशुमद्भेदागममा जटा-मुकुटधारी माहेश्वरीको हातमा जपमाला र शूल प्रदर्शित गर्ने विधान छ । पूर्वकर्णागममा पनि श्वेतवर्णी त्रिनेत्री माहेश्वरीको हातमा शूल र अक्षमाला देखाउने कुरा लेखिएको छ ।[१६]

कुम्भेश्वर मन्दिरको दक्षिण पूर्व दिशामा पूर्वतर्फ फर्केको काठको माहेश्वरीको प्रतिमा कुँदिएको छ । पद्मपीठमाथि दोहोरो नन्दी माथ पद्मासनमा बसेकी माहेश्वरीका तीन शिर, १० हात देखाइएको छ । हातहरु सबै जीर्ण भएर खिइसकेको हुँदा के के आयुधहरु लिएको छ त्यो देख्न सकिदैन तैपनि दायाँ हात वरद मुद्रामा र बायाँ हात अभय मुद्रामा रहेको देख्न सकिन्छ ।

**वैष्णवी**



विष्णुबाट उद्भूत शक्तिको नाम वैष्णवी हो । विष्णुधर्मोत्तर पुराणमा[१७] बताइए अनुसार वैष्णवी गरुडमा स्थित हुन्छिन्, उनको रंग श्याम तथा भुजाहरु छः हुन्छन्, बायाँको दुई हातमा शंख, चक्र तथा एक हात वरद मुद्रामा

हुन्छ । देवी पुराणमा उनको वस्त्रलाई पहेंलो तथा हातमा शंख, चक्र, गदा र कमलबाट युक्त बताइएको छ ।[१८] रुपमण्डनमा यसलाई विष्णुको सदृश तथा गरुडमा आसीन देखाइएको छ । त्यस अनुसार वैष्णवीका चार भुजा हुनुपर्दछ । उनको चार भुजाहरुमा क्रमशः शंख, चक्र, गदा तथा एक हात वरद मुद्रामा हुन्छ ।[१९]

दक्षिण भारतीय ग्रन्थ पूर्वकर्णागमम्मा पनि वैष्णवीलाई ठीक यसै रुपमा वर्णन गरिएको छ । यसका अनुसार श्यामवर्णाकी चतुर्भुजी वैष्णवीको हातहरुमा शंख, चक्र, गदा र पद्म हुनु पर्दछ ।[२०]

कुम्भेश्वर मन्दिरमा उत्तर पूर्व दिशामा उत्तर तर्फ फर्केको काष्ठको वैष्णवीको प्रतिमा कुँदिएको छ। पद्मपीठमाथि दोहोरो गरुडमाथि वैष्णवी ललितासनमा आसीन भएको देखाइएको छ। वैष्णवीलाई हरियो रंगमा प्रस्तुत गरिएको छ। उनका ६ हात छन्, दायाँ हात वरद मुद्रामा र बायाँ हात अभय मुद्रामा रहेको छ। बायाँ हातको माथिल्लो हातमा शंख देखिन्छ तर अन्य हातहरु भने भाँचिसकेको हुनाले अस्पष्ट छ।

**बाराही**



विष्णुधर्मोत्तर पुराणका अनुसार बाराहीको वर्ण कालो र पेट (उदर) विशाल हुन्छ । उनको बाँया हातमा खेट, पाश रहन्छ र एक हात अभय मुद्रामा रहन्छ । दाँया हातमा दण्ड, खड्ग रहन्छ र एक हात वरद मुद्रामा हुन्छ ।[२१] रुपमण्डनले महिषमा स्थित बाराहीको हातमा घण्टा, चक्र गदा र पद्मको उल्लेख गर्दछ ।[२२] दक्षिण भारतीय ग्रन्थ अंशुमद्भेदागममा बाराहीको स्वरुपलाई केही भिन्न रुपमा प्रस्तुत गर्दछ, यसका अनुसार बाराहीको दुई हातमा हल र शक्ति तथा दुई हातमध्ये एक हात वरद मुद्रामा र अर्को अभय मुद्रामा हुन्छ ।[२३] पूर्वकर्णागममा हलको साथ मुसल पनि देखाउने भनिएको छ ।[२४]

कुम्भेश्वर मन्दिरको दक्षिण पश्चिम दिशामा पश्चिम तर्फ फर्केको काष्ठको बाराही मूर्ति कुँदिएको छ । बाराहीको मूर्ति पद्मपीठमाथि दुइवटा महिष माथी ललितासनमा बसेको देखाइएको छ । बायाँतर्फ फर्केको यो प्रतिमामा ६ हात छन्, दायाँ हात वरद मुद्रामा र बायाँ हात अभय मुद्रामा रहेको छ। शिरमा ताजपोश पहिरिएको छ, जीउभरि आउनेगरी हारमाला पहिरिएको छ ।

**इन्द्रायणी**



विष्णुधर्मोत्तर पुराणका अनुसार इन्द्रायणी स्वर्ण समान आभा भएको, गज (हात्ती) मा आसीन तथा सहस्त्र नेत्र भएको हुन्छिन् । उनको दायाँ हातमा सूत्र, बज्र तथा बायाँ हातमा कलश पात्र रहन्छ शेष दुवै हात अभय तथा वरद मुद्रामा हुन्छिन् ।[२५] गज र बज्रलाई वृहत्संहिता[२६] तथा अग्निपुराणमा[२७] इन्द्रको सवारी तथा आयुध बताइएको छ ।

रुपमण्डनमा इन्द्रायणीलाई सहस्त्र नेत्र भएको गजारुढ, बज्र, शूल र गदालाई धारण गर्ने बताइएको छ ।[२८] अंशुमद्भेदागममा पनि गजासीन, आभरणबाट अलंकृत, किरीटधारी, चतुर्भुजी र त्रिनेत्री इन्द्राणीको दुई हातमा शक्ति र बज्र तथा शेष दुई हातलाई अभय र वरद मुद्रामा बताईएको छ ।[२९]

कुम्भेश्वर मन्दिरमा उत्तर पश्चिम दिशामा पश्चिम तर्फ फर्केको काष्ठको इन्द्रायणीको प्रतिमा कुँदिएको छ । पद्मपीठमाथि दुईवटा हात्तीको माथी इन्द्रायणी ललितासनमा आसीन छिन् । उनको ६ हात मध्ये दायाँ हात वरद मुद्रामा र बायाँ हात अभय मुद्रामा रहेको छ । अन्य ४ हात टुटफुट भएकोले के लिएको छ भन्ने स्पष्ट देखिँदैन । जीउभरि फूलमालाको हार घाँटीमा मोतीमाला र शिरमा मुकुट लगाइएको छ ।

**कौमारी**

विष्णुधर्मोत्तर पुराणमा मयूरासीन कौमारीलाई रक्त वर्णको द्वादश भुजी बताइएको छ। उनको दायाँ हातमा शक्ति, पताका, दण्ड, पात्र र बाण अनि एक हात वरद मुद्रामा हुन्छ, बायाँ हातमा धनुष, घण्टा, कपाल, कुक्कुट र परशु हुन्छ ।[३०] रुपमण्डनमा कौमारीलाई चतुर्भुजी बताइएको



छ । यिनका अनुसार मयूरासीन कौमारीको वस्त्र रातो र चारै हातमा पद्म, शूल, शक्ति र गदा हुन्छ ।[३१] अंशुमद्‌भेदागम् मा चतुर्भुजी, त्रिनेत्री, कौमारीको हातमा शक्ति, कुक्कुट तथा दुई हात मध्ये एक हात अभय र एक वरद मुद्रामा देखाउने विधान निश्चित गरिएको छ ।[३२] पूर्वकर्णागम् मा उनको दुई हातमा शक्ति र अंकुश बताईएको छ ।

कुम्भेश्वर मन्दिरमा दक्षिण पूर्व दिशामा दक्षिणतर्फ फर्केको काष्ठको कौमारी मूर्ति कुँदिएको छ । पद्मपीठमाथि दुई मयूर र त्यसमाथि आरुढ पद्मासनमा बसेकी कौमारीका १२ हात र ६ शिर देखाइएको छ । शिरको दायाँबायाँ ध्वज पनि देखाइएको छ । प्रमूख दायाँ हात वरद मुद्रामा र बायाँ हात अभय मुद्रामा रहेको छ ।

**चामुण्डा**



विष्णुधर्मोत्तर पुराणमा चामुण्डालाई प्रेतमा बसेको रक्तवर्णी क्षीण, विकृत देहभएकी बताइएको छ । उनको दाँत निस्केको र उनको रुप भयंकर हुन्छ, उनको दश भुजाहरु हुन्छन्, जस मध्ये दायाँ तर्फको पाँच भुजाहरुमा मुसल,चक्र, वाण, अंकुश र खड्ग तथा बायाँतर्फको पाँच भुजाहरुमा ढाल, पाश, धनुष, दण्ड र कुल्हाडी हुन्छ ।[३३]

अपराजितपृच्छामा उनलाई शवमा स्थित बताइएको छ । चामुण्डाको यसै भयानक रुपको वर्णन रुपमण्डनमा पनि गरिएको छ ।[३४] अंशुमद्‌भेदागम् मा चामुण्डालाई त्रिनेत्री र चतुर्भुजी बताइएको छ । उनको हातमा कपाल एवं शूल र दुई हात अभय एवं वरद मुद्रामा हुन्छन् ।[३५]

कुम्भेश्वर मन्दिरको उत्तर पश्चिम दिशामा उत्तर तर्फ फर्केको काष्ठको चामुण्डाको प्रतिमा कुँदिएको छ । पद्मपीठमाथि दोहोरो प्रेतमाथि आसीन चामुण्डा रक्तवर्णकी नीलो रंगमा रंगाइएको देखिन्छ । उनको जीउमा करङ्ग नै करङ्ग देखिन्छ, पेट भित्र घसिएको छ । १० हात देखाइएको छ । मुकुट पनि बेग्लै प्रकारको छ, मुकुटको दायाँ बायाँ ध्वज देखाइएको छ । बायाँ हातमा सबै आयुधहरु स्पष्ट देखिएतापनि दायाँ हातमा भने खड्ग मात्र स्पष्ट देखिन्छ ।

**महालक्ष्मी**



विष्णुधर्मोत्तर पुराणको[३६] प्रतिमा शास्त्रीय दृष्टि अनुसार लक्ष्मी चार भुजा भएकी सिंहासनमा आसीन रहन्छिन् । सिंहासनमाथि अष्टदलयुक्त फुलेको सुन्दर कमलपुष्प चित्रित रहन्छ । उनको चार भुजाहरुमा क्रमशः कमल, अमृतघट, शंख र विल्वपत्र (श्रीफल) रहन्छ । उनको पछाडी दुई हात्ती सूंडमा जल भरेर तल तर्फ छर्कदै गरेको प्रदर्शित हुन्छ । उनको शिरमा कमलको छत्र प्रदर्शित हुन्छ । अग्निपुराणमा[३७] लक्ष्मीलाई चार भुजा भएको बताइएको छ । उनको दायाँ हात मध्ये एकमा शंख र अर्कोमा चक्र हुन्छ, बायाँ तर्फ एकमा गदा र अर्कोमा कमल हुन्छ । यस्तै पुराणहरुमा लक्ष्मीको दायाँ हातमा कमल तथा बायाँ हातमा विल्वफल (श्रीफल) धारण गर्ने भनी उल्लेख गरिएको छ ।

कुम्भेश्वर मन्दिरमा दक्षिण पश्चिम दिशामा दक्षिण तर्फ फर्केको काष्ठको महालक्ष्मी प्रतिमा कुँदिएको छ । पद्मपीठमाथि दोहोरो सिंहमाथि आसीन महालक्ष्मी ललिताशनमा देखाइएको छ । रंग उडिसकेको हुनाले स्पष्ट छैन, हातहरुका आयुध भाँचिसकेको हुनाले स्पष्ट छैन तैपनि दायाँ हात वरद मुद्रामा र बायाँ तर्फ माथिल्लो हातमा पाश र मुनिको मा अभय मुद्रा देखाईएको छ । तीन चोसो परेको मुकुट शिरमा लगाइएको छ र दायाँबायाँ ध्वज देखाइएको छ ।

अन्धकासुरसित भीषण युद्ध भइरहेको समय देवाधिदेव भगवान् रुद्रको मनमा भीषण क्रोधाग्नि प्रज्वलित भयो ।तिनको

मुखबाट अग्निको ज्वाला निस्क्यो । त्यस ज्वालाले एक देवीको रुप धारण गरिन् जसलाई योगेश्वरीको संज्ञा दिइयो । यस्तै किसिमले अरु देवताहरुले पनि आफ्नै रुप सदृश अन्य शक्तिको प्रादूर्भाव गरे । यसरी निम्न लिखित अष्ट मातृकाहरु प्रकट भए । ती मातृकाहरुलाई अष्ट विकारहरुका आठ अधिष्ठात्री देवीहरुका रुपमा लिइएका छन् । अष्ट विकार एवं तिनका अधिष्ठात्री देवीहरु अष्ट मातृकाहरु यी हुन् ।

| | |
|---|---|
| १. कामकी योगेश्वरी | २. क्रोधकी माहेश्वरी |
| ३. लोभकी वैष्णवी | ४. मोहकी कौमारी |
| ५. मदकी ब्रह्मायणी | ६. मात्सर्यकी ऐन्द्री |
| ७. पैशून्यकी चामुण्डा | ८. असूयाकी बाराही |

### भैरव



भैरवको रुप वारे प्रतिमा शास्त्रीय लक्षणमा उल्लेखित रुपमण्डन तथा विष्णुधर्मोत्तर पुराणमा यसरी वर्णन गरिएको छ । रुपमण्डनका अनुसार भैरव प्रतिमामा आठ हात हनु पर्दछ । उनको हातमा तलवार, पाश, शूल, डमरु, कपाल र सर्प प्रदर्शित हुनु पर्दछ तथा एक हात अभय मुद्रामा हुनु पर्दछ । विष्णुधर्मोत्तर पुराणका अनुसार भैरवको पेट निस्केको हुनु पर्दछ । आँखा गोलो र पहेंलो हुनुपर्दछ । देवताको दाँत बाहिर निस्केको होस् एवं उनको कपालमालाधारी तथा सर्पाभूषणहरुबाट सुसज्जित हुनु पर्दछ । उनको शरीरको रंग जलबाट भरेको मेघको सदृश हुन्छ । उसले हात्तिको छालालाई धारण गरी रहन्छ । उनको समस्त भुजाहरु आयुधबाट विभूषित हुन्छ, नङ्ग तीक्ष्ण हुन्छ र उ सर्पबाट पार्श्वमा स्थित पार्वतीलाई भयभीत गर्दै गरेको दृश्य प्रदर्शित गरिन्छ ।

शिव पुराणमा यसलाई शिवको पूर्ण रुप भनिएको छ जसलाई मानवले आफनो अज्ञानताको कारण बुझ्न सक्दैन ।

शारदातिलकमा तीन प्रकारको भैरव मूर्तिहरुको उल्लेख गरिएको छ – सात्विक, राजसिक र तामसिक भैरव । रुद्रयामलमा असिताङ्ग, रुरु, चण्ड, क्रोध, उन्मत्त, कपाल, भीषण, तथा संहार, आठ प्रकारको भैरव वर्णित छ ।[३८] ती प्रत्येकको पनि आठ प्रकारले विभाजित गरिएको हुन्छ ।



कुम्भेश्वर मन्दिरको परिसरमा अष्टदिक्पाल भैरवको काष्ठमूर्तिहरु, भैरवहरुको टुँडालहरु, क्षेत्रपाल भैरव, कीर्तिमुख भैरव र उन्मत्त भैरव रहेका छन् । मन्दिरको आग्नेय कोणमा जमिनको सतहभन्दा माथि योगेश्वर समिप कीर्तिमुख भैरवको मुखमात्र रहेको छ । यो प्रत्येक शिव मन्दिरमा हुने गर्दछ । कीर्तिमुख भैरवलाई शिवको शिर, वा शिवको शक्ति मानिन्छ । बालकृष्णसमद्वारा लिखित "नेपालको ललितकला" नामक पुस्तकमा चाँगुको गरुडनारायणको मुकुटमा बुढानीलकण्ठ नारायणको शिरमा पनि कीर्तिमुख भएको तस्वीर छापिएको छ । कीर्तिमुख भैरवले सबैको रक्षा गर्ने र यो शिर शक्तिको प्रतीकका रुपमा रहेको छ । मन्दिरको आग्नेय कोणमा बगलामुखी मन्दिरसित जोडिएको मन्दिरमा काष्ठको उन्मत्त भैरव रहेको छ । पश्चिम तर्फ फर्केको करिब ६ फिट अग्लो कालो रंग लगाइएको यो १४औं शताब्दीतिरको मूर्ति हो । नेपालमा भएको उन्मत्त भैरवमा यो सबैभन्दा पुरानो हो । दशवटा हातमा विभिन्न आयुध कपालपात्र, खटवाङ्ग, नरमुण्ड, खड्ग, डमरु, पास, कत्री राखिएका छन् । दुई हात विन्दु मुद्रामा छ । वेताल र सर्पमाथि टेकेर उभिएको छ । उन्मत्त भैरवको मूर्ति भएको कोठामा नै काठको गणेश, कुमार र देवीको तीनवटा मूर्ति पनि उत्तरतर्फ फर्काएर स्थापना गरिएका छन् । उमेर पुगेर पनि रजस्वला नभएकी कन्याले यसको दर्शन र स्पर्श गरेमा रजस्वला हुन्छ भन्ने विश्वास गरिन्छ र सन्तान नहुनेले सन्तानको कामना गर्दछन् ।

यो उन्मत्त भैरवको मूर्ति एउटै सग्लो काठमा कुँदिएको छ । अष्ट भैरव मध्ये उन्मत्त भैरवपनि पर्दछ । कुम्भेश्वर मन्दिरको आग्नेय कोणमा पश्चिम मुखमा काठकै उन्मत्त भैरव रहेको छ । यसमा पनि दश हात नै रहेका छन् तर शिर भने चारवटा रहेका छन् । यो विषयलाई आगामी अनुसन्धानमा अवश्य पनि समेटिनेछ ।

आग्नेय कोणमा निराकार ढुङ्गाको क्षेत्रपाल स्थापना गरिएको छ । हाम्रो संस्कृतिमा सर्वप्रथम क्षेत्रपाल भैरवको पूजा गर्ने चलन छ ताकि गर्न लागेको पूजा निर्विघ्न सु-सम्पन्न होस् । पूजा सकिसके पछि पुनः एकपटक यसको पूजा गरि फर्किने चलन छ । यस्तो गर्नुको मतलब निर्विघ्न पूजा सम्पन्न भएकोमा कृतज्ञता ज्ञापन गर्नु हो । उपत्यकाका मानिसहरुले भीमसेन र भैरवलाई एउटै रुपमा पुज्दछन् । यहाँको उन्मत्त भैरवलाई हेर्दा भीमसेन जस्तै देखिन्छ। कुम्भेश्वर मन्दिरको तोरणमा पनि भीमसेनको मूर्ति कुँदिएको हुँदा त्यो भीमसेनलाई पनि भैरव नै मानेर स्थापना गरेको हुनु पर्छ ।

## चतुर्मुखी शिवलिङ्ग

मन्दिर परिसरमा गौरी कुण्डको उत्तर र नाग पोखरीको दक्षिण खुला आकाश मुनि चतुर्मुखी शिवलिङ्ग रहेको छ। यस चुर्तमुखी शिवलिङ्गको माथिल्लो भागमा चारै दिशातर्फ शिवको विभिन्न रुपको मुकुट जस्तो शिरपोस लगाएका विभिन्न चिन्हहरुले सजिएका मुखहरु छन् । शिवका यी चारै वटा मुखहरुले शिवको सुक्ष्म स्वरुप प्रदर्शित गर्दछन् । दक्षिणतिर फर्किएको मुख शिवको भैरव स्वरुप हो । जसले क्रोधको प्रतिनिधित्व गर्दछ। यसको हाउभाउ शान्त देखिन्छ र यसले कानमा सर्पको कुण्डल लगाएको छ र शिरमा अर्धचन्द्र लगाएको छ । यसको पूर्वतिर महादेव छन् भने पश्चिमतिर नन्दीसँग सम्वन्धित भएको धारणा छ । नन्दीलाई शिवको वाहन भनेर मात्र बुझाउँदैन कि बरु शिव स्वयंलाई पनि बुझाउँदछ । उत्तरपट्टिको मुखले आधा शिव र आधा पार्वतीलाई प्रदर्शित गरेको छ र यस्तो स्वरुपलाई अर्धनारीश्वर भनिन्छ । यस्तो किसिमका मूर्तिहरु नेपालमा प्रशस्तै पाइन्छन् ।

यो चर्तुमुखी शिवलिङ्गले परम्परागत नेपाली चर्तुमुखी शिवलिङ्गको प्रतिनिधित्व गरेको छ । यसमा भएका चारै दिशाका विभिन्न स्वरुपले हातमा हिन्दू योगीहरुले समात्ने अक्षमाला र कमण्डलु लिएका छन् । चारवटा मुख भएकोले यसलाई चर्तुमुखी भनिन्छ । तर यसमा पाँचवटा मुख भएको मानिन्छ । लिङ्गको सवभन्दा माथिल्लो भागलाई पाँचौ अदृश्य मुखको रुपमा लिने गरिन्छ । उत्तरपट्टिको मुखमा शिवका दुई वटा मात्र नेत्र बनाइएका छन् जव कि पूर्व, पश्चिम र दक्षिणका मुखमा तीन नेत्र बनाइएका छन् । चारवटै शिरमा जटारुपी केश विन्यास छ भने चारैवटा शिरको जटालाई अक्षमालाहरुले बाँधेको देखाइएको छ । कानहरुमा बेग्लाबेग्लै किसिमका कुण्डल र मुन्द्री लगाएको देखाइएको छ । पूर्वपट्टिदेखिका मुखहरुका हातमा क्रमैले अक्षमाला र कमण्डलु, दण्ड एवं बिमिरो, चर्म एवं त्रिशूल, दर्पण एवं नीलोत्पल फूल लिएको देखिन्छ ।

समग्रमा यस शिवलिङ्गको रुद्रभाग मात्र पूर्ण रुपमा कुँदिएको छ । गोलाकार रुपमा रहेको विष्णु भाग थोरै अंशमा रहेको छ भने यसको ब्रह्म भाग देखिँदैन । यसको विष्णु भाग पनि षड्कोण वा अष्टकोणको नभएर साधा, गोलो रहेको छ । यस चतुर्मुखी शिवलिंगको अनुहार लाम्चो, मिलेका ओठहरु अर्धउन्मिलित आँखा र केही उठेको नाक बनाउन मूर्तिकारले निकै निपुणता देखाएका छन् । अनुहारमा आँखीभौंका डिलहरु धनुषाकारमा उठेको अवस्थामा मूर्तिकारले बनाएको छ । मूर्तिकारले यस शिवलिंगको सबैभन्दा माथिको साधा भाग एवं ईशान मुखलाई प्रष्ट रुपमा छुट्टयाउन शिवको उपल्लो जुरो नजिकबाट एउटा श्रृङ्गारयुक्त पेटी लिङ्गको चारैतिर बनाएको देखिन्छ ।

## गरूड नारायण



कुम्भेश्वर मन्दिरको उत्तरतिर शिवको जलहरि माथि पद्मपीठमा गोलाकार घेरामा गरुडनारायण बनाइएको छ । गरुडनारायणको दायाँ र बायाँ स-साना दोहोरो पद्महस्ता भएकी श्रीदेवी र भूदेवी पनि कुँदिएका छन् । हाल रहेको यो मूर्ति १३औं शताब्दीमा बनेको मूर्तिको रिप्लिका हो । पुरानो मूर्ति सन् १९७० को दशकमा चोरी भएको थियो ।

उडीरहेको गरुडमाथि पद्मासनमा बसेका चतुर्बाहु विष्णु बडो भावपूर्ण देखिन्छन् । चौडा छाती, बलिष्ठ हातगोडा, पुष्ट अनुहार, वाटुलो कम्मर यस मूर्तिका विशेषता हुन् । कानमा कुण्डल, गलामा बहुमूल्य हार यज्ञोपवीत धारण गरिएको छ । शिरको पछाडी ज्वालावली रहेको छ । चारै हातमा वालाहरु छन् । दायाँतर्फका दुई हातमा क्रमशः चक्र र पद्मबीज तथा बायाँ हातमा गदा र शंख लिएको देखिन्छ । कम्मरमा हल्का कम्मरबन्ध छ । जाँगमा पारदर्शी धोती पहिरेको छ । नारायणको पुष्ट भागमा बादलको दृश्य कलापूर्ण ढंगबाट बनाइएको छ ।

शिरमा घुंघुरिएका सुन्दर कपाल, कानमा कुण्डलं तथा गलामा सर्पको माला पहिरिएको गरुडको बडो आकर्षक मूर्ति रहेको छ। चेप्टो अनुहार, बाटुला आँखा थेप्चो नाक र मोटो ओठले गरुडको युवकोचित हृष्टपुष्ट शरीरको प्रदर्शन गरेको छ। मनुष्याकार यस गरुडको खुट्टाभने चराका जस्ता छन्। दुवै हात फिंजाएर उडीरहेको भावपूर्ण मुद्रामा यो गरुडको मूर्ति रहेको छ।

## लक्ष्मीनारायण


मन्दिरको उत्तर पूर्व दिशामा शिखर शैलीको सानो मन्दिरभित्र यो मूर्ति रहेको छ। वाङ्गदेलका अनुसार यो मूर्ति १९औं शताब्दितिरको हो। यसको नापो २०.५×१२ इन्च रहेको छ। आधाभाग लक्ष्मी र आधा भाग नारायणको मिलाएर बनेको संयुक्त मूर्ति हो। त्यसैले यसलाई लक्ष्मीनारायणको मूर्ति भनिएको हो। यो मूर्तिको देब्रे भाग लक्ष्मीको शरीर संरचना अनुरुप निर्माण गरिएको छ भने दाहिने भाग नारायणको शारीरिक संरचना अनुरुप निर्माण गरिएको छ। यस मूर्तिमा लक्ष्मी र नारायणका गरी जम्मा आठ भुजाहरु रहेका छन्। जसमध्ये दाहिनेतर्फका भुजाहरु नारायणका हुन् भने देब्रेतर्फका भुजाहरु लक्ष्मीका हुन्। दाहिनेतर्फका भुजाहरुमा नारायणका आयुध शंख, चक्र, गदा तीन भुजामा छन् भने सबैभन्दा अगाडिपट्टिको दाहिने भुजा अभय मुद्रामा देखाइएको छ। त्यसैगरी देब्रेपट्टिको भुजाहरुमा लक्ष्मीका प्रतीक स्वरुप पुस्तक, कमलको फूल, ऐना र एउटा चिन्न नसकिने वस्तु देखापर्दछ।

## राम

वाल्मिकी रामायणमा रामको सम्पूर्ण जीवनको क्रमिक विवेचना छ। रावणको संहार गर्नका लागि विष्णुले रामको अवतार लिएका थिए। एक महान् लोकनायकका रुपमा राम प्राचीनकाल देखि नै मानिएका छन्। रामायणमा रामको स्वरुप मुख्यत: दुई रुप वर्णीत छन्- नर रुप एवं ईश्वर रुप। पुराणहरुमा रामको जीवनको घटनाहरुको वर्णन गरिएको छ। वराहमिहिरले वृहत्संहितामा[३९] मात्र यति नै बताए कि रामको प्रतिमा १२० अङ्गुल लामो निर्मित हुनु पर्दछ। अग्निपुराण,[४०] रामलाई द्विभुज अथवा चतुर्भुज, दुवै रुपमा प्रदर्शित गर्ने निर्देशन दिन्छ, उनको हातमा धनुष, वाण, खड्ग र शंख हुनु पर्दछ। विष्णुधर्मोतर पुराणका अनुसार पनि रामलाई द्विभुज र चतुर्भुज, दुवै रुपमा देखाउन सकिन्छ। चतुर्भुज रुपमा उनको हातमा धनुष, वाण, खड्ग एवं शंख हुनु पर्दछ। उ राजपुरुषको रुपमा किरीट-मुकुट धारण गरेको होस्। साथमा लक्ष्मण, भरत एवं शत्रुघन पनि त्यसै भेषमा होस्, तर किरीट मुकुट धारण गरेको नहोस्।[४१] वैखानस आगममा[४२] रामको द्विभुजी प्रतिमाको नै वर्णन गरिएको छ। यसका अनुसार किरीट-मुकुट तथा अन्य आभूषणहरुबाट युक्त, धनुष-वाणधारी रामलाई त्रिभंग मुद्रामा प्रदर्शित गर्नु पर्दछ। उनको बायाँ पाश्र्वमा नीलोत्पल लिएको सीतालाई र साथमा लक्ष्मण तथा हनुमानलाई पनि देखाउनु पर्दछ।

मन्दिरको उत्तर पश्चिम दिशामा शिखर शैलीको मन्दिर गौरीकुण्डसंगै रहेको छ, यहाँ रामको मूर्ति कुँदिएको छ। यो मूर्ति आलीढासनमा छ। दुवै हातले धनुष समाएको छ। धोतीको पट्टा घुँडा सम्म आएको छ। टाउको पछाडी ज्वालावली छ, राम पद्ममाथि उभिएको अवस्थामा छन्। लिच्छविकालमा रामको मूर्ति कतै पनि बनेको देखिदैन। राजा जयस्थिति मल्ल आफूलाई रघुवंशी भन्न रुचाउँथे। सम्भवत: उनकै आगमन संगै रामको मूर्ति नेपालमा आएको हुनु पर्छ।

## कुबेर वा जम्वल



हिन्दु साहित्यमा कुबेरलाई धनको देवता मानिन्छ। यद्यपि यस शब्दको अर्थबाट यस देवताको शरीर कुरुपवान प्रकट हुन्छ तर वैभव एवं सौभाग्यबाट सम्बन्धित हुनुको कारण, ब्राह्मण, जैन तथा वौद्ध कलामा कुबेरलाई समादर तथा सम्मान दिइयो। कुबेरको मूर्ति सर्वत्र मिल्दछ। यसको प्रतिमामा लम्बोदर तथा दुई ठुला दाँत देखिन्छ। तर शरीर मूल्यवान आभूषणहरुले सु-सज्जित छ। हात, बाहु तथा घाँटीमा मणियुक्त आभूषण छ। शिरमा रत्नजडित मुकुट छ। कुबेर प्रतिमाको हातमा पैसाको थैली तथा मुसा (नेवला) समाएको छ। थैलीबाट कोषको परिज्ञान हुन्छ। मुसा पेटलाई दबाउनुले मणि ओक्लन थाल्दछ, यसै कारण मुसाको प्रतीक सार्थक हुन्छ। यी लक्षणहरुबाट कुबेर ऐश्वर्य एवं वैभवको देवता सिद्ध हुन जान्छ।

लम्बोदर हुनुको कारण कुवेर गणेश जस्तै सदृश प्रकट हुन्छ । विद्वानहरुले गणेशलाई शिवको गणनायक तथा कुवेरलाई कैलाश पर्वतमा निवास गर्ने भएका कारण सम्बन्ध गांसी यक्षहरुका साथ उत्तर दिशाको स्वामीका रुपमा कैलाशमा रहन्थ्यो, जसको वर्णन कालिदासले मेघदूतमा पनि गरेका छन् । धनको देवता एवं दिक्पालको रुपमा पनि यिनको अनेक कथाहरु प्राप्त हुन्छ । अथर्ववेदमा यिनलाई यक्षराजका नामबाट सम्बोधन गरिएको छ । रावले रामायणबाट यसको उत्पति भएको एक कथाको विवेचन गरेको छ, जसका अनुसार वैश्रवण (कुवेर) लाई ब्रह्माको मानस पुत्र पुलस्त्यको पुत्र भनिएको छ ।[४३]

शैव सम्प्रदाय वा हिन्दु दर्शनमा मुख्य चार दिक्पाल हुन्छन् । जसमा पूर्व इन्द्र पश्चिमको वरुण दक्षिण तर्फ यम र उत्तरमा कुवेर मानिन्छ । यसको अतिरिक्त अष्ट दिक्पाल र दश दिक्पालको वर्णन पनि पाइन्छ । त्यसैगरी तिब्बतको महायानी संप्रदायमा मुख्य चार दिक्पाल मानिन्छ । यिनीहरुलाई हातमा लिएको चिन्हको आधारमा ध्वजराज, खड्गराज, वीणाराज, र चैत्यराज पनि भनिन्छ । यी चारैवटाको समस्तिरुप यिनीहरुलाई चतुर दिक्पाल वा चतुर महाराज पनि भन्ने गरिन्छ । शैव संप्रदायमा उत्तर दिक्पालको कुवेर जस्तै बौद्ध संप्रदायमा जम्वल धनका देवता (नृपति) पनि मानिन्छ ।

यिनी वसुन्धरा अर्थात पृथ्वीका पुरुषाङ्ग रुपमा पनि लिइन्छ । यिनको पनि ठूला आँखा, विशाल पेट, एक हातमा न्याउरी मुसाले नोर्वु (मणिहरु) बमन गरेको देखाइन्छ । जम्वल अक्षोभ्यको परिवारमा पर्दछन् । साधनमाला अनुसार जम्वलले आफ्नो शिरमा अक्षोभ्यको मूर्ति धारण गरेको हुन्छ । वज्रसत्वको साधनमाला अनुसार यी तीनै देवताको परिवारमा जम्वललाई राख्न सकिन्छ । यसको मूर्ति गान्धार, गुप्त, मथुरा बङ्गाल र नेपालको कलामा प्रशस्त पाइन्छ । जम्वलको शान्त एक्लो एक टाउको भएको तीन टाउको भएको र यावयुम अनि त्यसैगरी नाङ्गो कुवेर उभिरहेको पनि पाइन्छ ।

**अन्नपूर्ण**

शाक्त तान्त्रिक परम्परामा महाविद्या अन्तर्गत पुजिने एक देवी अन्नपूर्ण पनि हुन् ।[४४] विभिन्न ठाउँमा पाइएका अन्नपूर्णका मूर्तिहरू एकै रुपका नभएर धैरै प्रकारका छन् । नेपालमा अन्नपूर्णलाई पूर्ण कलशको रुपमा पूजा गर्ने चलन पनि छ । असनको अन्नपूर्ण मन्दिरमा चाँदीको पूर्ण कलशलाई बौद्ध जगतले बसुन्धराका रुपमा अन्नपूर्ण मान्ने चलन छ । बौद्ध मूर्ति विज्ञान अनुसार दुई हातमा अन्नको वाला, धान्य मंजरी एक हातमा मंजरी लिएकी अर्को एक हातमा ज्वाहारातले भरिएको कलश लिएकी सदा सोह्र वर्षकी बनाउने चलन छ । शिवको साथमा सर्वदा रहने देवीहरु पार्वती, गौरी, उमा, जगतमाता, अवरा, कन्या, कन्याकुमारी, जगतधातृ, भद्रकाली, आदिमा अन्नपूर्णको पनि नाम आउँछ ।



अन्नपूर्ण पूर्णताका देवी र दाताको रुपमा शिवको सानिध्यमा हुन्छिन् । नेपालमा अक्सर गणेश, शैव मन्दिरमा भएका दुई हात भएको स्थानक अवस्थामा रहेकी एक हातमा कलश र अर्को हातले दाडुको वींड समाई आफ्नो हातले घडाबाट अन्न झिकी दान दिन तत्पर भएकी बनाएको पाईन्छ । अक्सर गरेर अन्नपूर्णको मूर्ति शिव मन्दिरको उत्तरपट्टि त्रिशिरा सगै त्रिशुल राखिने ठाउँमा नै राखिएको पाइएको छ । यस मन्दिरमा अन्नपूर्णलाई इशान कुनामा पूर्व फर्काएर राखिएको छ ।

अन्नपूर्णको दुई हात छन् । देब्रेतर्फको हातमा भांडो विशेष लिई कम्मरमा अड्याई समातेको देखाइएको छ भने दाहिने हातले उक्त भांडोबाट केही झिक्न लागेको भान पर्ने गरी कुँदिएको छ । भांडोभएपट्टिको कम्मर केही लच्केको देखाईएको यो मूर्तिमा पाँच चोसे मुकुट पहिर्याइएको छ । सुन्दरी र पूर्ण यौवना बनाउन कलाकारले हर सम्भव कोशिस गरेको देखिन्छ । पूरै मूर्ति ढाक्ने गरी ज्वालावली दिइएको छ । अन्नपूर्ण देवीको हिन्दु र बौद्ध दुवै सम्प्रदायमा महत्वपूर्ण स्थान रहेका छन् । नेपालका धेरै शिव मन्दिरहरुका प्राङ्गणमा जस्तो अन्नपूर्णको मूर्ति रहेको छ । पशुपतिनाथको मन्दिरमा, गोकर्णेश्वर महादेवको मन्दिरमा, सुनागुठी भृगारेश्वर मन्दिर, पाटनको कुम्भेश्वर ।

**शीतला**

पोखरी उत्खनन् गर्दा पाएर माथि ल्याइएको यो मूर्ति विफर लागे जस्तो देखिन्थ्यो । छ्याके भएकोले सबैले विफरको देवताको रुपमा पुज्न थाले । कुम्भेश्वर मन्दिरको



आग्नेय कुनामा पश्चिम मुख गरी शीतलाको मूर्ति रहेको छ । जुन बेला बिफर उन्मूलन भएको थिएन त्यतिखेरको समाजमा शीतलाको असाद्धै प्रशिद्धी थियो । बिफरबाट त्राण पाउने एउटै उपाय शीतलाको पूजा अर्चना गर्नु थियो । पहिले जस्तो शीतलाको पूजा अर्चना अहिले त्यति गरेको पाइन्न । तर प्रत्येक वर्ष चैत्र महिनाको कृष्ण पक्षको अष्टमीका दिनलाई शीतला अष्टमी मानेर पूजा अर्चना गर्ने चलन भने हराएको छैन ।

स्थानकाशनमा कुँदिएको यो मूर्ति कलाकारिताको दृष्टिले त्यति आकर्षक छैन । उनको चारै तिर बच्चाहरु पनि उभिएकै अवस्थामा छ । उनलाई पूर्ण वयस्क अवस्थामा चित्रण गरिएको छ । मोहन प्रसाद खनालका अनुसार हारिती, अजिमा वा शीतला भनी पुजिएका कुम्भेश्वर मन्दिरको मूर्तिमा हारितीका कुनै लक्षण पाईदैन । यो पुरुष मूर्ति हो ।[४५] देवता दायाँ हातमा कमल समाएर समभङ्ग मुद्रामा उभिएका छन् । उनको बायाँ हात एउटा सानो देवताको शिरमाथि छ । पी पालले आफ्नो ग्रन्थ "द आर्ट अफ नेपाल"मा यस मूर्तिमा भएको पद्म चिन्हको आधारमा यो विष्णु वा पद्मपाणीको मूर्ति हुन सक्ने बताएका छन् । मूर्तिमा पद्मको स्थितिलाई हेर्दा यो पद्मपाणीको मूर्ति हुन सक्ने संभावना देखिन्छ । यद्यपि आगामी दिनमा यसको अनुसन्धान जारी राख्नुपर्ने देखिन्छ । यो देवताले भारी कर्णकुण्ड, लामो गहना र हातमा चूरा लगाएका छन् । खुट्टासम्म आउने गरी धोती देखिन्छ । देवताको बायाँ काँध माथि एउटा गोलो झुप्पा जस्तो बस्तु देखिन्छ जुन एउटा कमलको फूल प्रतीत हुन्छ, जुन सूर्यको विशिष्ट पहिचान हो । अर्को दायाँ हातको बस्तु भाँचेको छ । तर पुष्पको पात भने देख्न सकिन्छ । यसरी मूर्तिको दायाँ र बायाँ कमलको फूल समातेको जस्तो देखिनुले यसलाई वाङ्गदेलले सौर्य मूर्ति भनी उल्लेख गरेका छन् ।[४६]

### चण्डेश्वर

उपत्यकामा रहेको अधिकाँश शिव मन्दिरमा चण्डेश्वरको मूर्ति रहेको पाइन्छ । यो मूर्ति मन्दिरको आग्नेय कोणमा रहेको हुन्छ । लकुलीश अर्थात चण्डेश्वरलाई शिवको प्रथम वा २८औं अवतार मानिएको छ । यसलाई नै पाशुपत मतका संस्थापक वा व्यवस्थापक मानिएको छ । चण्डेश्वर कुनै साधारण आसनीमा उभिएका हुन्छन् । उनका चार हातहरु हुन्छन् ।



चार हातहरुमा त्रिशुल, अक्षमाला, मातुलिङ्ग र कमण्डलु हुन्छन् । तल्लो शरीरमा धोती माथिल्लो शरीर निर्वस्त्र, गलामा हार, हातमा केयूर तथा कङ्गन, कानमा कुण्डल तथा टाउकोमा जटामुकुट हुन्छन् ।

यस कुम्भेश्वर मन्दिरको परिसरको आग्नेय कोणमा रहेको पश्चिम मुख भएको मूर्ति चण्डेश्वरको हुनुपर्छ । हुनसक्छ यहाँ पौरुष लिंग छोपी, पार्वती सहितको बनाएको हो । यस युगल मूर्तिको अगाडी बसाहा पनि छ । तुम्बी सहितको चार हात र आग्नेय कोणमा पश्चिममुख एवं स्थानक मूर्ति भएको हुँदा यो नै चण्डेश्वरका मूर्ति हो । यो मूर्ति कमसल प्रस्तरमा निर्मित हुनाले खिइँदै गइरहेको छ ।

### योगेश्वर



योगीहरुमा पनि सर्वश्रेष्ठ महात्मा योगेश्वर हुन् । शैव तन्त्रले योग साधनाका प्रवर्तक भगवान् शिवलाई मानेको छ । योग साधनाको प्रवर्तन आद्य ऐतिहासिक कालतिरै भइसकेको दृष्टिगोचर हुन्छ । सैन्धव उत्खननमा प्राप्त योगमुद्राका शिवको मूर्तिलाई उदाहरणको रुपमा लिन सकिन्छ । यो परम्परा विकसित हुँदै पछिसम्म पनि लौकिक जीवनमा चलेर आयो । यसको एउटा उदाहरण कुम्भेश्वर मन्दिर परिसरको आग्नेय कोण पट्टि रहेको योगेश्वरको प्रस्तर मूर्तिलाई लिन सकिन्छ ।

पद्मासनमाथि भद्रासनमुद्रा जमाई योग-साधनामा तल्लीन यी योगेश्वर आफना दुवै घुँडालाई छड्के पारेर माथि उठाई, योगपट्टले घुँडाकसी बसेका छन् । यिनको कोरली परेको केश लामो र जटा परेको छ । यिनले गलामा रुद्राक्षमाला धारण गरेका छन् । यो मूर्तिलाई सरस्वतीको मूर्ति ठानेर दर्शन, पूजन गर्ने चलन रहेको पनि देखियो । तर यथार्थमा यो मूर्ति महादेवकै पुरुषाकार हो र उनी सदाशिव हुन भन्ने कुरा यिनको प्रतिमा लक्षणबाटै प्रष्ट हुन्छ । यो शिवको मूर्ति अहिले खुला आकाशमुनि छ । योगेश्वरको प्रतिमा कुम्भेश्वर मन्दिरको उत्तर पट्टिको तोरणमा पनि कुँदिएको पाइन्छ ।

## मन्दिर परिसर बाहिर रहेका मूर्तिहरू

### महाँकाल



कुम्भेश्वर मन्दिर प्रवेश द्वारसँगै उत्तर दिशामा महाँकालको मूर्ति अवस्थित छ । पञ्च बुद्धमध्ये अक्ष्योभ्यबाट उत्पन्न यो एक महत्वपूर्ण देवता हो ।[४७] उनी उग्र स्वभावको देवता हो । यसको वर्ण कालो हुन्छ । यस देवतालाई दुई रुपमा प्रदर्शित गर्ने गरिन्छ । एकमुखी रुपमा यसका दुई, चार अथवा छ हात हुन्छ । अष्ट मुखीमा यसको तीन नेत्र र सोह्र भूजा देखाइन्छ । देवता नरमुण्डहरुको माला एवं सर्प यज्ञोपवीत धारण गरेको आफनो लामो दाँतहरुलाई मुखबाट बाहिर निकालेको भयानक रुपमा प्रदर्शित हुन्छ । बौद्ध धर्मको वज्रयानमा यस देवतालाई एक विशिष्ट स्थान दिइएको छ । तान्त्रिक साधनाको यो मारक देव हो । यस्तो धारणा पनि छ कि यो देवता कुमार्गी बौद्धको शत्रु हो र त्यसको चर्वण गर्दछ ।[४८] साधनामालामा यस देवतालाई मेघमाया, यमदूती, कालदूती, कालिका, चर्चिकाम, चण्डेश्वरी र कलशेश्वरी आदि देवहरुबाट घेरिएको वर्णित गरिएको छ । महाँकाल भैरव शिवको नै रुप मानिन्छ तर हिन्दु र बौद्ध दुवै सम्प्रदायका मानिसहरुले महाँकाललाई उग्र र तान्त्रिक देवताका रुपमा मान्ने गर्दछन् भैरव एवं महाँकालको प्रथम उल्लेख विष्णुधर्मोत्तर पुराणमा पाइन्छ । उक्त पुराण अनुसार दाहिने कम्मर भन्दा मुनीको भाग नितम्ब ठुलो भएको अथवा दाहिने अंग ज्यादा प्रदर्शित गरिएको मूर्तिलाई भैरव भनिन्छ भने सम्मुख दर्शन पद्धतिबाट निर्माण गरिएको मूर्तिलाई महाँकाल भनिन्छ । महाँकालको स्वरुप जहिले पनि कालो हुने गर्दछ । मत्स्य पुराण अनुसार शिवले पार्वतीलाई काली भनेपछि प्रति उत्तरमा पार्वतीले शिवलाई महाकाल हुने श्राप दिइन् । फलस्वरुप महाँकाल उत्पत्ति भएको हो । बज्रयानी बौद्धमार्गीहरुले पछिबाट महाँकाललाई आफ्नो सम्प्रदायमा गाभेको ठहर गर्दछ ।

सोह्रौं र सत्रौं शताब्दीताका उपत्यकामा महाँकालका मूर्तिहरु प्रशस्त मात्रामा बनेको पाइन्छ । मूर्तिकारले महाँकाललाई ठूलो जीउ, मोटो हात खुट्टायुक्त र भयंकर अनि डरलाग्दो रुपमा उत्कीर्ण गरेको छ । मूर्ति फलकमा, महाँकाल पादपीठमाथि लमतन्न भई उत्तानो सुतेको बेतालमाथि उभिएको देखिन्छ । जीउ र हातखुट्टा बनाउँदा मूर्तिकारले समानुपातिक पद्धतिलाई अङ्गिकार गरेको देखिदैन । फलस्वरुप, महाँकालको जीउको अनुपातमा खुट्टा छोटो देखिन्छन् भने शरीरको बनोट भद्दा देखिन्छ । महाँकालको शिरमुनी प्रष्ट देखिने गरी सानो अक्ष्योभ्य बुद्ध कुँदिएको छ । महाँकालले नरमुण्डमाला लगाएको छ, जुन उसको पिडौंलासम्म पुगेको देखिन्छ । महाँकालका दुई हातहरु छन्, जसमध्ये एक हातमा कर्त्रि छ भने अर्को एक हातमा खटवाङ र पात्र देखिन्छ । नाडीमा सर्पद्वारा बनिएका बाला देखिन्छन् अनि पाखुरामा पनि सर्पकै केयुर छ । गलामा हार छ । कानमा सर्प कुण्डल लगाएको छ । मूर्तिकारले महाँकालको अनुहार बनाउँदा उन्नत ललाट, उठेको आँखीभौं, गोलाकार, ठूला एवं डरलाग्दा आँखा, जुंगा, निधारमा टीका र टाउकोमा ठाडा पारिएका जटामुकुट बनाएको छ ।

### पद्मपाणि अवलोकितेश्वर



कुम्भेश्वर मन्दिर परिसर बाहिर पश्चिमपट्टि रहेको ढुङ्गेधारामा दक्षिणतिरको खोपामा उत्तरतर्फ फर्केको लोकेश्वरको असाध्यै राम्रो मूर्ति रहेको छ । बोधिसत्वमा अवलोकितेश्वर सबैभन्दा धेरै लोकप्रीय छ । महायान ग्रन्थहरुमा अमिताभसित सम्बन्धित

बोधिसत्वलाई पद्मपाणि भनिएको छ, किनकि उनको हातमा कमल पुष्प (पद्म) रहन्छ । महावस्तुका अनुसार भगवान, अवलोकितेश्वर बोधिसत्वको रुपमा पृथ्वीमा अवतरित भए, जसको मुख्य कार्य जनहितको लागि चारै दिशाहरुमा अवलोकन गर्नु थियो । यसैले पद्मपाणिको नामकरण अवलोकितेश्वर हुन गयो । यिनी अमिताभ बुद्ध र बुद्ध शक्ति पाण्डुराबाट उत्पन्न मानिएको छ । शाक्यमुनि गौतम बुद्ध र मैत्रेय बुद्धको बीचको समयमा अवलोकितेश्वरले महान त्याग गरी निर्वाण पद प्राप्तिलाई पनि तब सम्म अस्वीकार गरे जब सम्म सबै प्राणीहरु सम्बोधि प्राप्त नगरोस् । यसैले यिनी सबै जीवको आध्यात्मिक ज्ञान बुद्धिको लागि सतत् प्रयत्नशील छन् । यही कारण यिनलाई अनेक रुप धारण गर्नु पर्दछ । यिनमा अपार करुणा छ र समस्त जीव निर्माणको लागि प्रयत्न गरी रहन्छ । यही बोधिसत्वको कल्पना महायानको आदर्श हो ।

अवलोकितेश्वरको कलामा चित्रण अनेक रुपमा हुन्छ । लगभग तीन/चार दशक पुरानो अवलोकितेश्वरको १०८ रुपको चित्र काठमाडौंको श्रीकनक चैत्य महाविहार, मच्छिन्द्रबहालमा प्रदर्शित छ । तर साधनमाला तथा अन्य बौद्ध ग्रन्थमा अवलोकितेश्वरको पन्ध्र रुपको मात्र वर्णन प्राप्त हुन्छ, जसमध्ये चौधको ललाटकमाथी अमिताभ र पन्ध्रौंमा पंच बुद्ध अंकित हुन्छ । साधनमालाका अनुसार नै विविध आभूषणबाट अंलकृत अवलोकितेश्वर प्रतिमाको चतुर्भुज, त्रिभुज र त्रिनेत्र हुनु पर्दछ, उनको शरीर सुनौलो होस्, दुई हात व्याख्यान मुद्रामा र शेष दुई हात मध्ये दायाँ वरद मुद्रामा तथा बायाँ हातमा नाग केशर देखाउनु पर्दछ ।

मूर्तिकारले ज्यादै मिहिनता र सूक्ष्मताका साथ आफ्नो शिल्प प्रस्तुत गरेको छ । पद्मपाणि लोकेश्वरलाई स्थानक रुपमा प्रस्तुत गरिएको छ । उनको दाहिने हात वरद मुद्रामा छ र देब्रे हातले कम्मर मुन्तिर तिघ्राको आड लिएर कमलको डांठलाई समातेको अवस्थामा देखाइएको छ । उनले समातेको कमलको डांठ लोकेश्वरको शरीर सुपुष्ट, अग्लो छ । अनुहार लाम्चो छ । आँखा अर्धउन्मिलित छन् । कानमा कुण्डल हुनुका साथै शिरमा मुकुट अलंकृत छ । घाँटीमा कण्ठहार, पाखुरामा नागपाश र नाडीमा चुरा लगाइएको छ । लोकेश्वरको कम्मरमाथिको भाग नाङ्गो छ तर तल्लो भाग भने कम्मरदेखि घुँडामुन्तिर सम्म धोतीले ढाकिएको छ । मूर्तिकारले धोती बनाउँदा दुई तिघ्राबीचको धोतीको फुर्कोलाई केस्रा मुजायुक्त देखाएको छ । लोकेश्वरको डोरिया शैलीको पटुकाको फेरोलाई एकैचोटि थिचिराखेको देखिन्छ । लोकेश्वरको दाहिने हात वरद मुद्रामा रहेको छ । ती देवताको एउटा हात अनुकम्पित रुपमा फैलिएको छ । अर्को हातमा पूर्णरुपमा फक्रिएको कमलको फूल लिएको देखिन्छ ।

उनले 'पद्मपाणि लोकेश्वर' अथवा 'कमल हातमा भएका देवता' भन्ने बैकल्पिक नाम लिएका छन् । एउटा कमल, उनका फैलिएका हातलाई टेवा दिने र अर्को कमल, पानी, पोखरी भित्रैबाट निस्किएको जस्तो गरी कुँदिएकोछ अनि पिठिकाको रुपमा रहेको छ । यी देवताले बाटेको कपालमाथि तीन वटा चुच्चा भएको प्रभावकारी मुकुट पहिरिएका छन् । उक्त मुकुटको बीचको चुच्चोमा बसेको एउटा सानो मूर्ति रहेको छ । जसले अवलोकितेश्वर वंशका प्रमुख परम बुद्ध अमिताभको प्रतिनिधित्व गर्दछ ।

**महामृत्युञ्जय**



वैदिक साहित्यले मानिसलाई मृत्युबाट नडराउन सल्लाह दिन्छ । किनभने मानव शरीर अस्थाई तत्वहरुले बनेको छ जुन नाश हुनको लागि नै बनेको हुन्छ । योगी जसले यस संसारको वास्तविकतालाई बुझ्दछ मृत्युलाई सर्वोच्च आनन्दको रुपमा लिन्छ । भयमुक्त जीवन बाँच्नु नै स्वयंमा एउटा जीवन हो यसर्थ उपनिषद्ले मानवलाई मृत्युबाट नतर्सन र विना मृत्युको त्रासले बाँची सुख र आनन्द पूर्वक जीवन बाँच्न मार्ग निर्देशन गर्दछ ।

हिन्दु धर्ममा रुद्रशिवलाई विनाशकारी देवताको रुपमा वर्णन गरिएको छ । वैदिक मन्त्रमा आर्यहरुले आफ्नो र आफ्ना परिवारको सु-स्वास्थ्य, दीर्घायुका, निमित्त रुद्रशिवको प्रार्थना गर्दछन् । यसरी रुद्रशिव दीर्घायु र सु-स्वास्थ्यको निमित्त लामो समयदेखि हिन्दुहरुले पुज्दै आएका देवता हुन । तन्त्रको पनि यही धारणा रही आएको छ । मृत्युञ्जयलाई निरन्तर पुज्दै आएको छ । एघार रुद्र मध्ये छ रुद्र आउन लागेको मृत्यु माथि विजय पाउनु रहेको छ । नेपालको मूर्तिकलामा वैदिक र तान्त्रिक दर्शन दुवैको प्रभाव छ । मृत्युलाई जित्न मृत्युञ्जयको थुप्रै पक्षको कल्पना गरिएको

छ । तिनीहरु मध्ये केही विशेषताहरु अनुपम छन् । वि.सं. २०१९ सालमा वीर पुस्तकालयबाट प्रकाशित प्रतिमा लक्षणसारमा आधारित देवता चित्र संग्रह र रुप मण्डनमा मृत्युञ्जयको वर्णन उस्तै छ । मुकुन्द राज अर्यालका विचारमा कुम्भेश्वरको ढुङ्गेधारानिरको मृत्युञ्जय मूर्ति र चाँगुनारायण किलेश्वर मन्दिरको तोरणमा बनेको मृत्युञ्जय जस्तो मूर्ति सम्पूर्ण भारतमा पनि छैन । यो नेपाली कलाको अद्‌भूत सोच हो । धेरै विद्धानहरु पाटनको कुम्भेश्वर मृत्युञ्जयलाई कुम्भेश्वर नै मान्दछन् । यसमा मेरुतन्त्रबाट प्रतिमा लक्षणहरु लिइएको छ ।[३९]

**बृहत् पुरश्चर्यार्णव**मा महामृत्युञ्जय ध्यान यस प्रकार दिइएको छ [४०] - स्फटिक समान शुद्ध, तेजिलो, रक्त वर्ण हुनु भएका, गलामा मोतिसदृश अक्षमाला धारण गर्नु भएका, आफ्ना चतुर्बाहु मध्ये दुई हातले अमृत कुम्भ र दुई हातले ज्ञानमुद्रा प्रदर्शित गर्नु भएका, नागको गहना लगाउनु भएका, तीन नेत्र हुनुभएका, आफ्नो शक्ति सहित विविध अलङ्कारहरुले सु-शोभित हुनु भएका यस्ता दक्षिणामूर्ति स्वरुप मृत्युञ्जय (कुम्भेश्वर)लाई म ध्यान गर्दछु ।

धाराको पश्चिम पट्टिको भित्तामा २१×२० इन्च नाप भएको महामृत्युञ्जय मूर्ति रहेको छ । यस मूर्तिमा मृत्युञ्जय आफ्नो शक्तिका साथ कमलको आसनमा विराजमान छन् । उनको त्रिनेत्र छन् र उनकि शक्तिले पनि दुईहातमा अमृतको घडा लिएर बसेका छन् । यस मूर्तिलाई महामृत्युञ्जय भनेर सिद्ध गरिने आधार शिव र पार्वती दुवैले अमृतको घडा लिएर बसेकाले हो र अष्ट चिरञ्जीवी मध्ये एक मार्कण्डेय ऋषिले स्तुति गरिरहेको देखाइएको छ । फलकको सवै भन्दा माथिको खण्डमा छत्र, हातमा फुलमाला लिइरहेका परिहरु त्यस्तै बीच भागमा चारवटा शिव स्वरुपका रक्षकहरु शिवकै आयुध र भेषभूषामा दर्शाएको छ । ठूलो फकिएको फूलमाथि शिव पार्वती पलेटि कसेर बसेका छन् र शिवको बायाँ तिघ्रामाथि नै पार्वती पनि पलेटी कसेर वसेकी छिन् । यस्को कलापक्ष अतीविशिष्ट तवरले उठ्ने गरी कुँदिएको छ ।

## विष्णु चतुर्व्यूह

प्रतिमाशास्त्रले वर्णन गरेअनुरुप विष्णुका मूर्तिहरु दुई समूहमा बनाइने गरिन्छ । प्रथम समूहलाई चार व्यूह समूह (चतुर्व्यूह) भनिन्छ भने दोश्रो समूहलाई चौबीस व्यूह समूह (चतुर्विशती) भनिन्छ । चार व्यूह समूह अन्तर्गत विष्णुका चार आदि अवतार वासुदेव, संकर्षण, अनिरुद्ध र प्रद्युम्नका मूर्तिहरु बनाइन्छ । जब कि चौबीस व्यूह समूह अन्तर्गत विष्णुका चार हातमा देखापर्ने शंख, चक्र, पद्म,गदा रुपी आयुधहरुलाई घुमाई



घुमाई फरक-फरक हातहरुमा देखाएर जम्मा चौबीस प्रकारका विष्णुका मूर्तिहरु बनाइन्छ ।

पाटनको कुम्भेश्वरमा विष्णुको चतुर्व्यूहको एउटा मूर्ति छ । यस मूर्तिलाई पालले ईसाको पन्ध्रौं शताब्दीतिरको मान्नुभएको छ । यो मूर्ति शिव लिंग झै एउटै प्रस्तरको चारपट्टि कुँदेर बनाइएको मूर्ति हो । एउटै प्रस्तरमा पूर्व, पश्चिम, उत्तर, दक्षिणका पाटाहरुमा क्रमशः वासुदेव, संकर्षण, प्रद्युम्न र अनिरुद्रका स्थानक मूर्तिहरु मूर्तिकारले उत्कीर्ण गरेको छ । तर यी चारवटै मूर्तिहरु वास्तवमा चतुर्भुजी विष्णुका उभिएका मूर्तिहरु हुन् । ती मूर्तिका दायाँ लक्ष्मी र बायाँ गरुडका स्थानक मूर्तिहरु उत्कीर्ण गरिएका छन् । मूर्तिकारले विष्णुलाई एउटा अग्लो आसनमाथि उभ्याएको छ । विष्णुको शरीरको तल्लो भागमा मूर्तिकारले धोती र धोतीका मुजाहरु बनाएको छ । विष्णुको शरीरको माथिल्लो भागमा यज्ञोपवित, कण्ठहार, नाडीमा बाला, पाखुरामा केयुर, कानमा कुण्डल, र शिरमा मुकुट बनाइएको छ । शिरको पृष्ठ भागमा गोलाकार ज्वालावली सहितको प्रभा मण्डल देखापर्दछ । मूर्ति फलकमा लक्ष्मी र गरुडको मूर्ति विष्णुको भन्दा निकै होचो र साना छन् । यी दुवै मूर्तिको पादपीठ पनि विष्णुको पादपीठ भन्दा होचो छ । साथै लक्ष्मीको पादपीठमा कमल छ ।

लक्ष्मी त्रिभङ्ग मुद्रामा देखिन्छ । उनको बायाँ हातले डंण्ठसहितको कमल समातेको छ । लक्ष्मीको नाडीमा बाला, पाखुरामा बाजु, गलामा कण्ठहार, कानमा पुष्प कुण्डल देखिन्छन् । यसैगरी गरुडका खुट्टाहरुमा ठूला-ठूला सर्पका कल्लीहरु बनाइएको छ । उनको कम्मरमा लत्रिएको पटुका बेरिएको छ अनि सर्पमाला लगाएको देखिन्छ । उनी अञ्जली मुद्रामा उभिएका छन् । विष्णुको प्रभा मण्डलका अतिरिक्त गरुड र लक्ष्मीको पनि छुट्टै प्रभामण्डल बनाइएको छ । समष्टिगत रुपमा कुम्भेश्वरको यो व्यूह मूर्ति ज्यादै आकर्षक र त्यसताकाको मूर्तिकारको कार्य कुशलताको प्रतिकका रुपमा रहेको देखिन्छ । १४×१२ इन्च नापको यो मूर्ति त्यस ढुङ्गेधाराको मुख्य आकर्षणको केन्द्र भएको छ ।

## उमामहेश्वर



उमामहेश्वर-मूर्ति निर्माणको परम्परा मध्यकालमा पनि उत्तिकै लोकप्रीय रह्यो । सामान्यतया मूर्तिकलाको विकास क्रमका दृष्टिले पहिलेको जस्तो भाव परक र सरल शैलीका सट्टामा मध्यकालमा मूल विषय वस्तुतिर भन्दा पनि तन्त्रका गुढ रहस्य झल्कने, बढ्ता कलात्मक र वस्त्र आभूषणले सजिएका एवं जटिल शैलीका मूर्तिहरु बनेका देखिन्छन् ।

कुम्भेश्वर मन्दिर परिसर बाहिर पश्चिमपट्टि रहेको ढुङ्गेधारामा उत्तर पूर्वतिरको खोपामा दक्षिणतर्फ फर्केको उमामहेश्वरको मूर्ति छ । उमामहेश्वर मूर्ति फलकमा तीन तहमा मूर्तिहरु उत्कीर्ण गरिएको पाइन्छ । सबैभन्दा शिरान भागमा देवदूत, दिक्पाल, सूर्य-चन्द्र आदि बनाइएको हुन्छ । यसरी नै सबैभन्दा तल्लो भागमा नृत्य मुद्रामा शिव गणहरु, गणेश, नृत्यकार, वाद्यवादकहरु उत्कीर्ण गरिएको हुन्छ । यस मूर्ति फलकको सिरान भागमा जय र विजयका आकृतिहरु छन् साथै दायाँपट्टिको भागमा चतुर्वाहु गंगाको आकाशमा उडेर शिवको शिरमा पानीले अभिषेक गर्दै गरेको मूर्ति देखिन्छ । गंगादेखि माथि छत्र र छत्रदेखि माथि पीठ सहितको शिवलिंग उत्कीर्ण गरिएको छ ।

यसरी नै सिरान भागको दायाँ-बायाँ चन्द्र र सूर्यको आकृति बनाइएको छ । आकाश देखाउन बादलको आकृति समेत बनाइएको छ । मूर्ति फलकको माझको भागमा शिव र पार्वतीलाई बसेको अवस्थामा उत्कीर्ण गरिएको छ । शिव दाहिने खुट्टा तल भूइमा टेकेर बायाँ खुट्टा पलेटी मारेर बसेका छन् । पार्वतीको दायाँ हात शिवको बायाँ तिघ्रामाथि छ भने बायाँ हात आफ्नै देब्रे खुट्टाको घुँडामाथि राखिएको देखिन्छ । पार्वतीको दायाँ खुट्टा भने भूईतिर तल झारिएको छ । शिवलाई चतुर्वाहुका रुपमा देखाइएको छ र चतुर्वाहुमध्ये माथिल्ला दुई हातमा अक्षमाला र त्रिशूल देखा पर्दछन् भने तलको बायाँ हात पार्वतीको काँधमाथि छ । शिवको तल्लो दायाँ हात वरद मुद्रामा देखिन्छ । शिव-पार्वती दुवैले कण्ठहार, कुण्डल, बाला, केयुर लगाएका छन् भने शिवको शरीरमा यज्ञोपवित प्रस्टसित बनाइएको छ । पार्वतीको समस्त अङ्गप्रत्यङ्ग बक्रात्मक आकृतिमा शिवको जीउतिर लेपसिएको छ । शिवको शिर पार्वतीतिर ढल्केको देखापर्दछ । झट्ट हेर्दा शिवपार्वतीका मूर्तिले लावण्य र मायालु भावलाई झल्काउँछ । महादेवलाई जोगीका रुपमा भन्दा पनि भोगीको रुपमा बनाएको अड्कल काट्न सकिन्छ । यस मूर्ति फलकको सबैभन्दा तल्लो भाग नन्दी, भृङ्गी लगायत शिव गणहरु नृत्य मुद्रामा लयात्मकता प्रस्तुत गर्न मूर्तिकार सफल देखिन्छ ।

## कालियदमन



त्यस्तै ढुङ्गेधारामा उत्तरमा बीचमा रहेको ढुङ्गेधाराको माथि यो मूर्ति रहेको छ । श्रीमद्भागवत पुराणमा उल्लिखित श्री कृष्णको बाललीला तथा श्रीकृष्णद्वारा भयानक कालिय नागलाई दमन गरेको कथालाई विषयवस्तु बनाएर प्रस्तुत गरेको पाइन्छ । दानव शक्तिमाथि दैविक शक्तिको विजयको प्रतीकका रुपमा मूर्तिकारले यमुना नदीको दहभित्र बस्ने भयानक, विषालु काली नागसित बालक कृष्णको भिडन्त र कृष्णले काली नागको दमन गरेको प्रसङ्गलाई प्रस्तर कलामा आफ्नो उच्च स्तरीय कलाको नमुना पेश गरेको छ । नाग परिवारका नागलाई मनुष्याकृत गरी ज्यादै सजीवताका साथ मूर्तिकारले निर्माण गरेको छ ।

१३×९ इन्च नापको कालियदमनको यो सुन्दर मूर्ति धाराको उत्तरतर्फको बीचको खोपामा छ । यस मूर्तिको शैली काठमाडौंका अन्य दुई कालियदमन मूर्तिको भन्दा फरक छ । यस मूर्तिमा बालक कृष्णलाई हुर्किसकेको रुपमा देखाइएको छ । कालिय नागलाई अन्य मूर्ति फलकको दाँजोमा सानो देखाइएको छ । नागको गुडुल्किएको शरीर छ वटा शिरको छत्र अनि निकै आकर्षक छ । कालिय नागलाई दमन गर्ने विषयवस्तु प्रस्तुत भएको कृष्णको हातमा अश्त्रको रुपमा कपडाको टुक्रा नै देखाउने प्रचलन छ । तर यस मूर्तिमा भने बुट्टा काटिएको गदा बनाइएको छ ।

### शिव भाष्कर



उक्त धाराप्राङ्गणको उत्तर पश्चिममा दक्षिण फर्केको यो मूर्ति राखिएको छ । आदिकालमा जब ब्रह्माण्डबाट ब्रह्मा उत्पति भयो त उनले सर्वप्रथम ओऽमको उच्चारण गरे । यही ओऽमलाई सृष्टिको प्रथम शब्द तथा सूर्यको शरीर भनिन्छ । जब ब्रह्माको चारै मुखबाट वेद प्रकट भयो तब यिनी सूर्यको तेजबाट प्रकाशित भइन्, सूर्यको सर्वव्यापी प्रकाशले उनलाई एकीकृत शक्ति पुंज बनाई दिए । यही एकीकृत शक्तिपुञ्ज वास्तवमा वैदिक सूर्य देवताको रुपमा चिनिन्छ । यो पनि मान्यता छ कि समस्त ज्ञान जगत यसै सूर्यद्वारा उत्पन्न गरियो तथा उसको कारण अस्तित्वमा छ । सूर्य सृष्टिको प्रारम्भदेखि नै उपस्थिति रहयो तथा आदित्यको नामबाट चिनिने भयो ।

सूर्यलाई दुवै हातमा कमलको फूल लिएको, उसका दुवैतिर दण्ड र पिङ्गल नामक दुई अनुचरहरु वा कहिलेकहीं भक्तहरु समेतको मूर्ति कुँदेर सात घोडे रथमा आरोहण भएको अवस्थामा देखाइएको पाइन्छ । नेपाली सूर्य मूर्तिहरुमा कमलको फूल मूर्तिकारले अनिवार्य रुपमा देखाएको पाइन्छ । वास्तवमा नेपाली मूर्तिकारले कमलको फूललाई सूर्यको प्रतीकको रुपमा स्थापित गर्न खोजेको देखिन्छ ।

आकाशको सबै ग्रह मध्ये तेजिलो सूर्यलाई ग्रह राज पनि भनिन्छ । सूर्यले दिन बनाई अन्धकार नाश गर्ने हुनाले यिनी दिवाकर पनि भए । यजुर्वेदले जगतको आत्मा नै सूर्य हो भनेको छ । लिच्छवीकालमा प्रशस्त सूर्यको मूर्ति बने । मानदेवको पालामा गुहच मित्रले बनाएको इन्द्र नाम गरेको सूर्य मूर्तिको वर्णन परेको छ । त्यसै गरी भारतमा पनि गुप्तकालमा व्यापारीहरुले सूर्यका मूर्ति बनाइएका अभिलेख पाइन्छ । पाटन सौगल थपाहिटीको सूर्य मूर्ति र सूर्यहरू मूर्ति ज्यादै महत्व मानिन्छ । पूर्व लिच्छविकालदेखि नै बन्न थालिएको सूर्य मूर्ति आजसम्म पनि बनाईदै छन् । तर हाम्रो सन्दर्भमा कुम्भेश्वर धाराको एउटा विशेष प्रकारको सूर्य मूर्ति देखिएकोले, यस्तो प्रकारको सुर्य मूर्ति पाटनमा मात्रै पाइएकोले यसलाई शुरुदेखि नै विचार गर्नु परेको छ ।

नेपालमा शिव र सूर्यलाई एउटै शिवभाष्करका रुपमा देखाउने प्रचलन रहेको थियो । शिवभाष्कर मूर्तिमा सूर्यको पछाडि उभिएका शिवको त्रिशूल, मातुलिंग, रुद्राक्ष माला र एक हात भने अभय मुद्रामा छ । नेपालीको धार्मिक समन्वय र सौर्य सम्प्रदायको विकास दुवै कुरा सूर्यभाष्कर मूर्तिबाट प्रष्टीन्छ । प्रा.डा. मुकुन्द राज अर्यालका विचारमा यो मूर्ति शिव भाष्करको हो भन्नेमा कुनै शंका छैन । भारतमा समेत यस्तो मूर्तिको अभाव रहेकोले नेपाली कलाकारको मौलिक कलाको रुपमा यो मूर्तिलाई लिन सकिन्छ । शिवलाई इष्ट देवता र सूर्यलाई कुलपुरुष मान्ने परिवारको परिकल्पनाका रुपमा शिवभाष्कर मूर्तिलाई लिन सकिन्छ । यस्तो मूर्तिले त्यस समयको सौर्य सम्प्रदायको विकास र धार्मिक सहिष्णुता दर्शाउँछ । यसर्थ यस्तो मूर्ति धार्मिक ग्रन्थमा आधारित नेपाली भक्ति र कलाको मौलिक अमूल्य निधि हो ।[४१]

श्रीमद्‌भागवतको अष्टम स्कन्दमा सूर्यको रथ वरिपरि अगस्थ प्रमाणका साठी हजार बालखिल्य आदि ऋषिहरुले सामवेद गायन गर्दै रहेका हुन्छन् भन्ने वर्णन अनुसार सामवेद गायन गरेका हजारौं ऋषिहरु पनि देखाइएका छन् । ठिक यसै प्रकारको एउटा मूर्ति चोभारको जलविनायक मन्दिर पनि रहेको छ । कुम्भेश्वर धाराको धेरै मूर्तिहरु मध्ये यो एक महत्वपूर्ण मूर्ति भन्नुमा कुनै शंका छैन ।

वास्तुकलाको संदर्भमा पनि हेर्दा कुम्भेश्वरमा यसको परिसरमा अन्त नपाइएका सूर्यको मूर्ति पाइएका छन् । उदाहरणका लागि सूर्यमुखी झ्याल, जसलाई एस पी देवले The Sun Motive Window भनेको छन् ।[४२] नेपालको धेरै मन्दिर तथा दरवारहरुमा यस्तो झ्याल पाइन्छ । तर कुम्भेश्वर परिसरको झ्याल र सूर्य मूर्तिहरुमा सूर्यको रथ सात घोडाको नभएर १२ घोडाको रहेको छ । द्वार माथिको कलात्मक झ्यालमा १२ घोडाले रथ तानिरहेको मात्र होइन कि यस मन्दिरको नजिकै रहेको कुनु शर्माले कीर्त्तिपताकामा समेत वर्णन गरेको क्वन्ती बही बाहिरको चोकमा १२ घोडाले रथ तानिरहेको सूर्यको प्रस्तरको मूर्ति पनि फेला परेको छ ।

### घण्टाकर्ण

कुम्भेश्वर मन्दिर परिसर बाहिर पश्चिमपट्टि रहेको दुङ्गेधारामा पश्चिममा पूर्व फर्काई यो मूर्ति राखेको छ । वीर शैव सम्प्रदायका प्रवर्तक पाँच आचार्यहरु मध्ये घण्टाकर्ण एक मानिन्छ । यस धारामा श्रीमद्‌भागवतमा एक विष्णु द्रोहीको वर्णन आउँछ । जो विष्णुको नाम सुन्नु पर्ला भनेर



आफनो कानमा घण्टा झुण्ड्याएर हिंड्थ्यो र बस्थ्यो। त्यसले गर्दा अरु कसैले विष्णुको नाम लिएको उनको कानमा नपरोस् भन्ने भावना थियो । विष्णु महिमाको वर्णन गर्ने क्रममा यस्तो विष्णु द्रोही समेत वद्रीकाश्रममा गएर सन्तहरुको कृपाले सत्सङ्गको फलले विष्णु भक्त भएको वर्णन आउँछ ।

यो मूर्तिको बनौट ढुङ्गा र कलात्मक पक्षले ज्यादै पुरानो देखाएकोले पछि चलेको गठे मगंलको कथाको घण्टाकर्णसंग यसलाई जोडन सकिदैन। पछिल्लो गठे मगंलको कथा घण्टाकर्णलाई मारिने घिसार्ने काम च्यांमे पोडेले गर्छन् । त्यसैले यो त लिच्छविकालमै विष्णु भक्तको महिमा वैष्णव मूर्ति दर्शाउन खोजिएको ज्ञात हुन्छ। यो मूर्ति २२x१७ इन्च को छ । यस मूर्तिमा घण्टाकर्णको दायाँ कानमा घण्ट झुण्ड्याएको छ । लौरोलाई बायाँ हातले जमिन छुने गरि टेकेको छ । दायाँ र बायाँ भक्त भक्तिनीले नमस्कार गरी स्तुति गरीरहेको देखाइएको छ । यो मूर्ति पनि ज्यादै खिइएको अवस्थामा छ तर दर्शनीय छ ।

**स्थानक शिव पार्वती**



पद्मकमल पीठको दायाँ बायाँ नन्दी र सिंह बसेका छन् । शिव र पार्वती पद्मकमल पीठमा उभिएको वरिपरि गोलाकार घेरा भित्र ११ वटा शिवलिंग कुदिएको छ । साथै चन्द्र र सूर्य पनि कुदिएको छ । यस मूर्तिमा शिवका तीन हात र पार्वतीका दुई हात रहेका छन्। शिव र पार्वती एक आपसमा अंकमाल गर्दा शिव बायाँ हात र पार्वतीको दायाँ हातको बीचमा खाली स्थान छोडी त्रिशुलको माथि पद्मकमलको पीठ र यसमा गणेश ललितासनमा बसेको देखाइएको छ । शिवको दुईहात मध्ये माथिल्लो हातमा अक्षमाला र तल्लो हात अभय मुद्रामा देखाइएको छ । शिवले सर्पको जनै लगाएका छन् । पार्वतीको बायाँ हात अभय मुद्रामा देखाइएको छ । बाँङ्गडेलका अनुसार यो मूर्ति १७औं शताब्दी तिरको हो । यसको नापो १५X११ इन्च रहेको छ । यस्तो तीन हात मात्र भएको शिवको मूर्ति विरलै देखिन्छ ।

**स्थानक विष्णु (लक्ष्मी र गरुड सहित)**



कुम्भेश्वर धारामा रहेको स्थानक विष्णु (लक्ष्मी र गरुड सहित) को मूर्ति जुन सत्रौं शताब्दीमा बनेको थियो, सन् १९८५ मा चोरी भएको थियो । लैनसिंह बाङ्गदेलको स्टोलन इमेजेज अफ नेपालको प्लेट १६५ पृष्ठ २४९ मा यसको चित्र दिइएको छ ।

विष्णुका दुई हातमा शंख, चक्र छ र समपाद मुद्रामा उभिएको देखिन्छ । यसमा विष्णुले रेशादार देखिने धोती लगाएका छन् । चार तहको पटुका तिघ्रासम्म अगाडिपट्टि लत्रिएको, धोती कम्मरमा पुष्पयुक्त मुजा पारी बाँधिएको र धोतीको मुजा दुवै खुट्टाको बीचबाट पैतालासम्म पुगेको यो मूर्ति निकै आकर्षक छ। कम्मरमा तीन तहको पटुका बाँधेको, नाडीमा बाला र पाखुरामा पनि बेरिएको केयूर लगाएको, घाँटीमा कण्ठ हार, कानमा पुष्प कुण्डल र शिरमा मुकुट लगाएको यो श्रीधर विष्णुको मुखाकृत केही बाटुलो र आंखीभौं उठेको अवस्थामा छन् ।

यो विष्णुको शिरमा लगाइएको मुकुटमा कीर्तिमुख भैरवको आकृति अंकित गरिएको देखिन्छ । श्रीधर विष्णुको बायाँतिर दुई तहको गोलाकार आसनमाथि गरुड दुई हात जोडेर नमस्कारमुद्रामा उभिएका छन् । गरुडको आकृति मानवाकृत छ र पछाडि पखेटा जोडिएका छन् । गरुडको मुकुट जटामुकुट स्वरुपको र माला नागपाशको देखिन्छ । गरुड अन्य स्वरुप विष्णुका स्वरुपसंग मिल्दाजुल्दा छन् । विष्णुको दायाँतिर देहोरो पद्मपीठमा लक्ष्मी उभिएकी छिन् । लक्ष्मीले पनि विष्णु र गरुडको झैं शरीरको तल्लो भागमा

धोती लगाएको छ, तर पटुका बाँधेको देखिदैन । शरीरको माथिल्लो भाग खाली नै रहेको देखाउन कलाकार सफल छन् । उनको कम्मर सानो छ भने दुई वटा हात भएको, एक हातले पद्मपुष्प र अर्को हातले पद्मबीज लिएको कलात्मक रुपको उक्त मूर्ति निकै आकर्षक छ । लक्ष्मीको दुवै हातमा बाला, पाखुरामा केयूर, घाँटीमा कण्ठहार, कानमा कुण्डल र शिरमा मुकुट लगाएको देखिन्छ । विष्णु, लक्ष्मी र गरुड सबैका मुखाकृति मिल्दा जुल्दा छन् ।

**क्वन्ती बहीमा शाक्यमुनि बुद्ध**



कुम्भेश्वर मन्दिरबाट उत्तर पश्चिम लाग्दा निकटमा क्वन्ती बही आउँछ । यहाँ सानो मन्दिरभित्र दूधेढुङ्गामा बनेको शाक्यमुनि बुद्धको मूर्ति रहेको छ । यस प्रकारको मूर्ति नेपाल मै यो एक मात्र हो । यो मूर्तिलाई पूर्व फर्काएर राखेको छ । पद्मकमलको पीठमा **शाक्यमुनि बुद्ध** पद्मासनमा बसेका भावपूर्ण देखिन्छन् । दायाँबायाँ दुइजना भिक्षु स्थानक अवस्थामा छुट्टै ढुंगामा कुँदिएका छन् । बुद्धको शिरमा दैविक ज्ञानको प्रतीक उष्णीष र दुई आँखाको बीचमा दैवीशक्ति बुझाउन उर्ण बनाइएको छ । यस मूर्तिमा चिवर पहिरिएको भए तापनि यसको श्रृंगारात्मक किनाराहरुले यिनको राजकुमार योग्य पहिरनकै अवशेषजस्तो देखिन्छ ।

**सन्दर्भ ग्रन्थसूची**


१. छत्र बहादुर कायस्थ, **कुम्भेश्वरया महिमा,** काठमाण्डौं :सफूधुकु, ने.स.१११३, पृष्ठ ९५

२. डिल्लीरमण रेग्मी - **मिडिएभल हिष्ट्री अफ नेपाल**, भाग २ कलकत्ता : फर्मा के. एल मुखोपाध्याय १९६६ ,पृष्ठ ६०

३. धनवज्र बज्राचार्य- **लिच्छविकालको अभिलेख**, काठमाडौं : सिनास, बि.सं. २०३०, पृष्ठ ३३६-३७

४. लैनसिंह वाङ्देल - **स्टोलेन इमेजेज् अफ नेपाल**, काठमाडौं : रोयल नेपाल एकेडेमी, सन् १९८९ , पृष्ठ ८८

५. **विष्णुधर्मोत्तर पुराण, १०८, ३५-३८**

६. **शिल्परत्न, २२, १५**

७. किन्स्ले डेभिड, **हिन्दू गडेसेस्**, बनारस :मोतीलाल बनारसीदास, सन् १९८७, पृष्ठ १५६

८. मेरी एस श्लसर- **नेपाल मण्डल**, भाग १-२ न्युजर्सी, प्रिन्सटन युनिभर्सिटी, ई.स.१९८२ ,प्लेट्स न.५३४

९. तत्र ब्रह्मा चतुर्वक्त्रा षडभुजा हंससंस्थिता । पिङ्गलाभूषणोपेता मृगचर्मेत्तरीयका ॥
वरं सूत्रं श्रुवं धत्ते दक्षबाहुत्रये कमात् । वामो तु पुस्तकं कुण्डी विभ्रती चाभयप्रदा ॥ **विष्णुधर्मोत्तर पुराण, ११९-२८-३३**

१०. ब्रह्मा कमण्डुधरः कर्तव्यः स चतुर्मुखः ।
हंसारुढ : क्वचित कार्यः क्वचिच्च कमालासनः ॥
कमण्डलुं वामकरे श्रुवं हस्ते च दक्षिणे ।
वामे दण्डधरं तद्वत्स्त्रुवश्चापि प्रदर्शयेत ॥
**मत्स्यपुराण, २४९, ११-१४**

११. हंसारुढा प्रकर्त्तव्या साक्षसूत्रं कमण्डलुः ।
श्रुवं च पुस्तकं धत्ते उर्ध्वहस्तद्वये शुभा ॥ **रुपमण्डन, ५, ६३**

१२. तत्र ब्राह्मी चर्तुवक्त्र षडभुजा हस संस्थिता ।
पिङ्गाभा भूषणोपेता मृगचर्मोत्तरीयका ॥
वरं सूत्रं श्रुवं धत्ते दक्षवाहूत्रये कमात् ।
वामे तु पुस्तकं कुण्डी विभ्रती चाभयङ्करम् ॥
**श्रीतत्वनिधि ४३, १-२**

१३. माहेश्वरी वृषभारुढा पञ्चवक्त्रा त्रिलोचन ।
शक्लेन्दुभज्जटाजूटा शुक्लासर्वसुखप्रदा ॥
षड्भुजावरदा दक्षे सूत्रं डमरुकं तथा ॥
**विष्णुधर्मोत्तर पुराण, ११९, ५६-५७**

१४. माहेश्वरी वृषभारुढा पञ्चवक्त्रा त्रिलोचन ।
श्वेतवर्णा दशभूजा चन्द्रभुजा चन्द्ररेखा विभूषिता ॥
खडग वज्र त्रिशूलञ्च परशुञ्चाभयंवरम् ।
पाश घण्टा तथा नामङ्कुशं विभ्रती करैः ॥
**श्रीतत्वनिधि ४४, १-२**

१५. माहेश्वरी प्रकर्त्तव्या वृषभासन संस्थिता ॥
कपालशूलखटवाङ्ग वरहस्ता चर्तुभुजा ॥ **रुपमण्डन, ५, ६४**

१६. शूलाभयाकरा सव्ये, वामे वरद संयुक्ता ।
जयमाला समायुक्ता जटामुकुट संयुक्ता ॥
त्रिनेत्रा शुक्लवर्णा च शूलपाणिर्वृषध्वजा ॥ **अंशुमद्भेदागम्**

१७. वैष्णवी तार्क्ष्यता श्यामा षड्भूजा वनमालिनी ।
वरदा गदिनी दक्षे विभ्रती चाम्बुजस्त्रजम् ॥
शङ्खचकाभयान्वामे साचेयं विलसद्भूजा ॥
**विष्णुधर्मोत्तर पुराण, ११९, ५५**

१८. ससिद्धा वैष्णवी कार्या शङ्खचक्रगदाम्वुजा ।
वनमाला कृतापीडा पीतवस्त्र सुशोभितं ॥
**देवीपुराण, ८, १८-१९**

१९. वैष्णवी विष्णु सदृशी गरुडोपरि संस्थिता ।
चतुर्बाहश्च वरदा शङ्खचक्रगदाधरा ॥ **रुपमण्डन, ५, ६६**

२०. पद्मपत्र विशालाक्षी श्यामवर्णा महाबला ।
शङ्खचक्रगदापद्मधरबाहू चतुष्टयी ॥ **पूर्वकर्णागम**

२१. कृष्ण वर्णा तु वाराही सूकरास्या महोदरी ।
वरदा दाण्डिनी खड्गं बिभ्रती दक्षिणे सदा ॥
**विष्णुधर्मोत्तर पुराण, १२२, १७**

२२. वाराहीं तु प्रवक्ष्यामी महिषोपरिसंस्थिताम् । वाराहसदृशी घण्टानादा चामधारिणी ॥
गदाचक्रधरा तद्वद्दानवेन्द्रविधातिनी । लोकानाञ्च हितार्थाय सर्वव्याधि विनाशिनी ॥ **रुपमण्डन, ५, ६७-६८**

२३. हल्वं च वरदं सव्ये वामे अभयशक्तिके । कल्पद्रमं समाश्रित्य गजध्वज सवाहिनीम ॥ **अंशुमद्भेदाम**

२४ सव्येद्रभयं हलं चैव मूसलं वरमन्यके । वराहवक्त्री वाराही यमभूषणभूषणी ॥ **पूर्वकर्णागम्**

२५. विष्णुधर्मोत्तरपुराण १२२, १५

२६. वृहत्संहिता ५७, ५, ४२

२७. इन्द्रो वज्री गजारुढ । अग्निपुराण ५१, १४

२८. इन्द्राणी स्त्चिन्द्र सदृशी वज्रशूल गदाधरा । गजासन गता देवी लोचननैर्बहुभिवृता ॥**रुपमण्डन, ५, ६९**

२९. चतुर्भुजा त्रिनेत्रा च रक्तवर्णा किरीटिनी । शक्तिवज्र धरा चैव वरदाभयपाणिनी ॥
सर्वाभरण सयुक्ता गजध्वजसंवाहिनी । इन्द्राणी चेति विख्याता कल्पद्रुमसमाश्रिता ॥ **अंशुमद्भेदागम्**

३०. कौमारी रक्तवर्णा स्यात् षड्वक्त्रा सार्कलोचना । रविबाहूर्मयूरस्था वरदा शक्तिधारिणी ॥
पताका बिभ्रती दण्डं पात्रं बाणं च दक्षिणे । परशु बिभ्रती तीक्ष्णं तद्धस्त्वमयान्विता ॥ **विष्णुधर्मोत्तर पुराण,**

३१. कुमारुपा कौमारी मयूर वाहना । रक्त वस्त्रधरा पद्मच्छुलशक्ति गदा धरा ॥ **रुपमण्डन, ५, ५६**

३२. उद्धरण (**पाद टिप्पणी नं ६**), पृष्ठ १४७

३३. चामुण्डा प्रेतगा रक्ता विकृतास्याहिभूषणा । दंष्ट्रोग्रो क्षीणदेहा च गर्ताक्षी भीमरुपिणी ॥
दिग्बाहू क्षामकुक्षिश्च मसलं कवचं शरम् । अङ्कुशं बिभ्रती खड्गं दक्षिणेष्वथ वामातः ॥
खेटं पाशं धनुर्दण्डं कुठारं चेति बिभ्रती ॥
**विष्णुधर्मोत्तर पुराण, १२३, ८-१०**

३४. चामुण्डा प्रेतता रक्ता विकृतास्याहिभूषणा ।
द्विभूजा वा प्रकर्तव्या कार्तिका कार्यन्विता ॥**रुपमण्डन, ५, ७२**

३५. चतुर्भूजा त्रिनेत्राः च रक्तवर्णोर्ध्वकेशिका ।
कपालशूलहस्ता च वरदाभयपाणिनी ॥ **अंशुमद्भेदागम् ।**

३६. पृथक्चतुर्भुजा कार्या देवी सिंहासने शुभे ॥
सिंहासनेऽस्या कर्त्तव्यं कमलं चारुकर्णिकम् ।
अष्टपत्रं महाभागं कर्णिकायां तु संस्थितो ॥
विनायक वदासीना देवी कार्या महाभुज ।
वृहन्नालं करे कार्ये तस्याश्च कमलं शुभम् ॥
दक्षिणे यादवश्रेष्ठ केयूरप्रान्तसंस्थितम् ।
वामेद्रमृतघटः कार्यस्तथा राजन्मनोहरः ॥
तथैवान्यौ करौ कार्यो बिल्वशङ्खधरौ नृप ।
आवर्जित घटं कार्ये तत्पृष्ठे कुञ्जरद्वयम् ॥
देव्याश्च मस्तके पद्म तथा कार्य मनोहरम् ॥
**–विष्णुधर्मोत्तरपुराण, ८२, ३-८**

३७. चक्रशङ्खधरा सव्ये वामे लक्ष्मीर्गदाब्जधृक ॥
**–अग्निपुराण, ५०, २०**

३८. टी. ए. गोपिनाथ राव, **इलिमेन्ट अफ हिन्दू आइकोनोग्राफी**, भाग २, न्यूयोर्क: प्यारागन बुक हाउस, १९६८,पृष्ठ १७७ ३७. वृहत्संहिता, ५८,३०

३९. वृहत्संहिता, ५८,३०

४०. रामश्चापी शरी खड्गी शंखी वा द्विभुजः स्मृतः
–अग्निपुराण, ४९,६

४१. रामो दाशरथिः कार्यो राजलक्षण लक्षितःभरतो लक्ष्मणश्चैव शत्रुघ्नश्च महायशाः। तथैव सर्वे कर्तव्याः किन्तु मौलिविवर्जिताः॥
–विष्णुधर्मोत्तरपुराण, ३, ८५, ६२–६३

४२. पूर्ववत् (पाद टिप्पणी नं ३८)

४३. पूर्ववत् (पाद टिप्पणी नं ३८), पृष्ठ ५३३

४४. एन.एन.भट्टाचार्य, **हिष्ट्री आफ दी तान्त्रिक रिलिजन**, नयाँ दिल्ली : मनोहर पब्लिशर एण्ड ड्रिष्ट्रिब्यूटर, सन् १९९९, पृष्ठ ३२०

४५. मोहन प्रसाद खनाल, **नेपाली कला**, काठमाडौं :साझा प्रकाशन, वि.स.२०५२, पृष्ठ १७७

४६. पूर्ववत् (पाद टिप्पणी नं ४), पृष्ठ २२

४७. वृजभुषण श्रीवास्तव, **प्राचीन भारतीय प्रतिमा-विज्ञान एवं मूर्ति-कला**, दिल्ली :विश्वविद्यालय प्रकाशन, चौथों संस्करण, ई.स.२००७, पृष्ठ ५३३

४८. **पूर्ववत्**

४९. मुकुन्द अर्याल,**"मृत्युञ्जय :ए नोभेल थीम ईन नेपालीज आर्ट"**, नेपालीजकल्चर, भो.३ सं.३, काठमाडौं :ने.ई.सं.पु.वि.- त्रि.वि.वि.,१९८३–८४,पृष्ठ ३२

५०. धनशम्शेर. ज.व.रा., **बृहत् पुरश्चचर्यार्णव,** प्रथम भाग, काठमाडौं : म.वि.वि.शाह, वि.सं. २०२५, द्वि.ख. पृष्टाङ्ग - ४५५ पंती -८

५१. मुकुन्द अर्याल, **"द डेभल्भमेन्ट अफ सोलारकल्ट एण्ड शिवभाष्कर ईन नेपाल"**, नेपालीजकल्चर, भो. १, काठमाडौं : ने.ई.सं.पु.वि.- त्रि.वि.वि., वि.सं. २०३६, पृष्ठ ३४

५२. एस.वी. देव- **ग्लिम्पस् अफ नेपाल उडवर्क**, कलकत्ता :जर्नल अफ द इन्डियन सोसाइटी अफ ओरियन्टल आर्ट्स, भोलम III, १९३५ , पृष्ठ २९-३०

# ABOUT THE AUTHORS


| | | |
|---|---|---|
| Dr. Shaphalya Amatya | – | Ex- Director General<br>DoA<br>Chhauni, Kathmandu |
| Dr. Bhabiswor Pangeni | – | Research Scholar,<br>T.U. Department of History<br>Kirtipur, Kathmandu |
| Dr. Sabitri Mainali | – | Associate Professor<br>T.U. Department of NeHCA<br>Kirtipur, Kathmandu |
| Hari Ram Joshi | – | Research Scholar<br>Manbhawan, Lalitpur |
| Shyam Sunder Rajbamshi | – | Epigraphy Officer<br>DoA |
| Rajendra Lal Shrestha | – | Research Scholar<br>Dallu, Kathmandu |